सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ असार २०८३, मंगलबार (16 June 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ६४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



समायोजनमै अल्झियो नेकपा



तत्कालीन माओवादी, एकीकृत समाजवादीसहित २७ दल-घटकबिच एकता भएको साढे सात महिना पुग्यो, तर नेतृत्व चयनका विषयमा देखिएको असहमति र ढिलासुस्तीले समायोजन प्रक्रिया अझै अधुरै

(विस्तृत पृष्ठ ३)

अमेरिका र इरान युद्ध अन्त्य गर्न सहमत



शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर आगामी शुक्रबार स्विट्जरल्यान्डमा हुने

३० दिनभित्र हर्मुज जलमार्ग पुनः खुल्ने

(विस्तृत पृष्ठ ५)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

विद्यालय छात्रवृत्ति व्यवस्थित गर्न सके दुई लाख ६५ हजार विद्यार्थीले पाउँछन् नि:शुल्क पढ्न

सरकारकै कारण पूर्ण कार्यान्वयन हुन सकेको छैन छात्रवृत्ति कार्यक्रम, आफैंले बनाएको मापदण्ड पालना गर्दैनन् निजी विद्यालय



● **भक्त गोदार**, निर्देशक, शिक्षा तथा मानवस्रोत विकास केन्द्र

हामीले त माथिल्लो तहबाट नीतिगत सहयोग गर्ने हो, छात्रवृत्ति छनोट गर्नेदेखि शुल्क निर्धारण गर्नेसम्मको जिम्मा स्थानीय सरकारको हो। इमिस (विवरण राख्ने सफ्टवेयर)मा अधिकांश पालिका र विद्यालयले छात्रवृत्ति दिएको भनेर तथ्यांक राखेका छैनन्, यसमा कमजोरी पालिकाहरूकै हो। देशभरका निजी विद्यालयमा १० प्रतिशतलाई मात्रै छात्रवृत्ति दिलाउने हो भने पनि दुई लाख ६५ हजार ७२३ विद्यार्थीले नि:शुल्क पढ्न पाउने देखिन्छ।



● **विद्यानाथ कोइराला**, शिक्षाविद्

छात्रवृत्तिप्रति निजी विद्यालय त्यति खुसी देखिँदैनन्, तर कानुनले गरेको व्यवस्था लागू गराउनुपर्छ। तर, विद्यालय छात्रवृत्ति दिन योग्य र सक्षम छन् कि छैनन् भन्ने पनि होला। निजी विद्यालयले व्यवहारमा के गर्छन् र सरकारले लागू गराउन सक्छ कि सक्दैन भन्ने मुख्य कुरा हो।

शिवहरि घिमिरे/नयाँ पत्रिका

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ ले स्पष्ट भनेको छ- पाँच सयसम्म विद्यार्थी भएका निजी विद्यालयले १० प्रतिशत, पाँच सयदेखि आठ सयसम्म विद्यार्थी भएकाले १२ प्रतिशत र आठ सयभन्दा बढी विद्यार्थी रहेका निजी विद्यालयले १५ प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्छ। विपन्न, असहाय, दलित, जेहेनदार र अपांगता भएका विद्यार्थीलाई उक्त छात्रवृत्ति दिनुपर्ने ऐनमा व्यवस्था छ। ऐनले भनेअनुसार विद्यालय छात्रवृत्ति व्यवस्थित गर्न सके देशभर साढे दुई लाखभन्दा बढी विद्यार्थीले नि:शुल्क पढ्न पाउने आँकडा शिक्षा तथा मानवस्रोत

» पृष्ठ २ मा क्रमशः



■ यी हुन् छात्रवृत्तिमा लक्षित समूह

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ अनुसार छात्रवृत्ति प्रदान गर्दा सबैलाई समेट्नुपर्छ। दलित, अल्पसंख्यक तथा लोपोन्मुख जाति वा समुदाय, सहिद तथा द्वन्द्वपीडितका सन्तान, जेहेनदार, विपन्न र अपांगता भएका बालबालिकालाई छात्रवृत्ति दिनुपर्छ। यसबाहेक अन्य वर्गलाई छात्रवृत्ति दिनैपर्ने भएमा पालिकाले बनाउने कार्यविधिमा समेट्न सक्छन्। काठमाडौं महानगरपालिकाले ल्यान्डफिल्ड साइट प्रभावितलाई पनि छात्रवृत्तिको कोटा छुट्याउँदै आएको छ। छात्रवृत्ति सिफारिसका लागि पालिका, सम्बन्धित विद्यालय, अभिभावक प्रतिनिधि, पालिकाका प्रतिनिधिसहितको समिति बनाउन सकिने र विद्यार्थीको क्षमता, मूल्यांकनका आधारमा छात्रवृत्ति दिन सकिने अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनमा उल्लेख छ। यसलाई व्यवस्थित गर्न कतिपय पालिकाहरूले परीक्षा नै लिएर छात्रवृत्ति दिँदै आएका छन्। छात्रवृत्ति पारदर्शी र लक्षित समूहमा समेत पुग्ने गरेको छ। यसअघि मधेशका जिल्लामा छोरीहरूलाई विद्यालय भर्ना गराउन र बिचमै पढाइ छाड्ने दर घटाउन विभिन्न स्थानीय तह तथा केन्द्र सरकारबाट विशेष छात्रवृत्ति उपलब्ध गराइने भए पनि हाल रोकिएको छ।

छात्रवृत्ति कार्यक्रम कार्यान्वयन गराउन नगरपालिका संघको निर्देशन



भीमप्रसाद ढुंगाना

नगरपालिका संघले हाल सबै पालिकाहरूलाई संघीय कानुनअनुसार नै छात्रवृत्ति कार्यक्रम लागू गराउन निर्देशन दिएको छ। तर, सबैमा लागू हुन नसकेको संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले बताए। 'कतिपय पालिकाहरूले आ-आफ्ना कानुन बनाएर छात्रवृत्ति दिएका छन्, कतिपयमा लागू हुन सकेको छैन,' उनले भने, 'हामीले तोकिएको छात्रवृत्ति दिनैपर्छ भनेर निजी विद्यालयहरूलाई भनिरहेका छौं, विद्यालयसँग सूची पनि माग गरिरहेका छौं, ऐनमा व्यवस्था भएअनुसार छात्रवृत्ति कार्यक्रम पालिकाहरूले लागू गराउनुपर्छ।'

■ आफैंले बनाएको मापदण्ड पालना गर्दैनन् निजी विद्यालय

भन्छन्- पूर्ण छात्रवृत्ति दिन सकिँदैन

संस्थागत (निजी) विद्यालयकै सहभागितामा संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०६९ जारी भयो। उक्त मापदण्डमा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी जेहेनदार विपन्न, अपांग, महिला, दलित, जनजाति आदि विद्यार्थीलाई दिनुपर्ने व्यवस्था छ। सो मापदण्ड शिक्षा मन्त्रालयले निजी विद्यालयको सहभागितामा निर्माण गरिदिएको थियो। तर, निजी विद्यालयले आफैं सहभागी भएर बनाएको मापदण्ड पालना गर्न अटेरी गरिरहेका छन्।

शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिनाअगावै शिक्षा विभागले १०% छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थी/अभिभावकले सम्बन्धित विद्यालयमा दरखास्त पेस गर्न २५ दिनको म्याद दिनुपर्ने मापदण्ड छ। हिमाली जिल्लाको सन्दर्भमा अध्ययनरत विद्यार्थीबाटै उल्लेखित आधारमा आवश्यक प्रक्रिया पुऱ्याई छात्रवृत्ति प्रदान गर्नुपर्ने उल्लेख छ।

तर, निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का निवर्तमान अध्यक्ष डिके ढुंगानाले पूर्ण छात्रवृत्ति लागू गर्न नसकिने बताए। 'हामीले छात्रवृत्ति दिएका छौं, तर पूर्ण नि:शुल्क गर्न सकिँदैन। छात्रवृत्तिभित्रका सीमित विद्यार्थीलाई पूर्ण नि:शुल्क पनि होला, तर १० प्रतिशतमा पर्ने सबैलाई पूर्ण नि:शुल्क गर्न सकिँदैन,' उनले भने, 'विद्यार्थी बोक्न गाडी जान्छ, खाद्यान्न जोडिन्छन्, ट्युसन जोडिन्छ, यो त विद्यार्थीले बुझ्नुपर्छ। छात्रवृत्तिमा पढ्ने १० प्रतिशतको भर्ना, वार्षिक र मासिक शुल्क भने छात्रवृत्तिमा समेटिएको छ।' तर, सरकारले तोकेको छात्रवृत्तिले भने विद्यालयले तोक्ने कुनै पनि शुल्क तिर्नु नपर्ने व्यवस्था गरेको छ।

डिके ढुंगाना

■ गिरीबन्धुको फैसला साढे दुई वर्षसम्म भएन कार्यान्वयन

सर्वोच्चको फेरि ताकेता

नवराज मैनाली/नयाँ पत्रिका

पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली जोडिएको गिरीबन्धु टी-इस्टेटसम्बन्धी मुद्दाको फैसला साढे दुई वर्षसम्म पनि कार्यान्वयन नभएपछि सर्वोच्च अदालतले फेरि ताकेता गरेको छ।

सो टी-इस्टेटलाई हदबन्दीभन्दा धेरै जग्गा सट्टापट्टा गर्न दिने तत्कालीन प्रधानमन्त्री ओलीको निर्णयविरुद्ध परेको रिटमा सर्वोच्चले २४ माघ ०८० मा फैसला दिँदै सर्तबमोजिम जग्गा प्रयोग नभएको अवस्थामा जफत गर्न भनेको थियो। चियाखेती नभएको जग्गासमेत जफत गर्नुपर्ने फैसला गरेकोमा कार्यान्वयन नभएपछि सर्वोच्चले फेरि ताकेता गरेको हो।

» पृष्ठ २ मा क्रमशः



■ छानबिन गर्न पूर्वमन्त्री अर्यालको चुनौती



पूर्वभूमि व्यवस्थामन्त्री तथा एमाले सांसद पद्मा अर्यालले गिरीबन्धु टी-इस्टेटको छानबिन गर्न सरकारलाई चुनौती दिएकी छिन्। सोमबार संसद्मा बोल्दै उनले भनिन्, 'टी-इस्टेटको फाइल एक नम्बरमा खोलियोस्, त्यसपछि विपक्षीसँग जोडिएका ओम्नी हुन् कि वाइडबडी हुन् कि के-के फाइल तपाईंहरूको हातमा छ, सरकारलाई म भन्न चाहन्छु, यो सदनमार्फत, त्यो खोलियोस्। साँचो कुरा के हुन् बाहिर ल्याइयोस्।'

■ बेइजिङमा नेपाल-चीन परराष्ट्रमन्त्रीस्तरीय वार्ता

लिपुलेकदेखि पोखरा विमानस्थल, सुरक्षा, विकास र रणनीतिक साझेदारीसम्म विस्तृत छलफल

चीनका सुरक्षा चासो सम्बोधन गर्न नेपाल प्रतिबद्ध, नेपालको विकास प्राथमिकतामा सहयोग गर्न चीन तयार

● **भेटपछि परराष्ट्रमन्त्री शिशिर खनालले बेइजिङबाट टेलिफोनमा भने-**


चिनियाँ समकक्षीसँग मेरो पहिलो औपचारिक भेटवार्ता असाध्यै सौहार्दपूर्ण भयो। दुई देशबिचका सबै विषयमा हामीले खुला रूपमा छलफल गर्‍यौं। हाम्रो छलफलले दुई देशको सम्बन्ध थप सुदृढ र सुमधुर भएको छ भन्ने विश्वास छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

परराष्ट्रमन्त्री शिशिर खनाल र चिनियाँ विदेशमन्त्री वाङ यीबिच सोमबार बेइजिङमा द्विपक्षीय औपचारिक वार्ता भएको छ। नेपालमा पछिल्लो निर्वाचनपछि गठित सरकार र चीन सरकारबिचको यो पहिलो उच्चस्तरीय राजनीतिक संवाद हो।

वार्तामा सुरक्षा, विकास, पूर्वाधार, कनेक्टिभिटी,

» पृष्ठ २ मा क्रमशः



चिनियाँ कम्युनिस्ट पार्टीका नेतासँग पनि परराष्ट्रमन्त्रीको भेटवार्ता

चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभाग प्रमुख (मन्त्री) लिउ हाइसिङसँगको भेटमा परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल सरकारका तर्फबाट एक चीन सिद्धान्तमा प्रतिबद्धता दोहोऱ्याएका छन्। परराष्ट्रमन्त्री खनाल र सिपिसी अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउबिच राष्ट्रिय स्वतन्त्र पार्टी र चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)बिच सम्बन्ध विस्तारबारे पनि छलफल भएको छ।

सिपिसीको अन्तर्राष्ट्रिय विभागका अनुसार परराष्ट्रमन्त्री खनालले नेपाल र चीनले सधैं एक-अर्काको सम्मान गर्दै समानताको व्यवहार गरेको र पञ्चशीलका आधारमा

» पृष्ठ २ मा क्रमशः

विश्वकपको उत्साहसँगै ठगीको जालमा सर्वसाधारण

विश्वकप फुटबल सुरु भएको बल्ल चार दिन भयो, साइबर ठगी चलेको भने महिना दिन भइसक्यो, करोडौं गुमाएको भन्दै साइबर ब्युरोमा सयभन्दा धेरै उजुरी

टेकराज थामी/नयाँ पत्रिका

विश्वकै ध्यान तान्ने फिफा विश्वकप फुटबल सुरु भएको चार दिन मात्रै भएको छ। तर, फुटबलको उत्साहमा अनलाइन जाल थापेर ठगी गर्ने धन्दा चलेको भने महिना दिन भइसक्यो। विश्वकप फुटबल नि:शुल्क हेर्न पाइने प्रलोभनमा परेर सयभन्दा बढी नेपालीले साढे दुई करोडभन्दा धेरै गुमाइसकेका छन्।

नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार ठगीमा सक्रिय गिरोहले फुटबल नि:शुल्क हेर्न सकिने प्रलोभनमा नेपालीलाई फसाएका छन्। अहिलेसम्म ब्युरोमा सयवटा जाहेरी परेको र दुई करोड ६८ लाख रुपैयाँ गुमाएको जाहेरीमा उल्लेख रहेको ब्युरो प्रवक्ता एसपी दिलीपकुमार गिरीले बताए।

'विश्वकप फुटबल सुरु भएको चार दिन मात्रै भएको छ। तर, फुटबल नि:शुल्क हेर्न पाइने भन्दै प्रलोभनमा पारेर ठगी सुरु भएको एक महिना भइसकेको रहेछ,' उनले भने, 'यसरी ठगिएको भनेर पहिलो जाहेरी ६ जेठमै परेको थियो। हालसम्म



● साइबर ब्युरोका प्रवक्ता एसपी दिलीपकुमार गिरी भन्छन्-

विश्वकप फुटबल नि:शुल्क हेर्न पाइने भन्दै प्रलोभनमा पारेर ठगिएको भनेर पहिलो जाहेरी ६ जेठमै परेको थियो। हालसम्म ब्युरोमा मात्रै सयवटा जाहेरी दर्ता भएका छन्, जसमा दुई करोड ६८ लाख गुमाएको भनिएको छ। ठगीको क्रम बढ्दो छ, प्रहरी घटनाको अनुसन्धानमा जुटिसकेको छ।'



आजभोलि विश्वकप फुटबल नि:शुल्क हेर्न सकिने भन्दै मोबाइलको स्क्रिनमा एन्ड्रोयड इन्स्टलर (एपिके) नामको एप देखिन्छ। जसलाई तुरुन्तै डाउनलोड गर्न निर्देशन आउँछ। एप डाउनलोड गरेलगत्तै पर्मिसन अलो गर्न निर्देश हुन्छ। एकपटक अलो गर्दैमा पर्मिसन अप्सन रोकिँदैन। उक्त बटन स्क्रिनमा एकपछि अर्को देखा पर्दै जान्छ। नि:शुल्क फुटबल हेर्न पाइने प्रलोभनमा फसिसकेकाहरू सबै पर्मिसनलाई अलो गर्दै जान्छन्। त्यतिवेलासम्म उसको मोबाइलमा रहेको बैंकिङ एप ह्याक भइसक्छ। जब बैंकको खाताबाट रकम ट्रान्सफर भएको नोटिफिकेसन मोबाइलमा बज्न थाल्छ, तब मात्रै ठगिएको भेउ पाउँछन्।

ह्याक गरेको रकम जम्मा गर्न नेपाली नागरिककै बैंक खाता प्रयोग भएको ब्युरो प्रवक्ता एसपी गिरीले बताए। 'मोबाइलमै ब्युरोमा मात्रै सयवटा जाहेरी दर्ता भएका छन्, जसमा दुई करोड ६८ लाख गुमाएको भनिएको छ। ठगीको क्रम बढ्दो छ, प्रहरी घटनाको अनुसन्धानमा जुटिसकेको छ।'

आजभोलि विश्वकप फुटबल नि:शुल्क हेर्न सकिने भन्दै मोबाइलको स्क्रिनमा एन्ड्रोयड इन्स्टलर (एपिके) नामको एप देखिन्छ। जसलाई तुरुन्तै डाउनलोड गर्न निर्देशन आउँछ। एप डाउनलोड गरेलगत्तै पर्मिसन अलो गर्न निर्देश हुन्छ। एकपटक अलो गर्दैमा पर्मिसन अप्सन रोकिँदैन। उक्त बटन स्क्रिनमा एकपछि अर्को देखा पर्दै जान्छ। नि:शुल्क फुटबल हेर्न पाइने प्रलोभनमा फसिसकेकाहरू सबै पर्मिसनलाई अलो गर्दै जान्छन्। त्यतिवेलासम्म उसको मोबाइलमा रहेको बैंकिङ एप ह्याक भइसक्छ। जब बैंकको खाताबाट रकम ट्रान्सफर भएको नोटिफिकेसन मोबाइलमा बज्न थाल्छ, तब मात्रै ठगिएको भेउ पाउँछन्।

ह्याक गरेको रकम जम्मा गर्न नेपाली नागरिकको बैंक खाता प्रयोग भएको ब्युरो प्रवक्ता एसपी गिरीले बताए। 'मोबाइलमै निःशुल्क फुटबल देखाइदिने प्रलोभनमा विभिन्न एप्स डाउनलोड गर्न लगाउँछन्। सोही एप्स प्रयोग गरी ह्याकरले बैंकिङ एप ह्याक गर्छ र रकम अर्को खातामा ट्रान्सफर गर्छ। यो प्रयोजनमा नेपाली नागरिककै बैंक खाता प्रयोग भएको देखिन्छ। यसका लागि विभिन्न लेयर भएर रकम ट्रान्सफर भएका छन्। अन्तिममा सबै रकम नेपाली नागरिककै एउटै बैंक खातामा गएर जम्मा भएका छन्,' उनले भने, 'घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको छ, केही दिनमै नयाँ तथ्य सार्वजनिक हुनेछ।'

विश्वकप फुटबलमा स्क्यामर र ह्याकर मात्र नभई सट्टेबाजसमेत सक्रिय रहेको सूचनापछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका टोली पनि सक्रिय भएका छन्। तर, हालसम्म जाहेरी भने दर्ता नभएको कार्यालय प्रमुख एसएसपी सन्तोष खड्काले बताए। सर्वसाधारणलाई सचेत गराउन ब्युरोले सोमबार सूचना नै सार्वजनिक गरेर यसबारे जानकारी गराएको छ।

अघि बढाइँदै नेपाल र सशस्त्र प्रहरीको विधेयक



● **गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले भन्छन्-**

दुवै सुरक्षा निकायले पहिला पेस भएको विधेयकमा थप परिमार्जनका लागि अध्ययन गराएका छन्। अध्ययन प्रतिवेदनका आधारमा क्रमशः छलफल अघि बढ्छ।

नयाँ पत्रिका

गृह मन्त्रालयले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको विधेयकलाई एकैसाथ अघि बढाउने भएको छ। यसअघि संसद् पुगेर फर्किएका दुवै प्रहरी विधेयक सामान्य परिमार्जन गरी प्रारम्भिक छलफल गर्न लागिएको हो।

विधेयक परिमार्जनका लागि दुवै प्रहरीले समिति गठन गरेका थिए। दुवै समितिले आफ्ना महानिरीक्षकलाई प्रतिवेदन बुझाइसकेका छन्। नेपाल प्रहरीले एआइजी राजन अधिकारी तथा सशस्त्र प्रहरीले वंशी दाहालको अध्यक्षतामा यस्तो समिति गठन गरेका थिए। विगतको विधेयकमा रहेका केही प्रावधान हेरफेर गर्न समितिले सिफारिस गरेका छन्।

दुवै प्रहरीको विधेयकमा यही साता गृहमा प्रारम्भिक छलफल गर्ने तयारी छ। परिचालन तथा सेवा-सुविधाका विषयमा एकरूपता होस् र कार्यक्षेत्रमा दोहोरोपन नपरोस् भनेर विधेयकलाई सँगै अघि बढाउन लागिएको गृह मन्त्रालयका

» पृष्ठ २ मा क्रमशः

लिपुलेकदेखि...

पृष्ठ १ बाट क्रमशः

व्यापार, लगानी, ऊर्जा, सीमा व्यवस्थापन, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि, डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषणलगायत विषयमा विस्तृत छलफल भएको दुवै पक्षले जनाएका छन्। करिब पौने दुई घण्टा औपचारिक वार्ता तथा त्यसपछिको रात्रिभोजसहित दुई विदेशमन्त्रीबिच झन्डै साढे तीन घण्टा विभिन्न विषयमा छलफल भएको थियो।

वार्ताका क्रममा परराष्ट्रमन्त्री खनालले लिपुलेक हुँदै भारत-चीनबिच तीर्थयात्री आवतजावत तथा व्यापार सञ्चालनसम्बन्धी हालैको निर्णयप्रति नेपालको असहमति दोहोऱ्याएका थिए। उनले यस विषयमा नेपालले भारत र चीन दुवैलाई पठाएको कूटनीतिक नोटबारे चिनियाँ पक्षलाई स्मरण गराएको वार्तामा सहभागी एक अधिकारीले बताए।

ती अधिकारीका अनुसार चिनियाँ विदेशमन्त्री वाङले उक्त विषय नेपाल र भारतबिचको सीमासम्बन्धी मुद्दा भएकाले कूटनीतिक संवादमार्फत समाधान खोजिनुपर्ने धारणा व्यक्त गरेका थिए। उनले 'लिपुलेक विषय चीन र नेपालबिचको नभई नेपाल र भारतबिचको द्विपक्षीय विषय हो' भन्ने आशय राखेका थिए।

त्यसैगरी, चिनियाँ पक्षले चिनियाँ ऋण तथा अनुदान सहयोगमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसँग सम्बन्धित भ्रष्टाचार अनुसन्धानप्रति पनि चासो व्यक्त गरेको थियो। जवाफमा परराष्ट्रमन्त्री खनालले उक्त विषय सरकारको नभई न्यायिक प्रक्रियासँग सम्बन्धित भएकाले निष्पक्ष अनुसन्धान र न्यायिक प्रक्रियामा विश्वास गर्न आग्रह गरेका थिए।

परराष्ट्रमन्त्री खनालले नेपाल-चीन सम्बन्धलाई नयाँ सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै आर्थिक साझेदारी, लगानी र पूर्वाधार विकासमा सहकार्य विस्तार गर्न जोड दिएका थिए। चिनियाँ विदेश मन्त्रालयका अनुसार विदेशमन्त्री वाङले नेपाललाई चीनको छिमेकी कूटनीतिमा विशेष महत्त्व प्राप्त मुलुकका रूपमा व्याख्या गर्दै परम्परागत मित्रता, राजनीतिक विश्वास र रणनीतिक सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउन चीन इच्छुक रहेको बताएका थिए।

परराष्ट्रमन्त्री खनालले भेटमा खुला र सबै विषयमा सौहार्दपूर्ण छलफल बताए। 'चिनियाँ समकक्षीसँग मेरो पहिलो औपचारिक भेटवार्ता असाध्यै सौहार्दपूर्ण भयो। दुई देशबिचका सबै विषयमा हामीले खुला रूपमा छलफल गऱ्यौँ,' परराष्ट्रमन्त्री खनालले बेइजिङबाट टेलिफोनमा भने, 'हाम्रो छलफलले दुई देशको सम्बन्ध थप सुदृढ र सुमधुर भएको छ भन्ने विश्वास छ।'

वार्तापछि बेइजिङस्थित नेपाली दूतावासले जारी गरेको विज्ञप्तिअनुसार नेपालले 'एक चीन नीति'प्रतिको आफ्नो प्रतिबद्धता पुनः दोहोऱ्याउँदै नेपाली भूमि चीनविरुद्ध कुनै पनि गतिविधिका लागि प्रयोग हुन नदिने स्पष्ट गरेको छ। प्रत्युत्तरमा चिनियाँ पक्षले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वतन्त्रताप्रति आफ्नो समर्थन दोहोऱ्याउँदै सुशासन, आर्थिक वृद्धि तथा विकासका क्षेत्रमा नेपाल सरकारका प्राथमिकतालाई सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।

बेइजिङस्थित नेपाली राजदूतावासले दुई प्रतिनिधिमण्डलबिच मित्रता, सद्भाव र सहयोगसहित नेपाल-चीन सम्बन्धका समग्र आयामहरूमा ठोस छलफल भएको जानकारी दिएको छ। 'नेपाली पक्षले एक चीन सिद्धान्तप्रति नेपाल सरकारको दृढ प्रतिबद्धता पुनर्जीवित गर्दै नेपाली भूमि चीनविरुद्ध कुनै पनि गतिविधिमा प्रयोग हुन नदिने कुरा सुनिश्चित गरेको छ,' भेटवार्तापछि सोमबार जारी विज्ञप्तिमा राजदूतावासले भनेको छ, 'चिनियाँ पक्षले नेपालको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र स्वतन्त्रताप्रति आफ्नो दृढ प्रतिबद्धता दोहोऱ्याउँदै सुशासन र आर्थिक वृद्धिका क्षेत्रमा नेपाल सरकारका प्राथमिकताहरूलाई पूर्ण समर्थन गर्ने आश्वासन दिएको छ।'

एक-अर्काका प्राथमिकता र संवेदनशीलताप्रति पारस्परिक सम्मान र साझा प्रतिबद्धतालाई स्वीकार गरिएको दूतावासले जनाएको छ। वार्तामा पूर्वाधार, कनेक्टिभिटी, सीमा व्यवस्थापन, ऊर्जा, व्यापार, लगानी, कृषि, प्रविधि हस्तान्तरण, सूचना प्रविधि र डिजिटलाइजेसन, पर्यटन, रासायनिक मल, पेट्रोलियम तथा प्राकृतिक ग्यास अन्वेषण र जनस्तरको सम्बन्धबारे छलफल भएको दूतावासको विज्ञप्तिमा छ।

चिनियाँ विदेशमन्त्री वाङले चिनियाँ ऋण तथा अनुदानबाट निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको भ्रष्टाचार छानबिनप्रति चासो राखेका थिए। उनले यसमा घुमाउरो असहमति जनाएका थिए। एक कूटनीतिक अधिकारीका अनुसार परराष्ट्रमन्त्री खनालले त्यो विषय सरकारको नभएर अदालतको भएको उल्लेख गर्दै निष्पक्ष न्यायिक प्रक्रियामा विश्वस्त हुन अनुरोध गरेका थिए। 'चीनले चिनियाँ उद्यमहरूलाई नेपालमा लगानी गर्न र व्यवसाय स्थापना गर्न प्रोत्साहित गर्दछ र नेपालले अझ बढी निष्पक्ष र पारदर्शी व्यावसायिक वातावरण उपलब्ध गराउने आशा गर्दछ,' चिनियाँ विदेशमन्त्री वाङको भनाइ थियो।

चिनियाँ विदेश मन्त्रालयका अनुसार विदेशमन्त्री वाङले चीन नेपाली पक्षसँग परम्परागत मित्रतालाई निरन्तरता दिन, राजनीतिक पारस्परिक विश्वास बढाउन र समयसापेक्ष रूपमा चीन-नेपाल रणनीतिक सहयोगलाई नयाँ उपलब्धिहरू हासिल गर्न अगाडि बढाउन इच्छुक रहेको बताएका छन्। 'नेपाली पक्षले 'एक चीन' सिद्धान्तलाई दृढताका साथ पालना गरेको र ताइवान, तिब्बतजस्ता चीनको स्थापनाकालीन (मूल) हितसँग जोडिएका मामिलाहरूमा चीनलाई दृढ समर्थन गरेकोमा चीन यसको सराहना गर्दछ,' विदेशमन्त्री वाङले भनेका छन्।

चिनियाँ विदेशमन्त्रीले नेपालसँगको सम्बन्धलाई चीनले सधैँ आफ्नो छिमेकी कूटनीतिको महत्त्वपूर्ण स्थानमा राखेको बताएका छन्। 'नेपालप्रतिको मैत्रीपूर्ण नीति सम्पूर्ण नेपाली जनताप्रति लक्षित छ। चीनले विगतमा जस्तै नेपालको राष्ट्रिय सार्वभौमसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डताको रक्षा गर्न, नेपालको नयाँ सरकारलाई जनताको समर्थनमा सुचारु रूपमा शासन सञ्चालन गर्न र नेपाललाई आफ्नो राष्ट्रिय परिस्थिति सुहाउँदो विकासको मार्ग अन्वेषण गर्न सधैँ समर्थन गर्नेछ,' उनले भने, 'इतिहास र तथ्यहरूले प्रमाणित गरेका छन् कि चीन-नेपाल मित्रता नेपालको देश, राष्ट्र र जनताको मौलिक हितअनुकूल छ।'

टाढाको नातेदारभन्दा नजिकको छिमेकी राम्रो हुने उल्लेख गर्दै विदेशमन्त्री वाङले भने, 'चीन सधैँ नेपालको विकास, पुनरुत्थान र आधुनिकीकरणको प्रक्रियामा एक विश्वसनीय र भरपर्दो असल छिमेकी र असल साझेदार रहनेछ।'

उनले उच्च गुणस्तरको बेल्ट एन्ड रोड (बिआरआई) संयुक्त रूपमा निर्माण गर्न र विद्युत् ग्रिड, सडक, बन्दरगाह (नाका)जस्ता क्षेत्रहरूको सहयोगमा केन्द्रत भई नेपाललाई भूपरिवेष्टित देशबाट भूजडित देशमा परिणत हुन मद्दत गर्ने पनि बताए। 'दुवै पक्षले विभिन्न सहयोग मञ्च र संयन्त्रहरूको राम्रो उपयोग गर्नुपर्छ, व्यावहारिक सहयोगलाई गहिरो बनाउनुपर्छ र मानवीय/सांस्कृतिक आदान-प्रदानलाई प्रवर्द्धन गर्नुपर्छ,' वाङले भने।

चिनियाँ विज्ञप्तिअनुसार परराष्ट्रमन्त्री खनालले नेपाल-चीन मित्रता हजारौँ वर्ष पुरानो र समयसँगै अझ सुदृढ हुँदै गएको उल्लेख गर्दै नेपाल एक चीन नीतिमा रहेको तथा चीनको पूर्ण एकीकरणलाई नेपालले समर्थन गर्ने स्पष्ट पारेका छन्।

नेपालको राष्ट्रिय विकास तथा जनजीविकाको सुधारमा चीनले लामो समयदेखि पुऱ्याउँदै आएको सहयोगको प्रशंसा गर्दै परराष्ट्रमन्त्री खनालले नेपालप्रति चीनले देखाएको सम्मान र सहयोगप्रति आभार व्यक्त गरेका छन्। परराष्ट्रमन्त्री खनालले नयाँ सरकार जनताकेन्द्रित विकास र असंलग्न परराष्ट्र नीतिप्रति प्रतिबद्ध रहेको पनि स्पष्ट पारे। उनले चिनियाँ दार्शनिक अवधारणा 'सत्यमा अडिग रहनु र नवीनताको खोजी गर्नु' नेपालको मूल्य-मान्यता र विकास दृष्टिसँग पनि मेल खाने बताए। चीनको विकासलाई नेपालका लागि अवसरका रूपमा व्याख्या गर्दै उनले नेपाल चिनियाँ लगानीप्रति खुला रहेको बताए। 'नेपाल चिनियाँ लगानीलाई स्वागत गर्दछ र चिनियाँ कम्पनीहरूका लागि निष्पक्ष, कानुनी शासनमा आधारित तथा लगानीमैत्री व्यावसायिक वातावरण सुनिश्चित गर्न तयार छ,' उनको भनाइ थियो।

नेपाल चीनको सुशासन अनुभवबाट सिक्न इच्छुक रहेको उल्लेख गर्दै खनालले चीनको गरिबी निवारण र वातावरण संरक्षणका क्षेत्रमा हासिल उपलब्धिको प्रशंसा गरे। उनले उच्च गुणस्तरको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) अन्तर्गत सहकार्य विस्तार गर्न, नेपाल-चीन कनेक्टिभिटीलाई थप सुदृढ बनाउन तथा विभिन्न क्षेत्रमा पारस्परिक लाभका परियोजना अघि बढाउन नेपालको प्रतिबद्धता दोहोऱ्याए।

यसैबिच, चिनियाँ विदेशमन्त्री वाङ यीले नेपाललाई रासायनिक मल उपलब्ध गराउने विषयमा सकारात्मक आश्वासन दिएका छन्। उनले सीमापार कनेक्टिभिटीसँग सम्बन्धित पूर्वाधार आयोजनाहरूको प्राथमिकता निर्धारण गरी प्रस्ताव पेस गर्न नेपाली पक्षलाई आग्रह गरेका थिए। साथै, नयाँ प्रविधि, जलवायु परिवर्तन तथा दिगो विकासका क्षेत्रमा नेपालसँग सहकार्य विस्तार गर्न चीन तयार रहेको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ।

परराष्ट्रमन्त्री खनालले चीनद्वारा प्रस्तावित वैश्विक पहलहरूको शृंखलाहरूबारे चिनियाँ समकक्षी वाङको चासो सम्बोधन गरेका थिए। उनले ग्लोबल सेक्युरिटी इनिसिएटिभ्स (जिएसआई)मा नेपाल सहभागी हुन नसक्ने स्पष्ट पार्दै नेपाल असंग्न परराष्ट्र नीतिमा प्रतिबद्ध रहेको बताएका थिए।

चिनियाँ...

पृष्ठ १ बाट क्रमशः

मैत्रीपूर्ण सम्बन्धको विकास गरेको बताएका थिए। नेपालको विकासमा चीनले पुऱ्याएको सहयोग तथा नेपालको सार्वभौमसत्ता र स्वतन्त्रताको सम्मान गरेकामा चिनियाँ पक्षप्रति परराष्ट्रमन्त्री खनालले आभार व्यक्त गरेका छन्।

सिपिसी अन्तर्राष्ट्रिय विभागले जारी गरेको नोटअनुसार परराष्ट्रमन्त्री खनालले नेपाल 'एक चीन' सिद्धान्तप्रति दृढतापूर्वक प्रतिबद्ध रहेको र नेपाली भूमिलाई कुनै पनि हालतमा चीनविरोधी गतिविधिमा प्रयोग हुन नदिने वचनबद्धता जनाएका छन्। 'नेपालको नयाँ सरकार आर्थिक विकास र जनताको जीवनस्तर सुधारका लागि प्रतिबद्ध छ,' परराष्ट्रमन्त्री खनालले लिउसँग भनेका छन्।

यस्तै, खनालले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चीनले हासिल गरेको विशाल विकासको उच्च प्रशंसा गरेका थिए। 'कनेक्टिभिटी विस्तार, वैज्ञानिक एवं प्राविधिक आविष्कार, जलविद्युत्, कृषि, संस्कृति र पर्यटनजस्ता क्षेत्रहरूमा पारस्परिक रूपमा फाइदाजनक सहकार्यलाई सुदृढ बनाउन नेपाल चीनसँग मिलेर काम गर्न इच्छुक छ,' परराष्ट्रमन्त्रीको भनाइ थियो।

खनालले रास्वपाले सिपिसीसँग मैत्रीपूर्ण सम्बन्धलाई महत्त्व दिएको उल्लेख गर्दै दुई पार्टीबिच आदानप्रदान र सहकार्यलाई थप सुदृढ बनाउन, भ्रष्टाचार नियन्त्रण र सुशासनजस्ता क्षेत्रमा चिनियाँ कम्युनिस्ट पार्टीको अनुभवबाट सिक्न, नेपालको शासकीय क्षमता अभिवृद्धि गर्न रास्वपा इच्छुक रहेको पनि बताएका छन्।

'बेइजिङमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागका मन्त्री लिउ हाइसिङसँग भेटवार्ता गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। हामीबिच नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, पार्टी-पार्टीबिचको आदानप्रदानलाई विस्तार गर्ने र जनता-जनताबिचको सम्बन्धलाई अझ गहिरो बनाउने विषयमा फलदायी छलफल भयो,' भेटपछि परराष्ट्रमन्त्री खनालले भने।

अघि बढाइँदै...

पृष्ठ १ बाट क्रमशः

अधिकारी बताउँछन्। मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले प्रहरीबाट परिमार्जनसम्बन्धी प्रतिवेदन प्राप्त भएपछि छलफल अघि बढ्ने बताउँछन्। 'दुवै सुरक्षा निकायले पहिला पेस भएको विधेयकमा थप परिमार्जनका लागि अध्ययन गराएका छन्। अध्ययन प्रतिवेदनका आधारमा क्रमशः छलफल अघि बढ्छ,' उनले भने।

अघिल्लो संसद्मा दुवै प्रहरीका विधेयक संसद्को राज्यव्यवस्था समितिमा पुगेका थिए। सरकार ढलेर संसद् विघटन भएसँगै नयाँ विधेयक लैजान लागिएको छ। यसपटक फास्ट ट्र्याकमा कानुनहरू बनाउने सरकारको तयारी छ।

यसअघिको विधेयकमा प्रहरीको परिचालन र नियन्त्रण गृह मन्त्रालयले गर्ने प्रावधान विवादित बनेको थियो। यो प्रावधानले सुरक्षा संगठनमाथि नीतिगत रूपमै हस्तक्षेप बढ्ने र संगठन कमजोर हुने भन्दै पूर्वसुरक्षा प्रमुखहरूले संगठित रूपमै आलोचना गरेका थिए। प्रहरीले निर्देशन र सुपरिवेक्षण मात्र गृह मन्त्रालयबाट गर्नुपर्ने प्रस्ताव गरिएको छ। प्रहरीको परिचालन र मूल्यांकन सिडिओले गर्ने यसअघिको प्रावधान पनि विवादित बनेको थियो। त्यस्तै, आइजिपीको बढुवामा पनि समिति बनाउने, बढुवा समितिलाई थप पारदर्शी बनाउने तथा भर्नादेखि अवकाशसम्मका प्रावधानहरू हेरफेर हुँदै छन्।

विधेयकमा अर्को पेचिलो विषय ३० वर्षे सेवाहद छ। अघिल्लो विधेयकमा पनि सेवाहद हटाउने प्रस्ताव थियो। तर, कसरी हटाउने भन्नेमा प्रहरी संगठनभित्र एकमत छैन। माथिल्लो पदको पदावधिका विषयमा पनि प्रहरी अधिकारीको आ-आफ्नो स्वार्थअनुसार राय छ। तल्लो तहका प्रहरीले भने १६ वर्षको अवधिमा पेन्सन दिनुपर्नेमा जोड दिँदै आएका छन्। प्रहरी ऐन-नियमकै कमजोरी पनि संगठनको चेन अफ कमान्ड बलियो हुन नसकेको र अहिलेको सरकारले नीतिगत सुधार गरी सुरक्षा निकायलाई बलियो बनाउने अवसर रहेको प्रहरी अधिकारी बताउँछन्।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८३/०३/०२)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्योहरा समेत जानकारी गराईन्छ।

ग्राहकको विवरण

धितो लिलाम बिक्री हुने मिति : २०८३ साल श्रावण महिना ५ गते मंगलबार दिनको १२ बजे देखि ३ बजे सम्म
सम्बन्धित कार्यालय : कृषि विकास बैंक लि. शाखा कार्यालय पोखरा पृथ्वीचोक ।
लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय पोखरा पृथ्वीचोक ।
ग्राहकको नाम : मना कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.ली. (अ.स. महेन्द्र अधिकारी)
दर्ता भएको कार्यालय : नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौ ।
फर्म/कम्पनिको दर्ता नं : २०३५२ /०५९ **दर्ता मिति:** २०५९/५/७ **पान नं.** : ३०००१५३३५

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	घरको क्षेत्रफल
सरल ठेक्का कर्जा तथा जमानत सुविधा	महेन्द्र अधिकारी	तनहुँ	व्यास	९	१५८५	०-६-२-०	३१९८.९७ व.फिट
	पुण्य प्रसाद पोखेल	कास्की	पोखरा	१७	९०, २५४	७०८ व.मी. र ११४१.६० व.मी	
	गिता श्रेष्ठ	कास्की	भाटेपोखरी	०८	७६०, १०८०, ७६४, ७६१, ७६३, १५६०	११-७-२-३, ४-९-१-१, ९-८-२-१, १२-५-०-३, ९-८-२-३, ७-१-३-३	

प्रोप्राईटर/ संचालक/ साझेदार/संचालकहरुको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
महेन्द्र अधिकारी	ब्यास- ४, तनहुँ	११२९	तनहुँ २०४३/०७/१४ जिल्ला प्रशासन कार्यालय	कमलापती अधिकारी	धनपति अधिकारी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना. प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
महेन्द्र अधिकारी	ब्यास- ४, तनहुँ	११२९	तनहुँ / २०४३/०७/१४ / जिल्ला प्रशासन कार्यालय	कमलापती अधिकारी	धनपति अधिकारी
नारायणी अधिकारी	ब्यास- ४, तनहुँ	३२७२	तनहुँ / २०४७।८।७ / जिल्ला प्रशासन कार्यालय	महेन्द्र अधिकारी	कमलापती अधिकारी
सुशान्त अधिकारी	ब्यास- ४, तनहुँ	४३१००९/११६२४६	तनहुँ / २०६६।०२।२९ / जिल्ला प्रशासन कार्यालय	महेन्द्र अधिकारी	कमलापती अधिकारी
गिता श्रेष्ठ	पोखरा- ४ कास्की	४६-०१-७२-०५०३४	कास्की / २०७२।०५।२९ / जिल्ला प्रशासन कार्यालय	किरणलाल श्रेष्ठ	मथुरालाल श्रेष्ठ
कशल किरण श्रेष्ठ	पोखरा- ४ कास्की	११४७०६	कास्की / २०५८।०१।१८ / जिल्ला प्रशासन कास्की	किरणलाल श्रेष्ठ	मथुरालाल श्रेष्ठ
पुण्य प्रसाद पोखेल	गणेश पुर- १ स्याङ्जा	१०४५/०३१/२३७९२	स्याङ्जा / २०३१/०३/३१ / जिल्ला प्रशासन कार्यालय	छविलाल उपाध्याय	पृथ्यु उपाध्याय

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वत: जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय, काठमाण्डौं ।

रविविरुद्धको संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा रूपन्देही अदालतबाट पनि फिर्ता लिन अनुमति

भैरहवा/ जिल्ला अदालत रूपन्देहीले रास्वपा सभापति रवि लामिछानेलगायतविरुद्ध दायर संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग संशोधन गर्न अनुमति दिएको छ। न्यायाधीश रमेशकान्त अधिकारीको इजलासले सोमबार सहकारी ठगीसम्बन्धी मुद्दा यथावत् राख्दै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको अभियोग फिर्ता लिन अनुमति दिएको हो।

यसअघि जिल्ला अदालत कास्की र पर्साबाट पनि सहकारी ठगीबाहेक संगठित अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग संशोधन गर्न अनुमति दिइसकेको छ। रूपन्देही अदालतको पछिल्लो आदेशसँगै लामिछाने, जिबी राई, कुमार रम्तेललगायतविरुद्ध विभिन्न जिल्लामा दायर गरिएका सहकारी ठगीबाहेकका संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोग अदालतबाट हटेका छन्।

कानुनी रूपमा संगठित अपराध र सम्पत्ति शुद्धीकरणका अभियोग खारेज भएपछि सहकारीपीडितको रकम फिर्ता गर्ने तथा मुद्दाको मिलापत्र प्रक्रियामा जाने सम्भावना थप सहज बनेको कानुन व्यवसायी बताउँछन्।

विद्यालय छात्रवृत्ति...

पृष्ठ १ बाट क्रमशः

विकास केन्द्रले केही वर्षअघि निकालेको थियो। तर, केन्द्र र स्थानीय सरकारकै कारण छातवृत्ति कार्यक्रम पूर्ण लागू हुन सकेको छैन भने निजी विद्यालयहरू आफैँले बनाएको मापदण्ड पालना गरेका छैनन्।

देशभर आठ हजार ९४१ निजी विद्यालय छन्, जहाँ कक्षा १ देखि १२ सम्म २६ लाख ५७ हजार २३० विद्यार्थी अध्ययनरत छन्। विद्यार्थी संख्याअनुसार १०, १२ र १५ प्रतिशतका दरले छात्रवृत्ति दिनुपर्छ। सबैको न्यूनतम १० प्रतिशत मात्रै हिसाब गर्दा पनि दुई लाख ६५ हजार ७२३ विद्यार्थीले छात्रवृत्ति पाउँछन्। तर, राजधानी काठमाडौंसहित सहरी क्षेत्रका केही स्थानीय तहबाहेकले शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा छात्रवृत्ति दिलाएको विद्यालय र विद्यार्थीको तथ्यांक पठाएका छैनन्। कतिपयले विद्यालयले पूर्ण छात्रवृत्ति नदिएकाले पनि तथ्यांक नपठाएको केन्द्र स्रोत बताउँछ।

देशभरका ७५३ वटै स्थानीय तहलाई छात्रवृत्ति दिएका विद्यालय र विद्यार्थी संख्या अद्यावधिक गर्न भने पनि अधिकांशले पालिकाले सिस्टममा राख्न अटेरी गरेको केन्द्रका निर्देशक भक्त गोदारले बताए। 'हामीले त माथिल्लो तहबाट नीतिगत सहयोग गर्ने हो, छात्रवृत्ति छनोट गर्नेदेखि शुल्क निर्धारण गर्नेसम्मको जिम्मा स्थानीय सरकारको हो। इमिस (विवरण राख्ने सफ्टवेयर)मा अधिकांश पालिका र विद्यालयले छात्रवृत्ति दिएको भनेर तथ्यांक राखेका छैनन्, यसमा कमजोरी पालिकाहरूकै हो,' उनले भने, 'देशभरका निजी विद्यालयमा १० प्रतिशतलाई मात्रै छात्रवृत्ति दिलाउने हो भने पनि दुई लाख ६५ हजार ७२३ विद्यार्थीले निःशुल्क पढ्न पाउने देखिन्छ।' गोदारका अनुसार देशभरका पालिकालाई निजी विद्यालयले दिने छात्रवृत्ति पारदर्शी बनाउन र लक्षित वर्गलाई दिन भनेर केन्द्रले पटक-पटक पत्राचार गरे पनि कार्यान्वयन गरेका छैनन्।

छात्रवृत्तिको उद्देश्य विपन्न र सीमान्त वर्गका बालबालिकाले पनि महँगा निजी विद्यालयमा अध्ययनको अवसर पाउन् भन्ने हो। संवैधानिक व्यवस्थाअनुसार हाल माध्यमिक तह (१२ कक्षा)सम्मको शिक्षा स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्छ। केन्द्र सरकारले कडी कडाउ गर्न सक्ने अवस्था छैन। तर, स्थानीय तहका जनप्रतिनिधि र विद्यालयको मिलेमतोमा आफैँले इच्छाएका विद्यार्थीलाई दिएर छात्रवृत्तिको दुरुपयोग भएको छ। कतिपय विद्यालयले 'फेक' नामसमेत राखेर छात्रवृत्तिको दुरुपयोग गर्दै आएको गुनासो सुनिने गरेको छ। पारदर्शी र व्यवस्थित नहुँदा छात्रवृत्तिको यकिन तस्बिर भने बाहिर आउन सकेको छैन। विद्यालय तहको छात्रवृत्ति कार्यक्रम व्यवस्थित गर्ने र छुट्याउने जिम्मा पालिकाकै भएकाले केन्द्रले हस्तक्षेप गर्न नसकेको शिक्षा तथा मानवस्रोत विकास केन्द्रका निर्देशक गोदारले बताए।

छात्रवृत्ति कार्यान्वयनमा देशभरमै उत्कृष्ट भक्तपुर नगरपालिकाले विद्यार्थीबिच परीक्षा नै गराएर प्रतिस्पर्धाबाट प्रदान गर्छ। त्यस्तै, काठमाडौं महानगरपालिकाले कक्षा ११ र १२ मा लिखित परीक्षा लिएर तथा कक्षा १ देखि १० सम्म चार सदस्य समिति बनाएर समितिले तयार पारेको सूचीका आधारमा छात्रवृत्ति प्रदान गर्छ। यस वर्षदेखि काठमाडौंको टोखा नगरपालिकामा पनि यो अभ्यास लागू हुँदै छ। तर ललितपुर, भरतपुर, पोखरा, वीरगन्ज र विराटनगर महानगरमै छात्रवृत्तिको एकीकृत नियम लागू हुन सकेको छैन। यी महानगरमा छात्रवृत्ति कार्यक्रम भद्रगोल छ।

पोखरा महानगरले परीक्षा नगराई समितिमार्फत आधा विद्यार्थी सिफारिस गर्छ भने आधा विद्यार्थी विद्यालयले तोक्न पाउँछ। महानगरका सूचना अधिकारी कृष्णप्रसाद तिवारीले कक्षा ११ र १२ मा ५० प्रतिशत लिखित र ५० प्रतिशत प्रयोगात्मकलाई हेरेर छात्रवृत्ति दिन थालिएको बताए। तर, तल्लो तहमा भने यस्तो नियम नभएको उनको भनाइ छ। 'कक्षा ११ र १२ मा केही व्यवस्थित गर्न सकेका छौँ, तर तल्लो तहमा व्यवस्थित गर्न सकिएको छैन,' उनले भने, 'राम्रो गर्ने प्रयास गरिरहेका छौँ।'

भरतपुर महानगरमा कक्षा ११ र १२ मा परीक्षा लिएर छात्रवृत्ति दिँदै आए पनि कक्षा १ देखि १० सम्म विद्यालय प्रतिनिधि र वडाध्यक्षसहितको समितिले तोकेर पठाएको सूचीका आधारमा छात्रवृत्ति दिने गरिएको छ। भरतपुर महानगरका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले कक्षा ११ र १२ मा छात्रवृत्ति व्यवस्थित गरे पनि १० भन्दा तल थप व्यवस्थित गर्न आवश्यक रहेको बताए। 'कक्षा ११ र १२ मा अनलाइनबाट नै फारम भराएर तोकिएका सिटमा लक्षित समूहबिच प्रतिस्पर्धा गराएर छात्रवृत्ति दिन्छौँ,' उनले भने, 'कक्षा १ देखि १० सम्म वडाध्यक्षसहितको शिक्षा समिति बनाएर छात्रवृत्ति दिइरहेका छौँ। यस वर्षको छनोट गर्ने काम भइरहेको छ, यसलाई अझ व्यवस्थित गर्न खोजिरहेका छौँ।'

विराटनगर महानगरपालिकामा पनि छात्रवृत्ति कार्यक्रम भद्रगोल छ। यहाँ वडाध्यक्षको संयोजकत्वमा छनोट समिति बनाइएको छ। तर, विद्यालय र वडाध्यक्षको मिलेमतोमा विद्यार्थीको नाम सिफारिस गर्ने गरिएको छ। वीरगन्ज महानगरपालिकामा पनि छात्रवृत्ति प्रदान गर्ने तयारी उस्तै भद्रगोल छ।

हाल देशका अधिकांश पालिकामा विद्यालय छात्रवृत्ति कार्यक्रम अपारदर्शी मात्रै छैन, पहुँच र नेताका छोराछोरीलाई पढाउने माध्यमसमेत बनिरहेको छ। प्रधानमन्त्री बालेन्द्र शाहले संसद्को प्रश्नोत्तरमा बोल्दै काठमाडौं महानगरपालिकाले अपनाउँदै आएको छात्रवृत्ति मोडललाई देशभरका अन्य पालिकाहरूमा पनि लागू गरिने र पारदर्शी बनाइने बताएका थिए।

शिक्षाविद् विद्यानाथ कोइरालाले विद्यालय छात्रवृत्ति कार्यक्रमप्रति निजी विद्यालय खुसी नदेखिए पनि कानुनले गरेको व्यवस्था लागू गर्नुपर्ने बताउँछन्। 'छात्रवृत्तिप्रति निजी विद्यालय त्यति खुसी देखिँदैनन्, तर कानुनले व्यवस्था गरेको छात्रवृत्तिप्रति निजी विद्यालय त्यति खुसी देखिँदैनन्, तर कानुनले गरेको व्यवस्था लागू गराउनुपर्छ,' उनले भने, 'तर, विद्यालय छात्रवृत्ति दिन योग्य र सक्षम छन् कि छैनन् भन्ने पनि होला। निजी विद्यालयले व्यवहारमा के गर्छन् र सरकारले लागू गराउन सक्छ कि सक्दैन भन्ने मुख्य कुरा हो।'

यी हुन् छात्रवृत्तिमा लक्षित समूह

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अनुसार छात्रवृत्ति प्रदान गर्दा सबैलाई समेट्नुपर्छ। दलित, अल्पसंख्यक तथा लोपोन्मुख जाति वा समुदाय, सहिद तथा द्वन्द्वपीडितका सन्तान, जेहेनदार, विपन्न र अपांगता भएका बालबालिकालाई छात्रवृत्ति दिनुपर्छ। यसबाहेक अन्य वर्गलाई छात्रवृत्ति दिनैपर्ने भएमा पालिकाले बनाउने कार्यविधिमा समेट्न सक्छन्। काठमाडौं महानगरपालिकाले ल्यान्डफिल्ड साइट प्रभावितलाई पनि छात्रवृत्तिको कोटा छुट्याउँदै आएको छ। छात्रवृत्ति सिफारिसका लागि पालिका, सम्बन्धित विद्यालय, अभिभावक प्रतिनिधि, पालिकाका प्रतिनिधिसहितको समिति बनाउन सकिने र विद्यार्थीको क्षमता, मूल्यांकनका आधारमा छात्रवृत्ति दिन सकिने अनिवार्य तथा निःशुल्क शिक्षा ऐनमा उल्लेख छ। यसलाई व्यवस्थित गर्न कतिपय पालिकाहरूले परीक्षा नै लिएर छात्रवृत्ति दिँदै आएका छन्। छात्रवृत्ति पारदर्शी र लक्षित समूहमा समेत पुग्ने गरेको छ। यसअघि मधेशका जिल्लामा छोरीहरूलाई विद्यालय भर्ना गराउन र बिचमै पढाइ छाड्ने दर घटाउन विभिन्न स्थानीय तह तथा केन्द्र सरकारबाट विशेष छात्रवृत्ति उपलब्ध गराइने भए पनि हाल रोकिएको छ।

सांसदले नै गर्दै छन् छात्रवृत्तिको दुरुपयोग

कानुनतः सरकारले निजी विद्यालयमा छुट्याएको १०, १२ र १५ प्रतिशत छात्रवृत्ति निश्चित परिधिभित्र रहेर पालिकाले लक्षित वर्गमा कार्यान्वयन गर्नुपर्छ। तर, सांसदले आफूले रोजेका विद्यार्थीलाई सिधै निजी विद्यालयमा छात्रवृत्ति दिलाएर छात्रवृत्तिको दुरुपयोग गरेका छन्। एक उदाहरण हुन् रास्वपा सांसद केपी खनाल।

खनालले पालिकासँग कुनै समन्वयसमेत नगरी सिधै निजी विद्यालयसँग सल्लाह गरेर एसइई पास गरेका विद्यार्थीलाई छात्रवृत्ति दिने तयारी गरेका छन्। खनालले केही समयअघि आफ्नो निर्वाचन क्षेत्र कैलाली २ का ५५ गरिब, जेहेनदार र विपन्न परिवारका विद्यार्थीका लागि 'एमपी स्कलरसिप प्रोग्राम'अन्तर्गत छात्रवृत्ति दिने घोषणा गरेका थिए, जुन निजी विद्यालयले उपलब्ध गराउने १० प्रतिशतअन्तर्गत नै हो। तर, सांसदले आफैँ विद्यार्थी तोकेर निजीमा छात्रवृत्तिमा पढाउने व्यवस्था कुनै कानुनमा पनि छैन।

'पढ्न नपाएकाहरूका लागि निजी विद्यालयसँग सहजीकरण गरेर छात्रवृत्ति दिने हो, त्यसका लागि मेरो सचिवालयले एउटा समिति बनाएको छ, त्यो समितिले निजी विद्यालयसँग सिधै समन्वय गरेर छात्रवृत्तिको १० प्रतिशत कोटामा विद्यार्थी तोक्छौँ,' सांसद खनालले भने।

गिरीबन्धुको...

पृष्ठ १ बाट क्रमशः

फैसला कार्यान्वयनमा ढिलाइ भएपछि सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयले पटक-पटक सरकारलाई निर्देशन दिएकामा जेठ दोस्रो साता फेरि पत्राचार गरेको थियो। निर्देशनालयका प्रवक्ता गोविन्दप्रसाद घिमिरेले भने, 'गिरीबन्धु टिस्टेटसम्बन्धी फैसला कार्यान्वयनका लागि विगतमा पनि पत्राचार भएको थियो, पछिल्लोपटक फेरि ताकेता भएको छ,' उनले भने, 'फैसलामा भएको परमादेश कार्यान्वयन नभएकाले पटक-पटक ताकेता गर्नुपरेको हो।'

सर्वोच्चको फैसलासँगै सट्टापट्टा रोकिए पनि परमादेशमा तोकिएका विषय कार्यान्वयन भएका छैनन्। सर्वोच्चले सर्तबमोजिम जग्गाको प्रयोग नभएको अवस्थामा जफत गर्न भनेको थियो। गिरीबन्धु टी-इस्टेटको कतिपय जग्गा विगतमै बिक्री भइसकेको छ, जहाँ हाल बस्ती छ। त्यस्तै, कतिपय जग्गा बाँझो छ। चियाखेती नभएको जग्गासमेत जफत गर्नुपर्ने भनिएको थियो। तर, सरकारले कार्यान्वयनमा अझै चासो दिएको छैन।

साढे दुई वर्षअघि भएको सर्वोच्चको फैसलामा भनिएको छ, 'हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएबमोजिमको(सर्तबमोजिम) प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक(अन्य) प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली(बाँझो) राखिएको अवस्थामा जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सो हदबन्दीभन्दा बढी देखिएको जग्गा भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारको नाममा प्राप्त गर्नू, गराउनू।' ०६० कै एक निर्णयअनुसार गिरीबन्धु टी-इस्टेटको ५१ बिघा जग्गालाई समेत कुल हदबन्दी कायम गर्न सर्वोच्चले परमादेश दिएको थियो। त्यस्तै, भूमिसम्बन्धी कानुन निर्माणमा प्रदेश सरकारसँग समन्वय गर्नसमेत सर्वोच्चले भनेको थियो। यी परमादेशहरू कार्यान्वयन भएका छैनन्। सर्वोच्चमा रिट निवेदन दर्ता गर्नेमध्येका एक अधिवक्ता ओमप्रकाश अर्यालले पनि फैसला कार्यान्वयनका लागि गत वर्ष नै निर्देशनालयमा निवेदनसमेत दिएका थिए।

१३ असार ०७८ मा बसेको ओली सरकारको मन्त्रिपरिषद्को बैठकले तीन सय ४३ बिघाको चियाबयान स्थानान्तरण गरी बिर्तामोडमा रहेको चियाबगानको जग्गा बिक्री गर्न सहमति दिएको थियो। मन्त्रिपरिषद्को सो निर्णय 'भूमिसम्बन्धी कानुनले गरेको हदबन्दीसम्बन्धी अवधारणा प्रतिकूल रहेको' भन्दै सर्वोच्च अदालतले २४ माघ २०८० मा भूमिसम्बन्धी ऐनको हदबन्दीसम्बन्धी मर्मविपरीत रहेको भन्दै खारेज गरिदिएको थियो। साथै, सर्वोच्च अदालतले अपरिपक्व, अमूर्त प्रकृतिका सर्तहरू' रहेको भनेर तत्कालीन मन्त्रिपरिषद्को निर्णयमाथि प्रश्नसमेत उठाइएको थियो।

सरकारले ०७६ मा भूमिसम्बन्धी ऐन, २०२१ संशोधन गरी उद्योग चल्न नसक्ने अवस्था आएमा स्थानान्तरण गर्न सक्ने सुविधा दिएको थियो। त्यसमै नीतिगत भ्रष्टाचारको आरोप लाग्दै आएको छ। भूमिसम्बन्धी ऐन, २०२१ अनुसार उद्योग सञ्चालनका लागि राखिएको हदबन्दीभन्दा धेरै रहेको जग्गा बिक्री गर्न पाइँदैन। कुनै कम्पनी बन्द हुने अवस्था आएमा उद्योगको प्रयोजनका लागि प्रयोग गरिएकोभन्दा धेरै जग्गा सरकारको नाममा जाने व्यवस्था भूमिसम्बन्धी ऐनमा छ।

समायोजनमै अल्झियो नेकपा

तत्कालीन माओवादी, एकीकृत समाजवादीसहित २७ दल-घटकबिच एकता भएको साढे सात महिना पुग्यो, तर नेतृत्व चयनका विषयमा देखिएको असहमति र ढिलासुस्तीले समायोजन प्रक्रिया अझै अधुरै



● नेकपा नेता प्रकाश ज्वाला भन्छन्– केही जनसंगठनको एकता प्रक्रिया सम्पन्न भइसकेको छ। बाँकी जनसंगठनको पनि एकता प्रक्रिया अघि बढिसकेको छ। केही दिनमै सबै संगठनको समायोजन प्रक्रिया टुंगिन्छ।

प्रेम गौतम/नयाँ पत्रिका

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संगठन समायोजनमै अल्झिएको छ। पार्टीका तल्लो तह र जनसंगठनको समायोजन जेठ मसान्तसम्म सम्पन्न गर्ने निर्णय भए पनि कार्यान्वयनमा समस्या देखिएको छ। केही जनसंगठनबाहेक अधिकांश समायोजन प्रक्रियामै छन्।

जिम्मेवारी बाँडफाँट तथा नेतृत्व चयनका विषयमा देखिएको असहमति र ढिलासुस्तीले समायोजन प्रक्रिया अधुरै रहेको नेताहरू स्विकार्छन्। मुख्य गरी संयोजक चयनमा जनसंगठनमा विवाद देखिन्छ। सबै संगठनको नजर संयोजकमा रहेकाले मिलाउन समस्या भइरहेको नेताहरू बताउँछन्।

साबिक माओवादी, एकीकृत समाजवादीसहित विभिन्न २७ पार्टी-समूह मिलेर नेकपा बनेको हो। गत १९ कात्तिकमा एकता घोषणा हुँदा १० घटक आबद्ध थिए। त्यसपछि विभिन्न समूह थपिँदै २७ पुगेको छ। तर, संगठनात्मक समायोजन नहुँदा नेता तथा कार्यकर्ता कामविहीन भएका छन्।

कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइमा पुऱ्याउने, वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने र सडकदेखि संसद्सम्म प्रभावशाली उपस्थिति जनाउने प्रतिबद्धतासहित पार्टी एकता भएको थियो। पार्टीको तल्ला कमिटी र जनसंगठनको संगठनात्मक समायोजन नहुँदा अन्योल बढेको नेताहरू नै बताउँछन्।

एकता भएका विभिन्न दल र समूहले शक्तिसन्तुलन खोजेका कारण पनि समायोजनमा समय लागेको एक नेताले बताए। एकीकरणमा सहभागी २७ वटा पार्टी र समूहको संगठनात्मक आकार र प्रभाव समान छैन। साबिक माओवादी र एकीकृत समाजवादीको संगठनात्मक प्रभाव तलसम्म छ। जनसंगठनमा पनि दुई पार्टीनिकटको प्रभाव तल्लो कमिटीसम्म छ।

नेकपाले आगामी मंसिर दोस्रो साता एकता महाधिवेशन गर्ने निर्णय गरेको छ। त्यसअघि सबै जिल्ला र पालिकामा कमिटीका साथै जनसंगठनहरूमा पनि समायोजन गर्नुपर्नेछ। मुख्यतः साबिक माओवादीबाट इन्चार्ज भए साबिक समाजवादीबाट संयोजक बनाउने गरी गृहकार्य भइरहेको छ। साबिक समाजवादीबाट इन्चार्ज बने साबिक माओवादीबाट संयोजक बन्नेछन्।



फाइल तस्बिर

जनसंगठनमा अखिल नेपाल महिला संगठन, जनसांस्कृतिक महासंघ र नेपाल दलित मोर्चाको मात्र समायोजन सम्पन्न भएको छ। महिला संगठनको संयोजक दामा शर्मा तथा सहसंयोजकमा मुनु सिग्देल, कमला विक र सावित्री पोखरेल चयन भएका छन्। जनसांस्कृतिकको संयोजकमा भीम कुमाखी र सहसंयोजकमा अष्ट लामा तथा दलित मोर्चाको संयोजकमा दलजित श्रीपाली र सहसंयोजकमा रामअवतार पासवान चयन भएका छन्। अन्य संगठनको पनि एकता प्रक्रिया जारी रहेको नेकपाले जनाएको छ।

नेकपाले ३२ जनवर्गीय संगठनका इन्चार्ज र सहइन्चार्ज तोकेर समायोजन प्रक्रिया टुंग्याउने जिम्मेवारी दिएको छ। अखिल नेपाल महिला संगठनको इन्चार्जमा जयन्ती राई र सहइन्चार्ज कमला रोका, अखिल नेपाल किसान महासंघको इन्चार्जमा बलदेव चौधरी र सहइन्चार्जमा कुमार पौडेल छन्।

प्रेस संगठनको इन्चार्ज प्रकाश ज्वाला तथा सहइन्चार्ज शम्भु श्रेष्ठ र विष्णु सापकोटा, विद्यार्थी संगठनको इन्चार्ज रत्न ढकाल र सहइन्चार्ज सुदेश पराजुली, शिक्षक संगठनको इन्चार्ज माधव सापकोटा र सहइन्चार्ज केदार सञ्जेल, युवा संगठनको इन्चार्ज लक्ष्मण केसी र सहइन्चार्ज सुमन देवकोटा तथा ज्ञानबहादुर गुरुङ छन्।

सहिद, बेपत्ता तथा घाइते योद्धा संगठनको इन्चार्ज हितराज पाण्डे तथा सहइन्चार्ज कृष्णप्रसाद सापकोटा र बालकृष्ण गैरे, आदिवासी जनजाति महासंघको इन्चार्जमा सुरेश आलेमगर र सहइन्चार्ज पासाङ शेर्पा छन्। इन्जिनियर्स एसोसिएसनको इन्चार्ज लेखनाथ न्यौपाने र सहइन्चार्ज कपिल आचार्य, उद्योग तथा व्यवसायी महासंघको इन्चार्ज विरोध खतिवडा र सहइन्चार्ज कृष्ण आचार्य, कानुन व्यवसायी संगठनको इन्चार्जमा पूर्णबहादुर घर्ती र सहइन्चार्ज रामकुमार ज्ञवाली छन्।

खेलकुद महासंघको इन्चार्ज केशव विष्ट र सहइन्चार्ज शिव कोइराला, जनसांस्कृतिक महासंघको इन्चार्ज चेतबहादुर पुन तथा सहइन्चार्ज इधरचन्द्र ज्ञवाली र उदय श्रेष्ठ, ट्रेड युनियन महासंघको इन्चार्ज रामदीप आचार्य र सहइन्चार्ज विष्णु लम्साल, दलित संगठनको इन्चार्ज गणेश विक र सहइन्चार्ज दलजित श्रीपाली, नेपाल रिटर्नी एसोसिएसनको इन्चार्ज देवेन्द्र पराजुली र सहइन्चार्ज भवानी खड्का छन्।

पर्यटन फाँटको इन्चार्ज पुष्पविक्रम मल्ल र सहइन्चार्ज अञ्जन थापा, पेसागत महासंघको इन्चार्ज कृष्णध्वज खड्का र सहइन्चार्ज प्रेमलकुमार खनाल, पूर्वसुरक्षाकर्मी संगठनको इन्चार्ज सन्तु दराई, प्राध्यापक फाँटको इन्चार्ज दीनानाथ शर्मा र सहइन्चार्ज प्राडा इन्दु आचार्य, मधेशी संगठनको इन्चार्ज जोगकुमार बरबरिया र सहइन्चार्ज रामचन्द्र साह तेली, मुस्लिम संगठनको इन्चार्ज महेश्वर गहतराज र सहइन्चार्ज हकिकुल्ला खाँ तथा ताज मोहम्मद मियाँ छन्। वैदेशिक रोजगार व्यवसायी संगठनको इन्चार्ज नागेन्द्र चौधरी र सहइन्चार्ज समिता कार्की छन्।

सहकारी संगठनको इन्चार्ज लीलामणि पौडेल, सहइन्चार्ज शरद रसाइली र उदया शर्मा, स्वास्थ्यकर्मी संगठनको इन्चार्ज अञ्जना विशंखे र सहइन्चार्ज भक्तिमान सुब्बा, सुकुमवासी महासंघको इन्चार्ज नहेन्द्र खड्का र सहइन्चार्ज केशव दाहाल छन्।

निर्माण व्यवसायी संगठनको इन्चार्ज कमला रोका, उपभोक्ता हित सम्बद्ध संगठनको इन्चार्ज बिपी खनाल, मानव अधिकार संगठनको इन्चार्ज लेखनाथ दाहाल, विपत्सम्बन्धी संगठनको इन्चार्ज डा. लक्ष्मी ओली तथा सहिद प्रतिष्ठानको इन्चार्ज धर्मशिला चापागाईं र सहइन्चार्ज रामबहादुर भण्डारी, आइटी फोरमको इन्चार्ज केशव नेपाल छन्।

असार र साउनमा पार्टी सदस्यता नवीकरण तथा नयाँ सदस्यता विस्तार अभियान सञ्चालन गर्ने नेकपाको निर्णय छ। १५ भदौसम्म वडा तह, १६ भदौदेखि भदौ मसान्तसम्म पालिका तहका र असोज मसान्तसम्म जिल्लास्तरका अधिवेशन सम्पन्न गर्ने कार्यतालिका छ। १५ कात्तिकसम्म प्रदेश अधिवेशन र ११-१५ मंसिरमा एकता राष्ट्रिय महाधिवेशन काठमाडौंमा आयोजना गर्ने निर्णय नेकपाको छ।

पार्टीका सबै तहका अधिवेशन तथा महाधिवेशनसम्बन्धी दस्तावेज, प्रतिवेदन तथा कार्यविधिको तयारी केन्द्रीय समिति बैठकले गर्ने तयारी छ। वैचारिक, राजनीतिक, सांगठनिक र सांस्कृतिक स्पष्टतासहित पार्टी पुनर्गठनको प्रक्रियालाई अगाडि बढाउँदै महाधिवेशनबाट पूर्णता दिइने प्रवक्ता प्रकाश ज्वालाले बताए।

'केही जनसंगठनको एकता प्रक्रिया सम्पन्न भइसकेको छ। बाँकी जनसंगठनको पनि एकता प्रक्रिया अघि बढिसकेको छ। केही दिनमै सबै संगठनको समायोजन प्रक्रिया टुंगिन्छ,' ज्वालाले भने।

एचआइभी नियन्त्रणमा सकस

शिवहरि घिमिरे/नयाँ पत्रिका

नेपालमा हाल ३४ हजार सात सय एचआइभी संक्रमित रहेको तथ्यांक सार्वजनिक गरिएको छ। तीमध्ये करिब २७ हजारले मात्र नियमित एआरटी औषधि सेवन गरिरहेका छन्, जुन सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको छ। तर, अझै सात हजार सात सय संक्रमित उपचारको दायराबाहिर रहेको भन्दै स्वास्थ्य क्षेत्रका अधिकारीले चिन्ता व्यक्त गरेका छन्।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. सर्वेश शर्माका अनुसार एचआइभी नियन्त्रण तथा उपचारमा प्रगति भए पनि ठुलो संख्यामा संक्रमित अझै सेवाको पहुँचबाहिर रहँदा संक्रमण फैलिने जोखिम कायमै छ। उनले निजी क्षेत्र तथा विभिन्न अध्ययनलाई आधार मानेर गरिएको विश्लेषणमा नेपालमा कुल ३४ हजार सात सय संक्रमित रहेको बताए।

> ३४ हजार सात सय एचआइभी संक्रमितमध्ये सात हजारभन्दा बढी उपचारबाहिर, औषधि निःशुल्क भए पनि पहुँचमा चुनौती

उनका अनुसार संक्रमितमध्ये १९ हजार ८२१ पुरुष, १४ हजार ५१६ महिला तथा १४ वर्षमुनिका एक हजार ५८ बालबालिका छन्। वार्षिक रूपमा ६१४ नयाँ संक्रमण देखिने गरेको र ५६८ जनाको मृत्यु हुने गरेको तथ्यांक पनि सार्वजनिक गरिएको छ।

सन् २०२५ अवधिभर गरिएको परीक्षणअनुसार पाँच लाख १६ हजार ३५१ गर्भवती महिलामा एचआइभी परीक्षण गरिएकोमा १३४ जनामा संक्रमण पुष्टि भएको थियो। समयमै उपचार सुरु भएकाले केवल चारजना शिशुमा मात्र संक्रमण देखिएको डा. शर्माले बताए।

उनका अनुसार एचआइभी नियन्त्रणका लागि तय गरिएको ९५-९५-९५ लक्ष्यअन्तर्गत प्रारम्भिक दुई चरणमा सुधार भए पनि भाइरल लोड सप्रेसन (संक्रमितमा भाइरसको मात्रा नियन्त्रण) अझै प्रमुख चुनौती बनेको छ।

डा. शर्माले एचआइभीसम्बन्धी लाञ्छना र सामाजिक विभेदका कारण धेरै संक्रमित खुल्न नचाहने अवस्था रहेको उल्लेख गरे। 'समयमै औषधि सेवन गरे एचआइभी संक्रमित पनि सामान्य जीवन बाँच्न सक्छन्,' उनले भने।

सरकारले एचआइभीको औषधि देशभर निःशुल्क वितरण गरिरहेको छ। संक्रमितको गोपनीयता कायम राख्दै सेवा दिइँदै आएको छ। तर, 'लुकेका' संक्रमितलाई उपचारको दायरामा ल्याउन अझै चुनौती रहेको स्वास्थ्य अधिकारीहरूको भनाइ छ।

डा. शर्माका अनुसार यदि देशभर व्यापक परीक्षण गर्ने हो भने वार्षिक करिब तीन अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान छ, जबकि हाल एचआइभी नियन्त्रणका लागि सरकारले करिब ३४ करोड रुपैयाँ मात्र बजेट विनियोजन गर्दै आएको छ।

राष्ट्रिय मानव अधिकार आयोगका उपसचिव लोकनाथ बास्तोलाले एचआइभी संक्रमितलाई संविधान र अन्तर्राष्ट्रिय कानुनले सुनिश्चित गरेका अधिकार व्यवहारमा पूर्ण रूपमा लागू नभएको बताए। उनका अनुसार स्वास्थ्य सेवा, शिक्षा, रोजगारी तथा सार्वजनिक सेवामा अझै पनि विभेद र पूर्वाग्रहका घटना देखिन्छन्।

युएनडिपीका प्रतिनिधि कृष्णप्रसाद भट्टराईले एचआइभी, टिबी र मलेरियाप्रति समाजमा अझै लाञ्छना कायम रहेको उल्लेख गर्दै सन् २०३० सम्म एचआइभी/एड्स अन्त्य गर्ने लक्ष्यका लागि सामाजिक चेतना र विभेद अन्त्य अपरिहार्य रहेको बताए।

क्रुजएड्स नेपालकी कार्यक्रम संयोजक समता बमले एचआइभी र टिबीसम्बन्धी लाञ्छना सामाजिक, संस्थागत र संरचनागत तहमा फैलिएको भन्दै प्रभावित व्यक्तिहरूको सम्मानजनक जीवन सुनिश्चित गर्न जनचेतना आवश्यक रहेको बताइन्।

संक्षेप

सात करोडको कोकिनसहित तीन विदेशी पक्राउ

काठमाडौं/ करिब साढे सात करोड रुपैयाँ पर्ने कोकिनसहित प्रहरीले तीन विदेशीलाई पक्राउ गरेको छ। लागुऔषध नियन्त्रण ब्युरोले कोकिन लिएर आएका सेनेगलका नागरिक र सो कोकिन लिन भारतबाट आएका दुईजनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा सेनेगलका ४३ वर्षीय अमादाउ सार र भारतकी २६ वर्षीया रुबी तथा ३१ वर्षीया सोनी छन्।

सो कोकिन नाइजेरियाबाट इथियोपिया, कतार हुँदै काठमाडौं ल्याइएको ब्युरोका एसएसपी सुवासचन्द्र बोहराले बताए। एक साता लामो अपरेसन चलाएर उनीहरूलाई पक्राउ गरिएको उनको भनाइ छ। सेनेगलका नागरिक सार २६ जेठमा काठमाडौं आएका थिए। उनले कोकिन रहेको ७६ वटा क्याप्सुल खाएका थिए। प्रहरीले स्वास्थ्यकर्मीको सहयोगमा सो क्याप्सुल निकालेर कोकिन बरामद गरेको हो। सो कोकिन लिन आएका दुई भारतीय युवती पनि ठमेलको होटेलबाट आइतबार पक्राउ परेका हुन्। सो कोकिन भारत लैजाने तयारी रहेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

सेफ साहलाई एक महिना कैद, एक वर्षदेखि फरार रहेको खुलासा



काठमाडौं/ सेफ सन्तोष साहलाई एक वर्षअघि नै अदालतले बैंकिङ कसुर मुद्दामा दोषी ठहर गरी सजाय तोकेको खुलेको छ। ३० जेठ ०८२ मा जिल्ला अदालत, काठमाडौंले उनलाई एक महिना कैद र एक लाख २५ हजार जरिवाना सुनाएको थियो। २५ लाखको चेक बाउन्स मुद्दामा उनलाई अदालतले गत वर्ष दोषी ठहर गरेको अनुसन्धानबाट खुलेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसपी रामेश्वर कार्कीले बताए। साहलाई शनिबार प्रहरीले अर्को मुद्दामा जनकपुरबाट पक्राउ गरेको हो। रेस्टुरेन्ट बिक्रीको पैसा नदिएको भनेर शकुन्तला थापा अधिकारीको उजुरीमा प्रहरीले उनलाई पक्राउ गरेको हो। अदालतले उनलाई तीन दिन थुनामा राख्न म्याद दिएको छ। साहले मिथिला थाली नामक रेस्टुरेन्ट चलाउँदै आएका छन्।

सामुदायिक वनका तत्कालीन पदाधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/ सुर्खेतको भेरीगंगा नगरपालिका- १३ मा रहेको साजगोठेरी सामुदायिक वनको रकम हिनामिना गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीनजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष लोकबहादुर महतारा, सचिव मानकुमारी पौड्याल र कोषाध्यक्ष दलबहादुर बुढाविरुद्ध अख्तियारले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

उनीहरूले आपसी मिलेमतोमा काठ बिक्री, चिरानी खर्च, वनहेरालुको पारिश्रमिक, भ्रमण खर्च र घरभाडालगायत शीर्षकमा झुटा बिल-भर्पाई बनाई सात लाख १५ हजार ९१६ रुपैयाँ सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेको अख्तियारको दाबी छ।

चिरान गरेको एक हजार क्युफिट काठमा ९८१.२४ क्युफिट काठ न्यूनतम दररेटमा बिक्री गर्दा हुने आम्दानीमा ९५ हजार, काठ चिरानी खर्चमा तीन लाख ६६ हजार, वनहेरालु पारिश्रमिकमा ९० हजार र घरभाडामा ४४ हजार रुपैयाँ भ्रष्टाचार भएको आरोपपत्रमा उल्लेख छ। साथै, सामुदायिक वन उपभोक्ता समितिको विधान संशोधन गर्न काठमाडौं जाँदा विनाआधार महतारालेे एक लाख २० हजार रुपैयाँ बुझी उक्त रकम कुन शीर्षकमा खर्च गरेको हो भन्ने उल्लेखसमेत गर्न नसकेको आरोपपत्रमा उल्लेख छ।

■ प्रतिनिधिसभा हल भएन तयार, जरिवाना लगाउने सभामुखको चेतावनी



१५ जेठमै बजेट भाषणका लागि तयार हुने प्रचार गरिएको संघीय संसद् भवनको निर्माणाधीन प्रतिनिधिसभा हल असार लाग्दा पनि तयार नभएपछि सभामुख डोलप्रसाद अर्यालले सोमबार निरीक्षण गरेका छन्। सभामुख अर्यालले अन्तिम समय तोक्न र नसकिए दैनिक करोड जरिवाना लगाउनुपर्ने चेतावनी दिएका छन्। 'तपाईंहरूले कुन दिन दिने हो, त्यो फिक्स गर्नुँ। नदिने हो भने हरेक दिन एक करोड जरिवाना गराउने भनेर निर्णय गर्नुँ। यस्तो पनि हुन्छ ?' सभामुखले भने, 'एकपटक सहरी विकासमन्त्री र सचिवलाई बोलाउँ अनि बसौं। यो मजाक गरेजस्तो भयो नि,' अर्यालले भने। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

■ वीरका आवासीय चिकित्सकलाई सुविधा

लगातार २४ घण्टा ड्युटीपछि एक दिन बिदा

काठमाडौं/ वीर अस्पतालका आवासीय चिकित्सकले लगातार २४ घण्टाको ड्युटीपछि एक दिन बिदा पाउने भएका छन्। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)ले २४ घण्टा लगातार ड्युटी गरेका आवासीय चिकित्सकलाई अनिवार्य रूपमा 'पोस्ट-ड्युटी अफ' उपलब्ध गराउन वीरलाई सोमबार निर्देशन दिएको हो।

न्याम्सका सहायक डिन प्राडा विक्रम अधिकारीले अस्पताललाई परिपत्र जारी गर्दै २४ घण्टे ड्युटी पूरा गरेका आवासीय चिकित्सकलाई बिहानको वार्ड राउन्ड सकिएपछि बिदा दिन भनेका हुन्। यो नियम मंगलबारदेखि कार्यान्वयन हुनेछ। हाल प्रयोगात्मकका लागि भन्दै आवासीय चिकित्सकलाई लगातार ३६ घण्टासम्म ड्युटीमा खटाइन्छ।

निरन्तर काम गर्दा शारीरिक तथा मानसिक थकान भइरहेको भन्दै चिकित्सकले आराम गर्ने समय पनि दिनुपर्ने माग राख्दै आएका थिए। 'डाक्टरले सिक्छ भन्दै अस्पतालले ३६ घण्टासम्म लगातार काम लगाएपछि बल्ल आराम गर्न दिइन्थ्यो। अहिले सुनुवाइ भएको छ,' वीरका एक आवासीय चिकित्सकले भने।

०८१ मा सरकार र आवासीय चिकित्सकबिच भएको निर्णयअनुसार आवासीय चिकित्सकको निर्वाह भत्ता ४८ हजार सात सय तोकिएको थियो। पछिल्लो दुई महिनायता वीरले निर्वाह भत्ता दिएको छैन। चिकित्सा शिक्षा आयोगबाट रकम नआएको भन्दै अस्पतालले आवासीय चिकित्सकको निर्वाह भत्ता रोकेको हो।

पछिल्लो समय लगातार ड्युटीको दबाब, निर्वाह भत्ता नपाएको भन्दै वीरका आवासीय चिकित्सक आन्दोलित बनेका छन्। न्याम्सले २४ घण्टाको ड्युटीपछि एक दिनलाई बिदा दिने नियम कार्यान्वयन गरे पनि अन्य निर्वाह भत्ता भने दुई महिनादेखि आवासीय चिकित्सकले पाउन सकेका छैनन्। वीर अस्पतालका वरिष्ठ चिकित्सक डा. प्रकाश बुढाथोकीले आवासीय चिकित्सकले तलब समयमै हुनुपर्ने, ड्युटी आवर तोकिनुपर्ने, ड्युटी रुमको सहज व्यवस्था हुनुपर्ने, क्यान्टिन २४सै घण्टा खुल्नुपर्नेलगायत माग राखेका छन्। उनका अनुसार सोमबार आवासीय चिकित्सकसहित बसेको बैठकमा उनीहरूको सुविधाबारे छलफल भएको थियो।

असार लाग्दा पनि भित्रिएन मनसुन

मनसुनी वायुमा कम छ जलवाष्प, एकैपटक हुनेछैन देशभर सक्रिय


यम बम/नयाँ पत्रिका

यस वर्ष असार लागिसक्दा पनि मनसुनी वायु नभित्रिँदा किसान चिन्तित बनेका छन्। असारसँगै धान रोपाइँ सुरु हुने भए पनि यसपटक ढिलो गरी मात्र मनसुन भित्रिने र कमजोर प्रणाली रहेकाले पानी कम पर्ने आकलन छ।

नेपालमा सामान्यतया १३ जुनमा मनसुन प्रवेश गर्ने सरदर अनुमान हो। गत वर्ष दुई साताअघि (मध्य जेठमै) मनसुन भित्रिएको थियो। तर, प्रशान्त महासागरमा 'एल-निनो' विकसित भइसकेको र अझै बलियो बन्नेक्रममा समेत रहेकाले यसपटक मनसुनमा प्रभाव परेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् सरोजकुमार पुडासैनीले बताए। 'प्रशान्त महासागरको तापक्रम सरदरभन्दा बढी हुँदा दक्षिण एसियाली मनसुन कमजोर हुने गरेको यसअघिका तथ्यांक र अध्ययनले देखाएको छ। यसपटक पनि सोही प्रक्रियाका कारण भारतमै ढिलो गरी प्रवेश भएको छ,' उनले भने, 'नेपालमा पनि अझै भित्रिसकेको छैन। हामी अनुगमन गरिरहेका छौं। अझै केही दिन लाग्छ।'

दक्षिण भारतमा पानी परे पनि उत्तरतिर सुक्खा छ। नेपालमा अबको केही दिनमा मनसुन भित्रिहाले पनि एकैपटक देशभर वर्षाको सम्भावना कम छ। 'मनसुनी वायु भित्रिएर मात्र हुँदैन। पर्याप्त पानी पर्न हावामा जलवाष्प पनि हुनुपर्छ,' मौसमविद् पुडासैनीले भने, 'मनसुनी हावामा जलवाष्प कम छ।'

■ पश्चिम तराईमा तातो हावा कायमै



स्थानीय वायुका कारण कोशी र गण्डकी तथा देशका पहाडी क्षेत्रमा पानी परिरहेको छ। तर, तराई, त्यसमा पनि पश्चिम तराईमा भने तापक्रम उच्च छ। सोमबार नेपालगन्जमा अधिकतम तापक्रम ३९.५ डिग्री सेल्सियस मापन भएको छ। त्यस्तै, धनगढीमा ३९, भैरहवामा ३७.८ र सिमरामा ३६.२ डिग्री सेल्सियस मापन भएको छ। विभागका अनुसार मंगलबार कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी क्षेत्रमा मेघ गर्जनसहित मध्यमस्तरको वर्षाको सम्भावना छ।

यस वर्ष भारतमा पनि मनसुन आफ्नो नियमित मिति १ जुनभन्दा ढिलो गरी ४ जुनमा मात्र केरलामा प्रवेश गरेको थियो। सामान्यतया भारतको केरलामा मनसुन भित्रिएको १२ देखि १३ दिनपछि मात्र त्यो प्रणाली नेपाल आइपुग्ने गर्छ। त्यहाँ नै ढिला भएकाले नेपालमा पनि यसको असर देखिएको हो।

मनसुन घोषणा गर्नका लागि वायुमण्डलको तल्लो तहदेखि माथिल्लो तह (करिब ५-६ किलोमिटर माथि) सम्म बलियो र जलवाष्पयुक्त हावा बहने निश्चित मापदण्ड पूरा हुनुपर्छ। तर, हाल नेपालमा पश्चिमी र स्थानीय वायु नै सक्रिय छ।

विगतका वर्षमा पनि एल-निनोको प्रभाव रहँदा नेपालमा मनसुन ढिलो भित्रिएको तथ्यांक छ। यसअघि एल-निनोको प्रभाव रहेका वर्ष सन् १९७२ मा १८ जुन, १९८२ मन २७ जुन, १९८३ मा २४ जुन, १९८७ मा १४ जुन, १९९२ मा २१ जुन, १९९७ मा १४ जुन, २००२ मा १५ जुन, २००९ मा २३ जुन, २०१६ मा १५ जुन, २०१९ मा २० जुन र २०२३ मा १४ जुनमा मनसुन भित्रिएको थियो।

एल-निनोका कारण मनसुन कमजोर हुन सक्ने

जल तथा मौसम विज्ञान विभागकी प्रवक्ता विभूति पोखरेलका अनुसार हाल प्रशान्त महासागरमा 'एल-निनो' विकसित भइसकेको र यो अझै बलियो हुने क्रममा छ। यसको सिधा प्रभाव दक्षिण एसियासहित नेपालको मनसुनी प्रणालीमा पर्ने देखिएको छ। एल-निनो सक्रिय हुँदा नेपालमा मनसुन आगमन ढिलो हुनुका साथै यस वर्षको मनसुनसमेत कमजोर हुन सक्ने सम्भावना छ। विभागले यस वर्षको मसनुनमा औसतभन्दा कम पानी पर्ने र तापक्रम बढ्ने आकलन यसअघि नै सार्वजनिक गरिसकेको छ।

इरान संकट र रणनीतिक खेल सिद्धान्तका आयाम

इरानले आफ्नो परमाणु कार्यक्रमलाई जसले पहिले हात झिक्छ उसले हार्छ भन्ने नीतिका रूपमा प्रयोग गर्दै आएको छ



● डा. अम्बरिश पोखरेल

अग्रलेख

अहिलेको इरान संकटमा रणनीतिक खेल सिद्धान्तका केही प्रमुख ढाँचा विशेष महत्त्वपूर्ण छन् । पहिलो हो 'गलपासो युद्ध', जहाँ कुनै एक पक्षले पनि आफ्नो निर्णय एकतर्फी बदलेर फाइदा लिन सक्दैन । दोस्रो हो 'भाले युद्ध', जहाँ जसले पहिले हात झिक्छ उसले हार्छ, तर दुवै नहटे दुवैले ठुलो मूल्य चुकाउनुपर्छ । तेस्रो हो 'थकान युद्ध', जसमा कमजोर तर प्रतिबद्ध पक्षले शक्तिशाली पक्षको थ्रोत सकाएर अन्ततः जित्छ । चौथो हो 'बारम्बारको खेल' वा 'सतरञ्ज खेल', जसमा एउटै खेल बारम्बार खेलिन्छ र पक्षहरूले अघिल्ला दौडको इतिहास हेरेर रणनीति बदल्छन् । इरान मुख्यतः यी पछिल्ला दुई ढाँचा, थकान युद्ध र बारम्बारको खेल (सतरञ्ज खेल) मार्फत एउटा निश्चित बिन्दुसम्म टिकिरहने कोसिस गरिरहेको देखिन्छ ।

इरानको आत्मरक्षा : इरानले वर्षौंदेखि एक परिष्कृत बहुस्तरीय रणनीति अपनाउँदै आएको छ । पहिलो तहमा इरानले आफ्नो परमाणु कार्यक्रमलाई जसले पहिले हात झिक्छ, उसले हार्छ भन्ने नीतिका रूपमा प्रयोग गर्दै आएको छ । परमाणु क्षमता बढाउँदै जाने तर प्रत्यक्ष टकरावको सीमा नाघ्न नदिने नीति हो । यो परम्परागत भाले युद्ध हो । यदि इरानले परमाणु हतियार बनायो भने इजरायल र अमेरिका चुप बस्दैनन्, तर यदि पश्चिमले आक्रमण गऱ्यो भने इरान पनि पछि हट्दैन । दुवैको विनाश निश्चित भएकाले कुनै पनि पक्ष पहिले 'स्टेयरिङ' घुमाउन तयार हुँदैन । यसको सन्तुलन कायम राख्न इरानले एकातिर कूटनीतिक च्यानल सधैं खुला राख्यो, अर्कातिर हिज्बुल्लाह, हुथी र हमासजस्ता प्रोक्सी शक्तिमार्फत क्षेत्रीय प्रभाव विस्तार गऱ्यो ।

दोस्रो तहमा थकान युद्ध र सतरञ्ज खेलअन्तर्गत इरानले विभिन्न मोर्चाबाट विपक्षलाई आर्थिक र सामरिक रूपमा थकाउने उद्देश्य राखेको छ । यो तयारी कम्तीमा चार दशक (सन् १९८६ देखि) देखि भइरहेको देखिन्छ । एकल मोर्चामा हार्नु इरानको अन्तिम हार होइन । प्रत्येक दौडमा प्रतिद्वन्द्वीलाई उसको खर्च बढाउन बाध्य पार्नुपर्ने महत्त्वपूर्ण हो । इरानको लक्ष्य अमेरिका-इजरायल गठबन्धनलाई वैश्विक ऊर्जा बजार, आन्तरिक राजनीतिक समर्थन र गठबन्धनको एकतामा यति धेरै खर्च गराइदिनु छ कि निरन्तर लडाइँको फाइदा वार्ताको फाइदाभन्दा कम होस् । इरानले मध्यपूर्वमा चलाएको प्रोक्सी युद्धदेखि हजारौं संख्यामा निर्मित सस्तो तर उन्नत मिसाइल तथा ड्रोन यसैका अंश हुन् ।

तेस्रो तहमा हर्मुज जलमार्ग हो । यो साँघुरो समुद्री मार्गबाट ठुलो परिमाणको तेल आपूर्ति हुन्छ । इरानको यसलाई बन्द गर्ने धम्की मात्रले पनि वैश्विक ऊर्जा बजारमा कम्पन आउँछ । यो भालेयुद्धअन्तर्गत खाडलको किनारसम्म जाने तर आफू नखस्ने 'सीमा रणनीति'को उत्कृष्ट उदाहरण हो । चौथो तहमा खाडी देशमाथि दबाब कूटनीतिको दोसाँधे गलपासो लगाउनु हो । इरानको ड्रोन र मिसाइल प्रहारले खाडी देशलाई यस्तो अवस्थामा राखेको छ, जहाँ न इजरायल तथा अमेरिकाको पूर्ण समर्थन सम्भव छ, न इरानको खुला प्रतिरोध । इरान चाहन्छ, खाडी देशहरू हालको पक्षधरता परिवर्तन गर्न बाध्य बनून् । यो दोसाँधे गलपासो नीतिको बहुपक्षीय सफल प्रयोग हो ।

अमेरिका र इजरायलको जवाफी रणनीति : अमेरिकाले इरानको सैन्य क्षमता कमजोर पार्दै खुला जमिनी आक्रमण र वैश्विक आर्थिक महाविनाश दुवैबाट जोगिने नियन्त्रित रणनीति अपनाएको छ । इरानका मिसाइल प्रक्षेपक, वायु रक्षा प्रणाली र कमान्ड केन्द्र लक्षित गरी सैन्य अभियान सञ्चालन भइरहेका छन् । यस युद्धमा अमेरिकाको उद्देश्य गलपासोको अवस्था तोड्नु हो, अर्थात् इरानलाई यति कमजोर पार्ने कि उसले आफ्नो वर्तमान रणनीति परिवर्तन गर्नु नै फाइदाजनक देखोस् । तर, यहाँ एउटा गम्भीर रणनीतिक असन्तुलन देखिएको छ । अमेरिकाले आफ्ना उपलब्ध 'थाड'जस्ता इन्टरसेप्टरहरूको उल्लेख्य हिस्सा खर्च गरिसकेको छ, जबकि इरानको मिसाइल उत्पादन दर अमेरिकाको प्रतिस्थापन दरभन्दा तीव्र छ । यो ठ्याक्कै थकान युद्धको गणित हो, जहाँ कमजोर तर प्रतिबद्ध पक्षले शक्तिशाली पक्षको थ्रोत सकाएर जित्छ । यस्तो स्थितिमा खेलको गणितीय हिसाब केही वर्षका लागि फेरि पनि इरानकै पक्षमा देखिन्छ ।

इजरायलका थप रणनीतिक हतियार : अब्राहम अकर्डको विस्तारअन्तर्गत युएई, बहराइन र सुडानसँग सामान्यीकरण सम्झौतापछि इजरायलले साउदी अरेबियालाई पनि यही ढाँचामा तान्ने प्रयास गरिरहेको छ । यसको उद्देश्य इरानलाई कूटनीतिक घेरामा पार्नु हो, जुन गलपासो खेलको अंश हो । साइबर हमलामार्फत इजरायलले इरानको नतान्ज परमाणु संयन्त्रका सेन्ट्रिफ्युजहरू नष्ट गरिदियो । अमेरिकासँग मिलेर इरानमाथिको प्रतिबन्धलाई थप कडा गर्ने र तेल निर्यात शून्यमा झार्ने रणनीति थकान युद्धको आर्थिक मोर्चा हो ।

साउदी अरेबिया र युएईसँग अनौपचारिक सैन्य समन्वय बढाएर इजरायल इरानविरुद्ध बहुपक्षीय घेरा तयार गर्न चाहन्छ, जसमा इरानको कुनै पनि एकतर्फी आक्रामक कदमले सामूहिक प्रतिक्रियाको जोखिम निम्त्याउँछ । यी चार रणनीतिलाई हेर्दा तीन सिद्धान्तको समन्वय देखिन्छ, गलपासो युद्ध, घाटा फल खेल र थकान युद्ध । तर, यो संयुक्त रणनीतिमा इजरायलको एउटा गम्भीर कमजोरी छ, रणनीतिहरू समन्वितभन्दा समानान्तर छन् र इरानले यही असमन्वयको फाइदा उठाइरहेको छ ।



इरानमा नेतृत्व उन्मूलनको प्रभाव : नेतृत्व उन्मूलनको सैन्य तर्क आकर्षक देखिन्छ, किनभने यसले विजय छिटो हुने आभास दिन्छ, तर बारम्बारको खेलको रणनीतिक तर्क प्रायः उल्टो हुन्छ । जब विरोधीको कमान्ड संरचना नष्ट गरिन्छ, उसको जिम्मेवारी वहन गर्ने, शत्रु पक्षसँग संवाद गर्ने र विषयप्रति प्रतिबद्ध हुने क्षमता हटेर जान्छ, अर्थात् खेल अन्त्य गर्ने संयन्त्र नै हराउँछ । रणनीतिकार थोमस स्केलिङको तर्कअनुसार शक्तिशाली विरोधीलाई पनि बाहिर निस्कने बाटो छोड्नुपर्छ, अन्यथा प्रतिरोध झन् बढ्छ र एउटा संरचना नष्ट गर्दा त्यसको ठाउँमा अझ विखण्डित तर उत्तिकै खतरनाक संरचना उम्रन्छन् ।

> इरान संकटमा रणनीतिक खेल सिद्धान्तका सबै ढाँचा, गलपासो युद्ध, भाले युद्ध र थकान युद्धले एउटै सत्य उजागर गर्छन्- परस्पर विनाशको गणितमा कोही विजेता हुँदैन

यो विरोधाभास अहिले इरानमा व्यापक देखिँदै छ । इस्लामिक रेभोलुसनरी गार्ड कोर्प्सका कमान्डरहरू आआफ्नै थ्रोत र स्वविवेकमा स्वतन्त्र रूपले युद्ध मैदानमा सक्रिय छन् । यो विकेन्द्रित संरचना इरानले पूर्वनियोजित रूपमा इराक, लिबिया र अफगानिस्तानका घटना हेरेर निर्माण गरेको थियो, ताकि शत्रुले केन्द्रीय नेतृत्व नष्ट गरे पनि लडाइँ जारी रहोस् । इरानले यो 'मोजाइक डक्ट्रिन' सन् १९९७ देखि सोच्न थाल्यो, २००३ इराक युद्ध तथा लिबिया घटनापछि यसलाई व्यावहारिक रूप दियो ।

बहुपक्षीय खेलको जटिलतामा रुस र चीनको रणनीति : यो संघर्ष कहिल्यै द्विपक्षीय थिएन । कम्तीमा चौध सहभागी भएको जटिल बहुपक्षीय खेल हो, रुस, चीन, जिसिसी देश, हुथी, हिज्बुल्लाह, हमासदेखि तुर्किये सम्म सबैले आआफ्नै हिसाबमा यो खेल खेलिरहेका छन् । रुसले इरानलाई अमेरिकी युक्रेन नीतिको बदलामा गुप्त सहयोग दिइरहेको छ, 'जस्तालाई त्यस्तै' भन्ने नीतिको प्रयोग हो यो । साथै, हर्मुज जलमार्ग बन्द हुँदा उच्च तेल मूल्यबाट रुसले युद्धका लागि अतिरिक्त नाफा कमाइरहेको छ । बेइजिङले इरानको ऊर्जामा भविष्यको अधिकार सुरक्षित गरेको छ, इरान जिते सस्तो तेल, इरान हारे अमेरिकासँग व्यापारिक सम्बन्ध जोगाउने दाउ ।

हर्मुजमार्फत अमेरिकी रणनीतिको सम्भावित ढोका : हर्मुज जलमार्ग लामो समय बन्द हुँदा एसियामा ऊर्जा संकट उत्पन्न भएको देखिए पनि यसका गहिरा भूराजनीतिक आयाम छन् । जापान, कोरिया र भारतजस्ता देशको तेल आयात ठप्प हुँदा उत्पादन र यातायात प्रभावित हुन्छ । सबैभन्दा ठुलो धक्का चीनलाई लाग्छ । दैनिक दसौं लाख ब्यारेल तेल अभावमा चिनियाँ कारखाना बन्द हुन्छन् र चिनियाँ पैसा (युआन) स्वतः कमजोर हुन्छ ।

यहाँ दुई फरक खेल सिद्धान्त एकसाथ सक्रिय हुन्छन् । पहिलो, हर्मुज बन्द हुँदा इरान, अमेरिका, इजरायल र चीन सबैलाई एकसाथ हानि पुग्छ । दोस्रो, तर यही संकटभित्र अमेरिकाका लागि एउटा नयाँ अवसर लुकेको छ, त्यो हो चीनको आर्थिक क्षति ठ्याक्कै अमेरिकाको सापेक्षिक भूराजनीतिक लाभमा रूपान्तरित हुन्छ, जुन डोनाल्ड ट्रम्पको मागा नीतिको एउटा हिस्साका रूपमा समाहित हुन आउँछ ।

ऐतिहासिक मानव चेतनाको प्रयोग र सामूहिक सचेत त्याग : इजरायलका लागि यस संघर्षको सबैभन्दा सुविचारित परिदृश्य निर्णायक विजयमा होइन, बरु एउटा थकित र अस्थिर आंशिक युद्धविरामका रूपमा समाप्त हुन सक्छ, जहाँ इरान कमजोर, सायद आन्तरिक रूपमा विखण्डित, तर परमाणु हतियार अप्रसार नीतिप्रति कम प्रतिबद्ध हुने अवस्था आउन सक्छ ।

इरान समयको खेल खेलिरहेको छ भने अमेरिका र इजरायल परिणामको खेल । दुवैले आआफ्नो स्वार्थमा खेल्दाखेल्दै अन्ततः बारम्बारको खेलको (सतरञ्ज) अवस्थामा फर्कनेछन् । यसरी परस्पर अविश्वासले दुवैलाई हानिकारक विकल्पतर्फ धकेलिरहेको छ । दीर्घकालीन शान्ति केवल सैन्य विजयबाट होइन, साझा नैतिक चेतना र संस्थागत सहकार्यबाट आउने गर्छ ।

रणनीतिक खेल सिद्धान्तको सबैभन्दा महत्त्वपूर्ण पाठ यो हो कि युद्धमा जित्नु मात्र पर्याप्त छैन । खेल कसरी र कहिले अन्त्य गर्ने भन्ने जान्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । जब सबै चाल समाप्त हुन्छन् र विनाश मात्र बाँकी रहन्छ, त्यहींबाट मानव चेतनाको नयाँ यात्रा सुरु हुन्छ । दुवै पक्षले यस्तो खेल अनन्त मान्छन् भने सहकार्य पनि अनिवार्य रूपमा सम्भव बनाइनुपर्छ । अमेरिकालाई थाहा छ, इरान अर्को शताब्दी पनि रहन्छ । इरानलाई पनि थाहा छ, इजरायल पनि रहन्छ । यही भविष्यको छाया नै कूटनीतिक समाधानको दीर्घकालीन आधार हो ।

यस आधारमा मध्यपूर्वको यथार्थवादी विकल्प भनेको 'चेतनशील त्याग सन्तुलित शान्ति मोडल' हो । यो मोडल कुनै बाह्य दबाबले होइन, उनीहरूको आन्तरिक मानव चेतनाको जागरणले मात्र सम्भव हुन्छ ।

पहिलो चरणमा इरानले आफ्नो आणविक हतियारको महत्त्वाकांक्षा र क्षेत्रीय प्रोक्सी रणनीति औपचारिक रूपमा त्याग्नुपर्छ भने अमेरिका र इजरायलले इरानको अस्तित्वलाई स्विकार्दै आर्थिक नाकाबन्दी तत्काल हटाउनुपर्छ । दोस्रो चरणमा इजरायलले आफ्ना छिमेकी देशसँग बाध्यकारी शान्तिकामी सीमा सम्झौता गर्नुपर्छ । यो इजरायलका लागि कमजोरी होइन, साझा ऐतिहासिक चेतनाबाट निर्मित नयाँ युगको सुरुवात हो । तेस्रो चरणमा मध्यपूर्वमा इजरायल, इरानसहित दर्जनौं देशको शान्ति दिगबन्धन निर्माण गर्नुपर्छ, जसलाई संयुक्त राष्ट्र संघले स्वामित्व ग्रहण र अन्तर्राष्ट्रिय समुदायले स्वागत गरोस् ।

निष्कर्ष : इतिहासले बारम्बार सिकाएको छ कि युद्धको अन्तिम विजेता कहिल्यै हतियार होइन, चेतना हो । इरान संकटमा रणनीतिक खेल सिद्धान्तका सबै ढाँचा, गलपासो युद्ध, भाले युद्ध र थकान युद्धले एउटै सत्य उजागर गर्छन्, परस्पर विनाशको गणितमा कोही विजेता हुँदैन ।

त्यसैले, अब आवश्यकता छ, ऐतिहासिक चेतनशील त्याग र सन्तुलित शान्ति मोडलको । यो मोडल कुनै आदर्शवादी कल्पना होइन, यो खेल सिद्धान्तकै अनिवार्य सर्तमा आधारित मध्यपूर्वको यथार्थवादी विकल्प हो । जब सबै चाल समाप्त हुन्छन् र विनाश मात्र बाँकी रहन्छ, त्यहींबाट मानव चेतनाको नयाँ यात्रा सुरु हुन्छ । मध्यपूर्वले त्यो यात्रा कहिले सुरु गर्ला ? यद्यपि, अहिले दुवै पक्षबिच युद्धविरामको सहमति भएका समाचार आइरहेका छन्, तर हस्ताक्षर भने भइसकेको अवस्था छैन ।

(डा. पोखरेल राजनीति, भूराजनीति र अनुसन्धानका क्षेत्रमा कलम चलाउँछन्)

---

३ प्रश्न

त्रिविका उपप्राध्यापक तथा राजनीतिक विश्लेषक **माधव न्यौपाने**लाई



कांग्रेसको आन्तरिक किचलोलाई कसरी हेर्नुभएको छ ?

कांग्रेस लोकतान्त्रिक चरित्र बोकेको पार्टी हो । यस्तो पार्टी आन्तरिक विवादका कारण फुटको डिलमा पुगेको देखिनु पक्कै पनि चिन्ताको विषय हो । विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई सर्वोच्चले समेत मान्यता दिइसकेपछि त्यसलाई स्विकारेर जानुको विकल्प छैन । जनमानसमा पुरानाले केही गरेनन्, गर्न सक्दैनन् र ती सबै खत्तम हुन् भन्ने भाष्यले जरा गाडिसकेको अवस्थामा परिणाम सुखद नआए पनि नेताहरूले यही नेतृत्वलाई स्विकारेर निर्वाचनमा गएको सत्य हो । यस्तोमा राष्ट्रियता, महँगी, जनजीविकालगायत अनेकौं सवालमा एकढिक्का भई सशक्त आवाज उठाउनुपर्ने कांग्रेसका नेताहरू आफैं जुध्नु राम्रो भएन ।

इतर समूहका नेताहरूले एकताको रट लगाएको देखिए पनि फुटको अभ्यास गरिरहेका छन्, भनिन्छ नि ?

पूर्वमहामन्त्री शशांक कोइरालाले फार्टी फुटको दिशामा अग्रसर भएको बताएका छन् भने अर्का नेता शेखर कोइरालाले चाहिँ पार्टी फुट्न नदिने उद्घोष गरेका छन् । तर, सायद पार्टीभित्रको सुरक्षित जीवनका लागि 'बार्गेनिङ' गर्न यो सबै विवाद मच्चाइएको पनि हुन सक्छ । यस्तो विवाद हुँदा अन्य पार्टी भए फुटिसक्थे । तर, कांग्रेसभित्र विरोध गर्न पाइने, आफ्ना कुरा राख्न पाइने हुनाले पनि यो पार्टी फुटी पो हाल्छ कि जस्तो देखिए पनि फुटकै अवस्थामा भने नपुग्ला र नपुगोस् पनि ।

आगामी दिनमा कांग्रेस कसरी अघि बढ्नु ठिक होला ?

दुवै पक्षले राजनीतिक प्रतिशोध हटाउनुपर्छ । अनुशासनको डन्डा चलाउन छाड्नुपर्छ । आरोप-प्रत्यारोप छाडेर संवादहीनता अन्त्य गर्दै नेताहरूले आआफ्ना कुरा प्रस्ट राख्नुपर्छ । संकटको डिलमा उभिएको पार्टीमा सहमति छाडेर फुटको बाटोमा गए दुवै पक्षका नेता, कार्यकर्ताको भविष्य अन्धकारमय हुने पक्का छ । त्यसैले, विवाद थाती राखेर सबै पार्टीको विधि, विधानअनुसार अघि बढ्नुपर्छ ।

प्रेरक प्रसंग

चंगा र हाम्रो जिन्दगी

एक बालक पुत्रले पितासित प्रश्न गरे- बाबा, यो सफल जीवन भनेको के हो ? कस्तो जीवन सफल हुन्छ ? पुत्रको प्रश्नले पिता गम्भीर बने । एकैछिन सोचेर उनले एउटा चंगा र लट्टाई साथमा लिएर पुत्रलाई एउटा खुला चौरमा लगे । चौरमा पुगेपछि पिताले चंगा उडाउन सुरु गरे । एकैछिनमा चंगा निकै माथि पुग्यो ।



उडिरहेको चंगा चुपचाप हेरिरहेका पुत्रले पितासित भने- बाबा, यो धागोले गर्दा चंगा धेरै माथि जान सकेन । धागो चुँडालिदिऊँ न ! सायद धागो चुँडालिदिएपछि यो धेरै माथि पुग्छ होला । पिताले पुत्रको चाहनाअनुरूप चंगाको धागो चुँडालिदिए । धागो चुँडिएपछि चंगा केहीबेर हावामा लहरायो र केही पर पुगेर भुइँमा खस्यो ।

यो देखेर पुत्र छक्क परे । पिताले उनलाई जीवन दर्शन सम्झाउँदै भने- बाबु, जिन्दगीमा हामी पनि यो चंगाजसरी नै सफलताको उच्च श्रेणीमा पुग्न सक्छौं । त्यहाँ पुगेपछि हामीलाई लाग्न थाल्छ कि कुनै न कुनै बन्धनले आफूलाई माथि जानबाट रोकिरहेको छ । जस्तो कि घर, परिवार, अनुशासन, माता, पिता, आफन्त, साथीसंगी आदि । थप सफलताको विन्दुमा पुग्न हामी यी सबको बन्धन चुँडालेर स्वतन्त्र हुन खोज्छौं ।

वास्तवमा त्यो बन्धन नै हाम्रो जीवनको त्यो धागो हो, जसले हामीलाई जतिसुकै उचाइमा पुगे पनि सन्तुलन कायम राख्न सघाइरहेको हुन्छ । तर, जब हामीलाई लाग्न थाल्छ कि यो सब बन्धन चुँडालेर म अझै माथि पुग्न सक्छु, त्यतिखेर हाम्रो हविगत पनि यही चंगाकोजस्तै हुनेछ । त्यसैले, तिमी जीवनमा जतिसुकै सफल भए पनि यो धागोसितको नाता कहिल्यै चुँडिन नदिनू ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पार्टी पुनर्गठन कि फुट ?

एमाले अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टी फुटाउने प्रयास भइरहेको दाबी गरेको समाचार पढियो । के हिजो ओलीलाई अध्यक्ष बनाउन काँध थापेर हिँड्ने नेताहरू नै त्यसरी पार्टी फुटाउन उद्यत होलान् र ? ओलीकै पार्टीका नेता, कार्यकर्ताबाहेक त अरू कसले पो एमाले फुटाउने रहर गर्दो हो र ! त्यसैले, अध्यक्ष ओलीले पार्टी पुनर्गठनका लागि मार्गप्रशस्त नगरेमा पार्टीको तल्लो तहका नेताले यसको पहल गर्नुपर्छ । त्यसरी गरिने पहलले पार्टीलाई एउटै ढिक्का राखी परिवर्तित सन्दर्भअनुकूल गति दिन्छ भने त्यसलाई पार्टी फुटाउने षड्यन्त्र देख्नु नेतृत्वको 'दोषी चस्मा' मात्र हो ।

● **सुविज्ञ कटुवाल**, दधिकोट, भक्तपुर

प्रभावकारी बिमा चाहियो

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय स्वास्थ्य विभागले स्वास्थ्य बिमा बोर्डलाई प्रभावकारी बनाउन प्रधानमन्त्री पदेन हैसियतमा बोर्डको अध्यक्ष रहनुपर्ने व्यवस्था मिलाउन सुझाव दिएको समाचार पढियो । अहिले नै पनि प्रधानमन्त्री दर्जनौं संस्थाको पदेन प्रमुख रहेको अवस्था छ । यस्तोमा प्रधानमन्त्रीलाई थप भारी बोकाउनु कति जायज होला ? स्वास्थ्य बिमामा व्यापक लापरबाही भएको छ । बिमितले सेवा पाइरहेका छैनन् । त्यसैले, हामीलाई प्रभावकारी बिमा चाहियो ।

● **सुविधा न्यौपाने**, सतुंगल, काठमाडौं

टेम्पोको क्षतिपूर्ति देऊ

वन कर्मचारीले एउटा टेम्पो भिरबाट खसालिदिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको र त्यसै प्रकरणमा १२ जना वन कर्मचारी प्रहरी नियन्त्रणमा रहेको समाचार पढियो । बिग्रिएको टेम्पोलाई सडक किनारामा राखेर सामान व्यापार गर्नु रहर नभई बाध्यता हो । यस्तो बाध्यतामा रहेका आफ्ना नागरिकलाई सम्झाई बुझाई गरी सहजीकरण गरिदिनुपर्नेमा त्यसरी अर्काको सम्पत्ति भिरबाटै खसालिदिनु गम्भीर गल्ती हो । यसमा छानबिन गरी दोषीमाथि कारबाही गर्नुका साथै टेम्पोको क्षतिपूर्ति दिइयोस् ।

● **वन्दना प्रसाई**, कीर्तिपुर, काठमाडौं

कांग्रेस अब फुट्ने कि जुट्ने ?

यतिखेर कांग्रेसका पूर्वसंस्थापन गुटका नेता पार्टी केन्द्रको समानान्तर गतिविधिमा लागेका छन् । उनीहरू पार्टी सभापतिमा आफूभन्दा 'जुनियर' गगन थापा निर्वाचित भएर आएको पत्यासै तयार छैनन् । उनीहरूलाई एउटै चिन्ता छ, अब पार्टी सत्ता आफ्नो फुस्तामा फर्किंदैन । हो, उनीहरूको चिन्ता जायज पनि हो । किनकि, गगन-विश्वको पुस्तामा आइसकेको कांग्रेस नेतृत्व पश्चगामी बाटोबाट पुनः पूर्णबहादुर-शेखर कोइराला समूहमा फर्किनेवाला छैन र फर्किनु पनि हुँदैन । अब नेतृत्व हस्तान्तरण हुँदा पनि गगन-विश्वको पुस्ताबाट तलै जाने हो, फर्केर माथि पुग्न सक्दैन र कथं फर्किहालेमा पनि त्यस्तो अप्राकृतिक हुनेछ ।

त्यसो भए के पूर्वसंस्थापन गुटका नेताले अहिले पार्टी जुट्नुमा भन्दा फुट्नुमा आफूहरूलाई लाभ हुने देखिरहेका छन् हो ? नत्र उनीहरू पार्टी केन्द्रको निर्देशनविपरीत किन क्रियाशील सदस्यता अद्यावधिक गरिरहेका छैनन् ? अनि, उनीहरू किन अरूहरूमा समेत भ्रम फैलाउने गरी सदस्यता अद्यावधिक नगर्न अपिल गरिरहेका छन् त ? के सदस्यता अद्यावधिक गराउँदा उनीहरू साना हुन्छन् हो ? सदस्यताको विवरण अनलाइनमा 'अपटुडेट' राख्ने कार्य गलत हो र ? अनि, पार्टी नफुटाउने हो भने उनीहरू किन पार्टीभित्र समानान्तर गतिविधि गरिरहेका छन् ? कि त उनीहरूले पार्टी अनुशासन मानेर पार्टीको निर्देशनअनुरूप सदस्यता अद्यावधिक गरून् कि त उनीहरूले नयाँ पार्टी गठन गरून् । यसरी एउटै पार्टीभित्र बसेर जहिल्यै 'ल्याङल्याङ' गरेर त पार्टी कसरी पो चल्ला र ?

● **सुमना मैनाली**, टीकाथली, ललितपुर

भारतमा किन हुँदै छ नेहरू र मोदीको तुलना ?

नेहरूको राजनीति र शासनले धर्मनिरपेक्ष राष्ट्रवादलाई प्रतिबिम्बित गर्थ्यो भने मोदीको शासनले हिन्दु राष्ट्रवादलाई



देश / विदेश

● आशुतोष वार्ष्णेय

(वार्ष्णेय 'ब्राउन युनिभर्सिटी'का राजनीति विज्ञानका प्रोफेसर हुन्)

सत्तारुढ 'भारतीय जनता पार्टी (भाजपा)'ले फेरि अर्को एक नयाँ राजनीतिक 'कीर्तिमान'को उत्सव मनाइरहेको छ । देशका प्रमुख हिन्दु राष्ट्रवादी विचारकमध्ये एक राम माधवले इन्डियन एक्सप्रेसको आफ्नो नियमित स्तम्भका जुन ६ को संस्करणमा लेखे- 'जुन १० का दिन प्रधानमन्त्री नरेन्द्र मोदीले लगातार चार हजार ३९९ दिन पदमा रहेर प्रधानमन्त्रीका रूपमा जवाहरलाल नेहरूको चार हजार ३९८ दिनको रेकर्ड तोड्नेछन् ।'

यस कीर्तिमानको राजनीतिक महत्त्वलाई उजागर गर्न भाजपाले पार्टी अध्यक्ष नितिन नवीन र गृहमन्त्री अमित शाहको नेतृत्वमा नयाँदिल्लीको 'भारत मण्डप'मा एक भव्य कार्यक्रम आयोजना गऱ्यो । तर, प्रधानमन्त्री मोदीले नेहरूले भन्दा लामो शासन गरेको दाबीमा स्वतन्त्र विद्वान्ले भने आश्चर्य मानेका छन् । आखिर, नेहरू १५ अगस्ट १९४७ देखि मे २७, १९६४ सम्म जम्मा १७ वर्ष प्रधानमन्त्री थिए, जबकि मोदी प्रधानमन्त्री भएको लगभग १२ वर्ष भयो ।

पदावधि कसरी गणना गरिएको छ भनेर ध्यान दिइयो भने यो भ्रम केही हदसम्म कम हुन्छ । राम माधवका अनुसार गणना सन् १९४७ बाट नभएर पहिलो आमचुनाव (१९५२)पछि नेहरू प्रधानमन्त्री बनेको दिनबाट सुरु हुनुपर्छ । हिन्दु राष्ट्रवादीहरूले बारम्बार दोहोऱ्याउने गरेको दाबीअनुसार महात्मा गान्धीले हस्तक्षेप नगरेको भएर बल्लभभाइ पटेल स्वतन्त्रतापछि (सन् १९४७) मा भारतका पहिलो प्रधानमन्त्री बन्ने थिए । शासन अवधिको यो हिन्दु राष्ट्रवादी गणनामा बहस गर्नु समयको नाश मात्र हो ।

तथ्यांकले जे भने पनि मोदीले भारतमा लामो समयदेखि शासन गर्दै आएको सत्य हो । तथापि, मोदी र नेहरूबिचको तुलना राजनीतिक र वैचारिक रूपमा महत्त्वपूर्ण छ । नेहरूले बिआर अम्बेडकरसँग मिलेर भारतमा संवैधानिक तथा धर्मनिरपेक्ष लोकतन्त्रको जग बसाल्न महत्त्वपूर्ण भूमिका खेले । र, मोदी हिन्दु राष्ट्रवादी व्यवस्था निर्माण गर्ने प्रयासमा लागिरहेका अग्रणी व्यक्तित्वमध्ये एक हुन् ।

तथापि, कठोर प्रयासका बाबजुद हिन्दु राष्ट्रवादले अझै संवैधानिक मान्यता पाउन सकेको छैन । सन् २०२४ को लोकसभा चुनावमा भाजपाले दुईतिहाइ बहुमत जितेको भए सम्भवतः संविधान फेरिन्थ्यो होला । तथापि, मोदीको शासन सुरु भएयता राजनीतिक रूपमा यो विचारले उल्लेखनीय प्रभाव बनाएको छ । मोदीले नेहरूले प्रतिनिधित्व गरेका सबै कुराको पूर्ण विपरीत विचारधारालाई प्रतिनिधित्व गर्छन् ।

सन् १९४० र १९५० को दशकमा भारतका मूलधारका बुद्धिजीवीले भाजपाको मातृसंस्था आरएसएस र सोसिकट हिन्दु महासभाले अपनाएको हिन्दु राष्ट्रवादलाई राष्ट्रवाद मान्दैनथे । उनीहरू ती समूहका विचारलाई 'हिन्दु साम्प्रदायिक' विचार भन्थे । त्यसैगरी, मोहम्मद अली जिन्ना र मुस्लिम लिगले बोकेको मुस्लिम राष्ट्रवादलाई 'मुस्लिम साम्प्रदायिकता' भनिन्थ्यो । यी दुई भारतका धार्मिक राष्ट्रवादका दुई धारा थिए ।

भारतमा सन् १९२० को दशकदेखि हिन्दु राष्ट्रवादको मुद्दालाई चर्कोसँग उठाउने व्यक्तित्व विनायक दामोदर सावरकर थिए । उनले हिन्दु राष्ट्रवादमा महत्त्वपूर्ण ऐतिहासिक पहलु पनि जोडे । सावरकरका अनुसार



भारतमा ब्रिटिस शासन स्थापित हुनुअघि मुस्लिमले शासन गर्थे । राज्यशक्तिको आडमा मुस्लिम शासकले हिन्दुमाथि प्रभुत्व जमाएका थिए । त्यही तर्कका आधारमा हिन्दुले राज्यशक्तिको नियन्त्रण प्राप्त गरेपछि गैरहिन्दु, विशेषगरी मुस्लिममाथि प्रभुत्व स्थापित गर्नुपर्ने उनको तर्क थियो । भारतीय स्वतन्त्रता आन्दोलनका दुई प्रमुख नेता महात्मा गान्धी र अब्दुल कलाम आजाद धार्मिक प्रवृत्तिका व्यक्ति थिए । तर, दुवै धर्मनिरपेक्ष राष्ट्रवादका समर्थक बने । यस्तोमा मोदी नेहरूका मात्र राजनीतिक विरोधी नभई ती दुई नेता आजाद र गान्धीका पनि विरोधी हुन् । आफैं हिन्दु धार्मिक अनुष्ठानको अभ्यास गर्ने गान्धी भन्थे, 'कसैले भारतमा हिन्दुहरू मात्र बस्नुपर्छ भन्ने विश्वास गर्छ भने ऊ सपनाको संसारमा बाँचिरहेको छ । हिन्दु, मुस्लिम, पारसी र इसाई, जसले भारतलाई आफ्नो देश बनाएका छन्, ती सबै देशवासी हुन् ।'

त्यस्तै, जिन्ना र उनको पाकिस्तान निर्माण आन्दोलनको विरोध गर्ने मौलाना आजाद भन्थे, 'म मुस्लिम हुँ र यसमा गर्व गर्छु । र, साथमा मलाई भारतीय हुनुमा पनि गर्व छ ।'

स्वतन्त्रतापछि भारतको संविधानले राज्यको धर्मनिरपेक्ष दृष्टिकोण अपनायो । संविधानले यसका लागि दुई प्रमुख सिद्धान्त अपनाएको थियो- सबै धर्मको समानता र सरकार धार्मिक रूपमा तटस्थ रहने । हिन्दुलाई कुनै विशेष अधिकार दिइएन । तर, अहिले सावरकरको दृष्टिकोण अँगालेका मोदी त्यसलाई उल्ट्याउन चाहन्छन् । नेहरूको राजनीति र शासनले धर्मनिरपेक्ष राष्ट्रवादलाई प्रतिबिम्बित गर्छ भने मोदीको राजनीति र शासनले हिन्दु राष्ट्रवादलाई प्रतिबिम्बित गर्छ ।

संविधान अझै पनि उल्लेखनीय रूपमा परिवर्तन भएको त छैन तर के हिन्दु राष्ट्रवादीले अन्ततः संविधान पनि परिवर्तन गर्लान् ? त्यस्तो गर्नु नेहरूको विरासत नामेट पार्नुजस्तै हुनेछ । मोदीले यस्तो परिवर्तन र जित खोज्नेछन् । तर, लोकतन्त्रको भविष्यवाणी गर्न सकिन्न । भारत र संसारका अन्य प्रजातान्त्रिक राजनीतिमा कैयौं समय आममतदाताले शक्तिशाली नेताको योजनालाई निष्फल बनाएको इतिहास छ ।

द प्रिन्टबाट

अमेरिका र इरान युद्ध अन्त्य गर्न सहमत

शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर आगामी शुक्रबार स्विट्जरल्यान्डमा हुने

अमेरिका र इरानबिच युद्ध अन्त्यको सहमति भएको छ। केही सातादेखि जारी युद्धविरामबिच आइतबार दुई देश युद्ध अन्त्य गर्ने प्रारम्भिक सम्झौतामा सहमत भएका हुन्। यससँगै तीन महिनाभन्दा बढी समयदेखि मध्यपूर्वमा जारी युद्ध अन्त्यतर्फ उन्मुख भएको छ। पाकिस्तानका प्रधानमन्त्री तथा दुई देशबिचको मध्यस्थकर्तामध्ये एक सहबाज सरिफले अमेरिका र इरानबिच शान्ति सम्झौता भएको बताएका छन्। उनका अनुसार लेबनानसहित सबै मोर्चामा हुने सैन्य कारबाही अन्त्य गर्ने सहमति भएको छ। 'गहन वार्तापछि अमेरिका र इस्लामिक गणतन्त्र इरानबिचको शान्ति सम्झौता सम्पन्न भएको घोषणा गर्न पाउँदा हामी खुसी छौं,' उनले एक्समा लेखेका छन्, 'दुवै पक्षले लेबनानसहित सबै मोर्चामा सैन्य कारबाहीको तत्काल र स्थायी अन्त्यको घोषणा गरेका छन्।'

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका र इरानबिच सम्झौता भएको पाकिस्तानको रिपोर्टलाई पुष्टि गरेका छन्। 'इस्लामिक गणतन्त्र इरानसँगको सम्झौता अब पूरा भएको छ,' ट्रम्पले आफ्नै सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेखेका छन्। उक्त मार्ग खुलाउने र इरानी बन्दरगाहमाथिको अमेरिकी नाकाबन्दी हटाउन आफूले आदेश दिएको ट्रम्पले जनाएका छन्।

ट्रम्पले सम्झौतामा हस्ताक्षर भएपछि 'तेलको आपूर्ति पुनः सुरु हुने' र विश्व ऊर्जा आपूर्तिको मुख्य मार्ग मानिने हर्मुज जलमार्गमा अवरोध नहुने बताएका छन्। इरानी अधिकारीहरूले पनि अमेरिकासँग सम्झौता भएको पुष्टि गरेका छन्। इरानको शीर्ष सैन्य कमान्डले सम्झौतालाई तेहरानको विजयको रूपमा स्वागत गरेको त्यहाँका उपविदेशमन्त्रीले बताएका छन्।

सम्झौताको प्रारुपलाई अन्तिम रूप दिन कतारको प्रतिनिधिमण्डल आइतबार तेहरान पुगेको थियो। करिब १५ घन्टा लामो छलफलपछि इस्लामाबादमा तयार गरिएको प्रारुप टुंगोमा पुगेको थियो। अन्तिम सम्झौताका लागि ६० दिनभित्रमा वार्ता हुने तय भएको उपविदेशमन्त्रीले बताएका छन्। यसैबिच इरानी सञ्चार माध्यमले अमेरिकाले इरानमाथि लगाएको सामुद्रिक नाकाबन्दी ३० दिनभित्र अन्त्य गर्न सहमति भएको जनाएका छन्। इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद् को सचिवालयले पनि सोमबार रातिदेखि लेबनानसहित सबै मोर्चामा युद्ध र सैन्य गतिविधि स्थायी रूपमा रोक्ने जनाएको छ।

सम्झौतासम्बन्धी समझदारी पत्र (एमओयू)मा भने आगामी शुक्रबार (जुन १९) स्विट्जरल्यान्डमा औपचारिक हस्ताक्षर हुनेछ। यो सहमतिपछि सोमबार प्रारम्भिक कारोबारमै विश्व बजारमा कच्चा तेलको मूल्यमा गिरावट आएको छ। ब्रेन्ट कच्चा तेलको मूल्य प्रारम्भिक कारोबारमा करिब चार प्रतिशतले घट्दा अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियट (डब्ल्युटिआई) ४.६ प्रतिशतभन्दा बढीले घटेको छ। एसियाली सेयर बजारमा भने सामान्य वृद्धि देखिएको छ।

अन्तिम सम्झौता संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावद्वारा अनुमोदन हुने इराको अर्ध सरकारी मिडिया मेहर समाचार संस्थाले जनाएको छ।

सम्झौताको विश्वनेताले प्रशंसा गरेका छन्। संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले तत्काल र स्थायी युद्धविराम गर्ने, हर्मुज जलमार्ग खुला गर्ने तथा भावी वार्ताका लागि स्पष्ट रूपरेखा तय गर्ने सहमति गरेकोमा अमेरिका र इरान दुवैलाई बधाई दिएका छन्। 'यो द्वन्द्वलाई शान्तिपूर्ण समाधानतर्फ लैजाने महत्त्वपूर्ण खुड्किलो हो,' गुटेरेसले भने। शान्ति सम्झौताको जापान, अस्ट्रेलिया, फ्रान्स, बेलायत, टर्की जर्मनी, न्युजिल्यान्डले स्वागत गरेका छन्।

वार्ता सफल बनाउन पाकिस्तानले गरेको असाधारण मध्यस्थताको ती देशले प्रशंसा गरेका छन्। त्यस्तै, सम्झौता सफल पार्न साउदी र कतारले पुऱ्याएको सहयोगको पनि ती देशले स्वागत गरेका छन्।

■ इजरायलले कसरी हेरेको छ सम्झौतालाई ?

सम्झौतापछि देशभित्रै इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको तीव्र आलोचना भएको छ। विपक्षीहरूले इरानमाथिको अमेरिका-इजरायल युद्धमा इजरायलले आफ्नो मुख्य उद्देश्य प्राप्त गर्न असफल भएको तर्क गरेका छन्। इजरायली पत्रिका हार्तेजका स्तम्भकार गिडिअन लेभीले अलजजिरालाई बताएअनुसार यो सम्झौतालाई इजरायलमा 'इजरायल र विशेषगरी नेतान्याहूको व्यक्तिगत हार'को रूपमा हेरिएको छ। इजरायललाई 'वार्ताबाट पूर्ण रूपमा बहिष्कृत' गरिएको तर्क गर्दै लेबीले भने, 'इरान नेतन्याहुको जीवन परियोजना थियो। अब त्यो रहेन।'

इजरायलको मध्य-वामपन्थी डेमोक्र्याट पार्टीका नेता यायर गोलानले सम्झौतालाई 'धेरै वर्षको असफलताको पराकाष्ठा' भने। उनको विचारमा नेतन्याहु 'इजरायलका शत्रुसँग बलियो भएर आफ्नो कार्यकाल समाप्त गर्दै छन्।' अति-दक्षिणपन्थी राष्ट्रिय सुरक्षामन्त्री इटामार बेन-भ्गिरले इजरायल यस सम्झौताको साझेदार नभएको र यसले देशको सुरक्षा नगर्ने बताए। 'हामी लेबनानमा हाम्रा लडाकुले कब्जा गरेको कुनै पनि क्षेत्रबाट पछि हट्नुहुँदैन,' उनले अगाडि भने।

प्रारम्भिक रिपोर्टले इजरायलको घोषित रणनीतिक लक्ष्यमध्ये एक हिज्बुल्लाहलाई निःशस्त्रीकरण गर्ने कुनै उल्लेख नभएको पनि संकेत गरेको छ। इजरायल र लेबनानले जुन २२ मा वासिंटन डिसीमा अर्को चरणको वार्ता गर्ने तय भएको छ। हिज्बुल्लाहलाई उनीहरूको वार्तामा समावेश गरिएको छैन।

एजेन्सी



तस्बिर : एआई जेनेरेटेड

अमेरिका–इरान सम्झौताका बुँदा

- लेबनानसहित सबै मोर्चामा स्थायी युद्धविराम
- इरानको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने अमेरिकी प्रतिबद्धता
- ३० दिनभित्र अमेरिकी नौसेनाको नाकाबन्दी हट्ने
- इरानबाट अमेरिकी सेना फिर्ता हुने
- ३० दिनभित्र हर्मुज जलमार्ग पुनः खुल्ने
- अमेरिका र उसका सहयोगीले इरानका लागि कम्तीमा ३०० अर्ब डलरको पुनर्निर्माण योजना ल्याउने
- इरानी तेल र ऊर्जा उत्पादनमाथिको अमेरिकी प्रतिबन्ध अन्त्य गरिने
- आणविक हतियार उत्पादन नगर्ने प्रतिबद्धता इरानले दोहोऱ्याउने
- इरानवरपरको क्षेत्रमा आफ्नो सेना नबढाउने र नयाँ प्रतिबन्ध नलगाउने अमेरिकी प्रतिबद्धता

इतिहासमा आज

जुन १६



सन् १९६३ : भ्यालेन्टिना तेरेस्कोभा अन्तरिक्षमा पुगेको दिन। रुसी अन्तरिक्षयात्री तेरेस्कोभा अन्तरिक्षमा पुग्ने पहिलो महिला हुन्।

- **सन् १९०३** : हेनरी फोर्ड र ११ जना सहायक लगानीकर्ताद्वारा फोर्ड मोटर कम्पनी स्थापना।
- **सन् १९३८** : प्रसिद्ध अमेरिकी लेखक ज्वाइस कार्लोस ओट्सको जन्मदिन। उनको जन्म न्युयोर्कको लकपोर्टमा भएको थियो।
- **सन् १९७६** : दक्षिण अफ्रिकी प्रहरीद्वारा विद्यालयका सयौं प्रदर्शनकारी बालबालिकाको हत्या। अफ्रिकन (पश्चिम जर्मनी भाषा)लाई विद्यालयमा शैक्षिक भाषाको रूपमा परिचय दिने योजनाको विरोधमा प्रहरीले गोली चलाएको थियो। 'सोवेतो विद्रोह'का रूपमा आजको दिनलाई हरेक वर्ष युवा दिवसको रूपमा मनाइन्छ।
- **सन् २०१०** : भुटानमा विश्वमै पहिलोपटक देशव्यापी रूपमा सुर्तीजन्य पदार्थमाथि प्रतिबन्ध। दक्षिण एसियाली देशमा निजी स्थानमा धूम्रपान गर्न भने अझै पनि वैध मानिन्छ।
- **सन् २०१२** : पहिलो चिनियाँ महिला अन्तरिक्षयात्री लियु याङ अन्तरिक्षमा पुगेको दिन।

बेलायतमा पनि १६ वर्षमुनिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध

लन्डन/ बेलायतमा १६ वर्षमुनिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाइएको छ। प्रधानमन्त्री केअर स्टारमरले सोमबार उक्त घोषणा गरेका हुन्। सन् २०२७ को सुरुदेखि प्रतिबन्ध कार्यान्वयनमा ल्याइनेछ।

स्न्यापच्याट, टिकटक, युट्युब, इन्स्टाग्राम, फेसबुक र एक्सजस्ता प्लाटफर्ममा प्रतिबन्ध लगाए पनि ह्वाट्सएप प्रभावित हुनेछैन। 'पूर्ण प्रतिबन्ध सही विकल्प हो। म हाम्रा बालबालिकाको सुरक्षा र खुसीमा सम्झौता गर्न तयार छैन,' स्टारमरले टेलिभिजनमा प्रसारित एक विज्ञप्तिमा भने। प्रतिबन्ध लगाउने घोषणाले मिश्रित प्रतिक्रिया ल्याएको छ। केहीले सरकारी कदमको स्वागत गरेका छन् भने कतिपय अभिभावक रुष्ट बनेका छन्। केही आलोचकले सरकारले सूचनाको हकमा अंकुश लगाएको प्रतिक्रिया दिएका छन्।

प्रधानमन्त्रीले 'देशका बालबालिकाको सुरक्षा र खुसी'मा सम्झौता नगर्ने बताएका छन्। उनले प्लेटफर्महरूलाई 'लत लाग्ने गरी डिजाइन गरिएको' र 'त्यहाँ घन्टौंसम्म बन्दी बनाउने' सुविधा रहेको आरोप लगाएका छन्।

गत डिसेम्बरमा यस्तै प्रतिबन्ध लगाउने अस्ट्रेलिया विश्वको पहिलो देश बनेको थियो। सरकारले अस्ट्रेलियाबाट सिकेको छ र बेलायतको नयाँ कदमसँगै विश्वका अन्य देशले पनि अनुसरण गर्ने आशा व्यक्त गरे। अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले आफ्ना बेलायती समकक्षी स्टारमरलाई 'महत्त्वपूर्ण कदम' चालेकोमा बधाई दिए।

तर, बिबिसीकी संवाददाता टिफनी टर्नबुलका अनुसार अस्ट्रेलियाली प्रतिबन्धको ६ महिना बितिसक्दा पनि यसलाई लागू गर्नु 'अविश्वसनीय रूपमा गाह्रो' छ, किनकि हालै गरिएको एक सर्वेक्षणमा ७० प्रतिशत अभिभावकले आफ्ना बच्चा अझै पनि प्रतिबन्धित प्लेटफर्ममा रहेको स्विकारेका छन्।

युट्युब, मेटा र स्न्यापच्याट प्रतिबन्धले युवालाई 'कम सुरक्षित' प्लाटफर्मतिर धकेल्न सक्ने प्रतिक्रिया उनीहरूले दिएका छन्। मलेसिया र इन्डोनेसियाले पनि सामाजिक सञ्जालमा १६ वर्षमुनिका बालबालिकालाई प्रतिबन्ध लगाइसकेका छन्। त्यसैगरी फ्रान्स, क्यानेडा, डेनमार्कलगायत देशले बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने कानुन निर्माणको तयारी गरिरहेका छन्।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीलाई कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०३/०२ गते

यस फाइनान्सको शाखा कार्यालय, न्यूरोड, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरूले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने ब्याज तथा किस्ता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरूबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत कर्जा रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखित तथा प्रचलित कानून बमोजिम कर्जा असुल्ने क्रममा धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेचबिखन गरी कर्जा रकम असुल उपर गरिलिनेछ। सोबाट समेत असुल उपर हुनुपर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानुन अनुसार तपाँइ ऋणीहरूको अन्य चल अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ। साथै, ऋणीहरू तथा व्यक्तिगत जमानीकर्ताहरूको अन्य चल अचल सम्पत्तिहरूबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरू, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरूलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीहरूबाट नै भराई लिईनेछ। तपाई ऋणीहरूबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीहरूको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्योहरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण

नाम : राहुल कुमार साह
बाबु : गोविन्दर साह तेली
बाजे : रामपृत साह
ना.प्र.नं. : १८-०१-७९-०८०६७
मिति : २०७९-०८-११ , जि.प्र.का., महोत्तरी।
ठेगाना : पिपरा-०१, महोत्तरी
हाल : तिनकुने वडा नं ३२, काठमाण्डौ

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : गोविन्दर साह तेली	ख) नाम : रुन्ति देवी साह
बाबु : रामपृत साह	बाबु : सिताराम साहु तेली
बाजे : शिव लाल साह	पति : गोविन्दर साह तेली
ना.प्र.नं. : २२४६	ससुरा : रामपृत साह
मिति : २०४३-०९-१८, जि.प्र.का., महोत्तरी।	ना.प्र.नं. : १८३०१२/२८६
ठेगाना : एकरहिया ०४, महोत्तरी	मिति : २०६३-१०-१९ , जि.प्र.का., महोत्तरी।
हाल : तिनकुने वडा नं ३२, काठमाण्डौ	ठेगाना : एकरहिया ०४, महोत्तरी
	हाल : तिनकुने वडा नं ३२, काठमाण्डौ

धितो सुरक्षणको विवरण

भूमि प्रशासन कार्यालय लगनखेल, ललितपुरमा जग्गाधनी राहुल कुमार साहको एकलौटी नाममा हकभोग दर्ता कायम रहेको ललितपुर जिल्ला लामाटार वडा नं. ९ नक्सा सिट नं. ९ख स्थित कित्ता नं. ७२४ को क्षेत्रफल २२४.५२ व.मि को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरू, लिगलगापात समेत।

२. ऋणीको विवरण

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौं महानगरपालिका कार्यालयमा स्थानीय स्वायत्त शासन ऐन २०५५ अन्तर्गत मिति २०७४/०४/०८ दर्ता प्रमाणपत्र नं. ०७ भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, नयां बानेश्वरबाट स्थायी लेखा नं. ६०६२८१०९६ को प्रमाणपत्र प्राप्त **इलाम रेशम फेशन कलेक्सन।**

प्रोप्राईटर : कृष्ण प्रसाद फुएल
ठेगाना : बाबुराम आचार्य मार्ग, काठमाण्डौं म.न.पा. वडा नं. ३१, काठमाडौं।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

क) नाम : कृष्ण प्रसाद फुएल	ख) नाम : संगिता तिवारी
बाबु : पदम लाल फुएल	बाबु : कोप प्रसाद तिवारी
बाजे : खडानन्द फुएल	पति : कृष्ण प्रसाद फुएल
ना.प्र.नं. : ०३-०१-७०-०२०९८	ससुरा : पदम लाल फुएल
मिति : २०७०-०७-१०, जि.प्र.का., इलाम।	ना.प्र.नं. : २११०४५/२४५७६
ठेगाना : गोदक, वडा नं.४, इलाम	मिति : २०६८-०४-०८ , जि.प्र.का. रामेछाप।
हाल : पुरानो बानेश्वर, का.म.न.पा. वडा नं. ३१, काठमाडौं	ठेगाना : दोरम्बा, वडा नं. ६, रामेछाप
	हाल : पुरानो बानेश्वर, का.म.न.पा. वडा नं. ३१, काठमाडौं

१४२५ थिरबम सडक, माटमठेनी, काठमाडौं, फोन नं. ४५२५२२२, www.icfc.com.np

नबिल बैंक लिमिटेड, कर्सिया शाखा, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८३/०३/०२)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/१०/०८ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुने चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कर्सिया शाखा, मोरङ्ग**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०८/०३ मा दर्ता नं. २७७४३०/०७८/०७९ अन्तर्गत दर्ता भएको **कान्तिपुर फ्यूल सेन्टर प्रा.लि.**।
ठेगानाः मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ०३।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. टोपु ठाकुरको नाति, रामलाल ठाकुरको छोरा, मोरङ्ग जिल्ला आमगाछी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. २९३१/१३७ (जारी मितिः २०५३/०९/२३, स्थान मोरङ्ग) भएको **दिनेश लाल ठाकुर।**
२. दिनेश्वर झाकी छोरी, रामलाल ठाकुरकी बुहारी, दिनेश लाल ठाकुरकी श्रीमती, सप्तरी जिल्ला तिलाठी गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३०५९ (जारी मितिः २०५७/०३/२१ स्थान सप्तरी) भएकी **उषा झा।**

धितोको विवरण

कान्तिपुर फ्यूल सेन्टर प्रा.लि. को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला दर्वेशा गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ४ख मा अवस्थित कि.नं. ५१८ क्षेत्रफल ०-१०-०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कर्सिया शाखा, मोरङ्गबाट** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०३/०८ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कर्सिया शाखा, मोरङ्ग**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/०९ गते ४:०० बजे बैंकको **कर्सिया शाखा, मोरङ्ग**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधीभित्र आफुले कवुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कर्सिया शाखा, मोरङ्ग**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २ असार ०८३

सात प्रदेशले ल्याए तीन खर्ब १० करोडको बजेट

आन्तरिक स्रोत कमजोर, वितरणमुखी कार्यक्रमलाई प्राथमिकता

विराटनगरमा **गणेश लम्साल**, जनकपुरधाममा **हदिश खुद्दार**, मकवानपुरमा **पोष्टराज अधिकारी**, कास्कीमा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु घिमिरे**, सुर्खेतमा **रमेश रावल र** धनगढीमा **तेजराज भट्ट**

सात प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि करिब तीन खर्ब १० करोड रुपैयाँको बजेट ल्याएका छन् । प्रदेशका अर्थमन्त्रीहरूले सोमबार आ-आफ्नो प्रदेश सभामा आगामी आवका लागि सोबराबरको बजेट ल्याएका हुन् । चालू आवका लागि प्रदेशहरूले दुई खर्ब ८७ अर्ब ७० करोड ३३ लाख रुपैयाँको बजेट ल्याएका थिए । चालु आवको तुलनामा आगामी आवको बजेट ४.३१ प्रतिशत ठूलो हो । त्यसमा पुँजीगत बजेट भने एक खर्ब ६० अर्ब ९४ करोड ३१ लाख रुपैयाँ रहेको छ । चालू बजेट ७४ अर्ब ८८ करोड आठ लाख २३ हजार रुपैयाँ रहेको छ ।



सात प्रदेशमध्ये केहीले नारा र लोकरिझाउने बजेट ल्याएका छन् भने केहीले पर्यटन, प्रादेशिक पूर्वाधार, स्थानीय उत्पादनको प्रवर्द्धन, शिक्षा तथा स्वास्थ्य सेवालाई प्राथमिकतामा राखेका छन् । तर, समग्रमा भने सबै प्रदेशले वितरणमुखी कार्यक्रमलाई प्राथमिकता दिएका छन् । त्यसले गर्दा बजेटको प्रभावकारी कार्यान्वयन हुन नसक्ने तथा लक्ष्यअनुसार पुँजी र पूर्वाधार निर्माण गर्न नसक्ने विज्ञहरू बताउँछन् ।


यस्तै, खर्च बढाउन नसकेका प्रदेश सरकारले बजेटको आकार भने ठुलो बनाएका छन् । चालू आवमै प्रदेश सरकारको संशोधित खर्च अनुमान करिब ७० प्रतिशत छ । प्रदेशहरू आफैंले चालू आवमा हुने संशोधित खर्च स्वाट्टै घटाएका छन् । त्यसका बाबजुत उनीहरूले ठुलो बजेट ल्याएका छन् । यथार्थपरक बजेट ल्याउन नसक्दा कार्यान्वयनमा पनि उत्तिकै शंका छ ।

आन्तरिक स्रोत कमजोर

ठुलो बजेट ल्याएका प्रदेशको आन्तकि स्रोत भने कमजोर छ । संघबाट प्राप्त हुने अनुदान, रोयल्टी र राजस्व बाँडफाँटमै उनीहरूको बजेट निर्भर छ । आन्तिरक स्रोतबाट कोशीले पाँच अर्ब ५० करोड, मधेशले ११ अर्ब २२ करोड ७५ लाख, बागमतीले सात अर्ब ७३ करोड ९९ लाख, गण्डकीले पाँच अर्ब ८४ करोड १८ लाख, लुम्बिनीले ६ अर्ब ६१ करोड ८५ लाख, कर्णालीले ८५ करोड पाँच लाख ९० हजार र सुदूरपश्चिमले १ अर्ब ७२ करोड प्राप्त गर्ने लक्ष्य राखेका छन् ।

यी हुन् ऋण उठाउने प्रदेश

केही प्रदेशले आन्तरिक रूपमा ऋणसमेत उठाउँदै छन् । घाटाको बजेट ल्याए पनि कोशीले पाँच अर्ब, लुम्बिनीले तीन अर्ब ७३ करोड र कर्णाली ६ अर्ब ४१ करोड ५१ लाख रुपैयाँ स्रोत चालू आवको बचतबाट पूर्ति गर्ने भएका छन् । तर, मधेशले एक अर्ब ५० करोड र गण्डकीले एक अर्ब ७५ करोड ऋण लिने भएका छन् । सुदूरपश्चिमले दुई अर्ब हाराहारीमा आन्तरिक ऋण उठाउने लक्ष्य लिएको छ भने बागमतीले ऋण उठाउने योजना बनाएको छैन ।



कोशीको पाँच प्रतिशतको आर्थिक वृद्धि लिने लक्ष्य


विदुरकुमार लिङ्थेप
आर्थिक मामिलामन्त्री, कोशी

कोशी प्रदेशले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँको बजेट ल्याएको छ । सोमबार प्रदेश सभामा आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले चालू आवको भन्दा १३ प्रतिशत ठुलो बजेट प्रस्तुत गरेका हुन् । त्यसमा पुँजीगततर्फ २० अर्ब ७५ करोड ९९ लाख, चालूतर्फ १३ अर्ब ९७ करोड ६३ लाख र वित्तीय व्यवस्थातर्फ १५ करोड बजेट विनियोजन गरिएको छ । वित्तीय हस्तान्तरणतर्फ भने पाँच अर्ब ५६ करोड १६ लाख बजेट छुट्याइएको छ । चालू आवमा कोशी प्रदेशको ३.१३ प्रतिशत आर्थिक वृद्धिदर हुने अनुमान गरिएकोमा आगामी आवमा पाँच प्रतिशतको लक्ष्य राखेको छ ।

कोशीले आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड र राजस्व बाँडफाँटबाट १२ अर्ब ८७ करोड स्रोत प्राप्ति हुने अनुमान गरेको छ । यसैगरी, संघीय अनुदानतर्फ वित्तीय समानीकरणबाट नौ अर्ब १२ करोड, सशर्तबाट पाँच अर्ब ९५ करोड, समपूरकबाट ६४ करोड, विशेषबाट ५५ करोड, रोयल्टीबाट ४१ करोड र सोझै भुक्तानीबाट २० करोड प्राप्ति हुने अनुमान गरिएको छ । चालू आवबाट पाँच अर्ब मौज्दात रहने अनुमान पनि गरिएको छ । कोशीले आफ्नामातहतका कर्मचारीलाई साताको दुई दिन अनिवार्य कोशी प्रदेशमै उत्पादन हुने अल्लो, ढाकालगायतका कपडाहरूको पोसाक लगाउन प्रोत्साहन भत्ताको व्यवस्था गरेको छ ।

प्राथमिकतामा परेका कार्यक्रम

कोशीले पहाडी र हिमाली जिल्लामा घरसहितको जग्गा खरिद गर्दा कर छुट दिने नीति ल्याएको छ । यस्तै, उद्योगको नाममा जग्गा खरिद गर्दा ४० प्रतिशत कर छुट पाइने भएको छ । एक सयदेखि तीन सयलाई रोजगारी दिने उद्योगलाई ४० र तीन सय देखिमाथि रोजगारी दिने उद्योगलाई जग्गा खरिदमा ५० प्रतिशत कर छुट दिने बताइएको छ । यसैगरी, लगानी सम्मेलनमा सम्झौता भएका उद्योगको लिखित दर्तामा ७५ प्रतिशत छुट बजेटमा उल्लेख छ । स्वास्थ्य परीक्षणमा वृद्धवृद्धा, विपन्न, अपांग र कडा रोगका बिरामीलाई प्रदेश स्वास्थ्य प्रयोगशालामा ९० प्रतिशत छुट दिने नीति पनि रहेको छ ।

प्रदेश आमसञ्चार प्रतिष्ठानलाई चार करोड, सक्षम छोरी कार्यक्रमलाई सात करोड, म अघि बढ्छु युवा कार्यक्रमलाई दुई करोड, मनमोहन प्राविधिक विश्वविद्याललाई ३० करोड, एकीकृत पदमार्गलाई १२ करोड र कोशी पर्यटन भ्रमण वर्षलाई १२ करोड १२ लाख विनियोजन गरिएको छ । यस्तै, २५ लाखभन्दा बढीका अधुरा खानेपानी आयोजना सम्पन्न गर्न दुई करोड २५ लाख, बहुवर्षे खानीपानी आयोजनाका लागि २४ करोड, जनता आवासलाई चार करोड ५० लाख, स्थानीय सडक निर्माण चार अर्ब, गिरिजाप्रसाद क्रिकेट रंगशालाई पाँच करोड, युवालाई एआई क्षमता कार्यक्रममा दुई करोड र आइटीपार्कलाई दुई करोड विनियोजन गरिएको छ ।

गर्भवतीलाई निःशुल्क उपचार

प्रादेशिक अस्पतालमा गर्भवती महिला र १२ वर्षमुनिका बालबालिकालाई निःशुल्क उपचार गर्ने नीति पनि ल्याएको छ । आइतबारको सार्वजनिक बिदा पुनरावोलन गर्ने, मुख्यमन्त्री सम्मेलन आयोजना गर्ने, प्रदेशका युवालाई सरकारी सेवामा भित्र्याउन 'ट्यालेन्ट हन्ट' कार्यक्रम गर्ने र कोशी प्रदेशमा ज्योतिष तान्त्रिक अध्यन केन्द्र स्थापना गर्ने पनि घोषणा गरिएको छ ।

मधेशका युवालाई सय दिन रोजगारीको ग्यारेन्टी

लुम्बिनी, जानकी मन्दिर र अयोध्यालाई जोडेर सीमापार पर्यटनको विकास गरिने


युवराज भट्टराई
अर्थमन्त्री, मधेश

मधेश प्रदेश सरकारले युवामा बढ्दो बेरोजगारीलाई सम्बोधन गर्न १८ देखि ३५ वर्ष उमेर समूहका युवालाई लक्षित गरी 'सयदिने रोजगार ग्यारेन्टी कार्यक्रम' सञ्चालन गर्ने भएको छ । मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट सार्वजनिक गर्दै यस्तो घोषणा गरेका हुन् । उनले सोमबार प्रदेश सभामा आगामी आवको लागि ४९ अर्ब २४ करोड १४ लाख रुपैयाँको बजेट सार्वजनिक गरेका छन् । चालू आव ०८२/८३ मा कुल ४६ अर्ब ९८ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको मधेशले आगामी बजेट ४.८० प्रतिशतले बढाएको हो ।

चालू खर्चतर्फ १४ अर्ब ४१ करोड ४४ लाख रुपैयाँ, पुँजीगत खर्चतर्फ ३२ अर्ब ७२ करोड २४ लाख छुट्याइएको छ । बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनमा आन्तरिक राजस्वबाट ११ अर्ब २२ करोड ७५ लाख प्राप्त हुने अनुमान गरिएको छ । यस्तै, राजस्व बाँडफाँटबाट १२ अर्ब ८३ करोड, वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब ४९ करोड ५९ लाख र गत आर्थिक वर्षको नगद मौज्दातबाट ६ अर्ब आठ करोड ५२ लाख परिचालन गरिने बजेटमा उल्लेख छ । सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन प्रदेश प्रहरी भर्नाका लागि आवश्यक बजेट विनियोजन गरिएको अर्थमन्त्री भट्टराईले बताए । विगतमा चर्चित बनेको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम'लाई समयानुकूल परिमार्जन गर्दै नयाँ स्वरूपमा सञ्चालन गरिने घोषणा गरिएको छ ।

धनुषास्थित जानकी मन्दिर, बाराको गढीमाई मन्दिर, पर्सास्थित पर्सा वन्यजन्तु आरक्ष, सप्तरीको छिन्नमस्ता भगवती मन्दिर, महोत्तरीस्थित रौजा मजार तथा रौतहटको शिवनगर क्षेत्रलाई आपसमा जोडेर धार्मिक तथा सांस्कृतिक सर्किटको विकास गरिने भएको छ ।

त्यस्तै, लुम्बिनी, जानकी मन्दिर र अयोध्यालाई जोडेर धार्मिक तथा सांस्कृतिक महत्त्वका गन्तव्यबिच सीमापार पर्यटनको विकास गरिने भएको छ । प्रदेश सरकारले सरकारी खर्चमा मितव्ययिता अपनाउने नीतिअन्तर्गत नयाँ सवारीसाधन खरिदमा समेत रोक लगाएको छ ।

बागमतीमा पुरानै कार्यक्रमलाई निरन्तरता

■ आठ मन्त्रालयलाई विनियोजन गरिएको बजेट

आन्तरिक मामिला, कानुन तथा सहकारी	७२ करोड ७७ लाख ५७ हजार
उद्योग, पर्यटन, श्रम तथा यातायात	५ अर्ब ३७ करोड, ५५ लाख ७४ हजार
कृषि, पशुपक्षी, वन तथा वातावरण	६ अर्ब ७१ करोड ७७ लाख २४ हजार
स्वास्थ्य तथा सामाजिक विकास	९ अर्ब ६६ करोड २ लाख ३९ हजार
खानेपानी, ऊर्जा तथा सिँचाइ	८ अर्ब ९० करोड ६१ लाख ८५ हजार
भौतिक पूर्वाधार विकास मन्त्रालय	२५ अर्ब ६० करोड ४८ हजार
आर्थिक मामिला तथा योजना	१८ करोड २६ लाख ४७ हजार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१ करोड १८ लाख ५९ हजार


प्रभात तामाङ
आर्थिक मामिलामन्त्री, बागमती

बागमती प्रदेशले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ६६ अर्ब ९४ करोड ३३ लाख ३३ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । बागमती प्रदेशको आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले सोमबार सार्वजनिक गरेको बजेट चालू आवको तुलनामा ०.७९ प्रतिशत कम हो । चालू आव ०८२/८३ मा ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँको बजेट विनियोजन गरिएको थियो । आगामी आवको कुल बजेटमध्ये ४३ अर्ब ९७ करोड १४ लाख (६५.६९ प्रतिशत) पुँजीगततर्फ र २२ अर्ब ९६ करोड १९ लाख (३४.३१ प्रतिशत) चालूतर्फ विनियोजन गरिएको छ । बजेटको स्रोत व्यवस्थापनतर्फ कर राजस्वबाट ३० अर्ब १५ करोड ६ लाख, अन्य राजस्व (सेवा शुल्क, दस्तुर, प्राकृतिक स्रोत तथा अन्य गैरकर) बाट सात अर्ब ७३ करोड ९९ लाख प्राप्त हुने अनुमान छ । संघीय सरकारबाट वित्तीय हस्तान्तरणमार्फत १५ अर्ब ३१ करोड ४८ लाख, चालू आवको सञ्चित कोषबाट १२ अर्ब ७६ करोड ७९ लाख प्राप्त हुने अनुमान छ । बागमती प्रदेश सरकारले विगतमा जस्तो संसद् विकास कोषमार्फत नभई सोझै प्रत्यक्ष सांसदहरूलाई पाँच करोड र समानुपातिकलाई तीन करोडको योजना छुट्याइएको छ । आर्थिक बर्ष ०८३/८४ को बजेटमा सांसदहरूका लागि चार अर्बभन्दा बढी बजेट छुट्याएको हो ।

लोकरिझाउने घोषणा

मुख्यमन्त्री विपन्न आवास कार्यक्रम, बृहत्तर हेटौंडा अवधारणा, पहिले मर्मत त्यसपछि निर्माण, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम, डिजिटल क्राइम ट्र्याकिङ सिस्टम, घुमौं बागमती : बुझौं संस्कृति, एक वडा एक कृषि उत्पादन कार्यक्रम, प्रांगारिक मल : माटोको बल, युवाहरूमा सिर्जनशीलता : रोजगारी र उद्यमशीलता, चेपाङ, चिउरी र चमेरो कार्यक्रम, एक विद्यालय एक नर्स, एक जिल्ला एक स्वस्थ्य सहर, एक स्थानीय तह, एक नमुना स्वास्थ्य संस्था, काडमाडौंमा मेट्रोरेल सञ्चालन सम्भाव्यता अध्ययन र हेलो सिएम डेस्क ।

गण्डकीको प्राथमिकतामा कृषि र पर्यटन


जितप्रसाद शेरचन
आर्थिक मामिलामन्त्री, गण्डकी

गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जितप्रसाद शेरचनले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ३२ अर्ब ९९ करोड ९९ लाखको बजेट ल्याएका छन् । चालू आर्थिक वर्ष ०८२/०८३ मा कार्यान्वयन भइरहेको ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजारभन्दा आगामी बजेट एक अर्ब दुई करोडले बढी हो । बजेटमा चालूतर्फ १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार (३८.५६ प्रतिशत), पुँजीगततर्फ २० अर्ब दुई करोड ६१ लाख २२ हजार (६०.६८ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ २५ करोड (०.७६ प्रतिशत) विनियोजन गरिएको छ ।

बजेटमा खर्च व्यहोर्ने स्रोतमध्ये संघीय बजेटबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट सात अर्ब ८४ करोड ८२ लाख, राजस्व बाँडफाँटबाट १० अर्ब १६ करोड ४७ लाख ४८ हजार, रोयल्टी बाँडफाँटबाट ५१ करोड ४८ लाख, ससर्त अनुदानबाट तीन अर्ब ९३ करोड तीन लाख, समपूरक अनुदानबाट ५५ करोड ४६ लाख र विशेष अनुदानबाट ३९ करोड ५४ लाख प्राप्त हुने उल्लेख छ । त्यसैगरी आन्तरिक राजस्व परिचालनबाट पाँच अर्ब ८४ करोड १८ लाख ५२ हजार संकलन गर्ने लक्ष्य राखिएको छ । चालू आवको बजेटबाट दुई अर्ब बचत हुने र एक अर्ब ७५ करोड आन्तरिक ऋण परिचालनबाट पूर्ति गरिने अर्थमन्त्री शेरचनले बताए ।

बजेटमा समेटिएका कार्यक्रमहरू

कृषिलाई सम्मान, प्रतिष्ठा र समुन्नतिको आधारका रूपमा स्थापित गरिने बजेटमा उल्लेख छ । 'मनाङ, मुस्ताङको स्याउ, नवलपुरको धान, स्याङ्जाको सुन्तला, गण्डकीको सान' भन्ने नारालाई अघि सारिएको छ । त्यस्तै, रैथाने बाली रोपौं, स्वास्थ्य र पर्यावरण बचाऔं अभियान, रिटर्न टु भिलेज अभियान सञ्चालन, कृषिमा युवालाई आकर्षित गर्न कृषि ऋणमा ब्याज अनुदान, न्यूनतम समर्थन मूल्य कार्यान्वयन र व्यावसायिक कृषि प्रवर्द्धन, पहाडी क्षेत्रको दुई हजार पाँच सय हेक्टर जमिनमा ओखर, मेकाडेमिया नटलगायतका काष्ठफल र किवी, स्याउ, सुन्तला, एभोकाडोलगायतका फलफूलको व्यावसायिक बर्गैंचा विस्तार गर्ने उल्लेख छ । पर्यटकीय गन्तव्यमा पूर्वाधार विकास, पदमार्ग निर्माण तथा स्तरोन्नति र पर्यटनमैत्री सेवाको विकास र विस्तार, पर्यटन प्रवर्द्धन गर्न 'पहिला घरदेश : अनि परदेश' कार्यक्रम घोषणा गरिएको छ । लेक टु लेक कार्यक्रम, गण्डकी जाऔं : प्रकृति र संस्कृतिसँग रमाऔं अभियान, उद्यमशीलता विकास, दामोदर कुण्ड-मुक्तिनाथ-गलेश्वर-पञ्चकोट-रिडी-रामदी-केलादिघाट-देवघाट-त्रिवेणीधाम जोड्न धार्मिक पर्यटन परिपथ विकास गर्ने कार्यक्रम ल्याइएको छ ।

१२ महिना यातायात सञ्चालन हुने सडक

राइड सेयरिङ सेवाको व्यवस्थापन, नियमन तथा प्रभावकारी कार्यान्वयन, प्रमुख प्रादेशिक सडकमा १२ महिना यातायात सञ्चालन गर्न सडक विस्तार तथा पुल निर्माण, पक्कीपुल निर्माण नभएका जोखिमपूर्ण क्षेत्रमा बेलिब्रिज, ग्रामीण क्षेत्रलाई झोलुंगेपुल र एग्रो ट्रेल, ट्रस ब्रिजमार्फत सडक र बजारसँग जोड्ने, नमुना बस्तीअन्तर्गत आदर्श-ग्राम सञ्चालनलगायत कार्यक्रम ल्याइएको छ । सडक तथा पुलको संरक्षण र व्यवस्थापनका लागि नियमित, सडक सुरक्षा पूर्वाधार कार्यक्रम, पोखरादेखि बुटवलसम्म निजी क्षेत्रसँगको सहकार्यमा प्रदेश द्रुत लोकमार्गको सम्भाव्यता अध्ययनसँगै भौतिक पूर्वाधार विकास तथा यातायात क्षेत्रका लागि ११ अर्ब ९६ करोड छुट्याइएको छ ।



लुम्बिनीमा सहिद परिवारलाई विशेष व्यवस्था


धनेन्द्र कार्की
आर्थिक मामिलामन्त्री, लुम्बिनी


लुम्बिनीमा आगामी आर्थिक वर्ष ०८३/०८४ का लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट पेस गरिएको छ । सोमबार प्रदेश सभामा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले पुँजीगतर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार (६० दशमलव ७७ प्रतिशत) र चालूतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार (२९ दशमलव ७३ प्रतिशत) विनियोजन गरेका छन् । त्यस्तै, वित्तीय व्यवस्थापनतर्फ तीन अर्ब ५५ करोड ५२ लाख (९ दशमलव ५० प्रतिशत) बजेट विनियोजन गरिएको छ ।

आगामी आवमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट ६ अर्ब ६१ करोड ८५ लाख, संघीय बजेटको राजस्व बाँडफाँटबाट १२ अर्ब ३१ करोड ८४ लाख र रोयल्टीबापत ३० करोड प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी, संघीय बजेटबाटै वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ५६ करोड २६ लाख, ससर्त अनुदानबाट चार अर्ब ४५ करोड ६६ लाख, समपूरक अनुदानबाट ७६ करोड ५० लाख, विशेष अनुदानबाट ६३ करोड ३४ लाख र चालू आर्थिक वर्षको नगद मौज्दातबाट तीन अर्ब ७३ करोड परिचालन हुने अनुमान गरिएको छ ।

बजेटमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन र ०८२ भदौ २३ र २४ को जेन-जी आन्दोलनका सहिदका पति-पत्नी, माता-पिता, छोरा-छोरीको नाममा स्वामित्व हस्तान्तरण हुने लिखतमा सबै प्रकारका शुल्क पूर्ण रूपमा छुट दिने व्यवस्था गरिएको छ । मदिराजन्य र सुर्तीजन्यबाहेकका सबै प्रकारका उद्योग दर्ता र नवीकरणमा हालसम्म लिइँदै आएको दस्तुरलाई शतप्रतिशत छुट दिइएको छ । नदीजन्य पदार्थ प्रशोधन गरी ढुंगा, गिट्टी, बालुवा, धुलो, ग्राभेल उत्पादन गर्ने क्रसर तथा खानी उद्योगहरूलाई वर्गीकरणअनुसार वातावरणीय सेवा शुल्क लगाउने व्यवस्था गरिएको छ ।

निजी तथा कबुलियती वनबाट व्यावसायिक रूपमा काठ-दाउरा बिक्री गर्दा मूल्यको तीन प्रतिशत र वन पैदावार आपूर्ति समितिबाट बिक्री हुँदा २५ प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था, जलविद्युत्, सौर्य ऊर्जा, चिया, कफी, कपास, पुष्प व्यवसाय, तरकारी खेती, अलैंची, जडीबुटी खेती एवं फलफूल बर्गैंचा, पशुपक्षीपालनको नाममा जग्गा खरिद गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुरमा ५० प्रतिशत छुट दिइएको छ । प्रदेशका शाखा अधिकृत वा आठौं तहसम्मका कर्मचारीलाई मासिक तीन हजार यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

कर्णालीको ५८ प्रतिशत बजेट विकास निर्माणमा


राजीवविक्रम शाह
आर्थिक मामिलामन्त्री, कर्णाली

कर्णालीका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजारको बजेट सार्वजनिक गरेका छन् । यो चालू आव ०८२/८३ मा कार्यान्वयन भइरहेको ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजारको तुलनामा ७.२८ प्रतिशतले बढी हो । प्रदेश सरकारले आगामी आवका लागि चालूतर्फ आठ अर्ब ६० करोड ४५ लाख (२४.३१ प्रतिशत), पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख (५८.३१ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ ५० करोड (१.४१ प्रतिशत) बजेट छुट्याएको छ । बजेटको स्रोततर्फ आन्तरिक आय ८५ करोड पाँच लाख ९० हजार, चालू आर्थिक वर्षमा खर्च नभई बचत हुने करिब ६ अर्ब ४१ करोड ५१ लाख परिचालन गर्ने मन्त्री शाहले बताए ।


त्यस्तै, संघीय सरकारबाट राजस्व बाँडफाँटअन्तर्गत प्राप्त १० अर्ब ६६ करोड ५० लाख ४९ हजार, वित्तीय समानीकरण अनुदान १० अर्ब ६३ करोड २३ लाख, ससर्त अनुदानतर्फ पाँच अर्ब ६७ करोड २५ लाख रुपैयाँ परिचालन गर्ने मन्त्री शाहले बताए । आगामी वर्ष समपूरक अनुदान ६६ करोड ७८ लाख र विशेष अनुदान ४८ करोड ५६ लाख रुपैयाँ प्राप्त हुने उनले बताए ।

बजेटमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका लागि १० अर्ब ९३ करोड ८१ लाख विनियोजन गरिएको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका लागि दुई अर्ब ४६ करोड ४९ लाख ७४ हजार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई दुई अर्ब ५२ करोड ८७ लाख ६८ हजार, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयलाई चार अर्ब ८१ करोड ९५ लाख ८६ हजार, सामाजिक विकास मन्त्रालय ६ अर्ब १० करोड पाँच लाख ९५ हजार र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि ३७ करोड पाँच लाख रुपैयाँ विनियोजन गरिएको मन्त्री शाहले बताए ।

कर्णालीको बजेटमा दिगो आर्थिक वृद्धिमार्फत रोजगारी र आय वृद्धि गर्नु, सामाजिक न्याय र समुन्नति हासिल गर्नु, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण गर्नु, आधुनिक प्रविधियुक्त दक्ष र उत्पादनशिल मानव पुँजी निर्माण गर्नु, सार्वजनिक प्रशासनमा सुधार गरी सुशासन कायम गर्नु र बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता कायम गर्नु रहेको मन्त्री शाहले बताए ।

विवादबिच मध्यरातमा सुदूरपश्चिमको ३७.७० अर्बको बजेट

आन्तरिक स्रोतबाट एक अर्ब ७२ करोड उठाउने, **दुग्ध कारखाना स्थापना गर्न ५ करोड बजेट**


विक्रमसिंह धामी
आर्थिक मामिलामन्त्री, सुदूरपश्चिम

सुदूरपश्चिम प्रदेश सरकारले सोमबार मध्यराति बजेट सार्वजनिक गरेको छ । सत्तारुढ दलहरूबिच नै विवाद चर्किएपछि मन्त्रिपरिषद् बैठक बस्न ढिला हुँदा बजेट मध्यरातमा ल्याइएको हो । एमालेले प्रस्ताव गरेका कार्यक्रमहरू बजेटमा नपरेको भन्दै विरोध भएपछि सोमबार अपराह्न ५ बजे बस्ने भनेको प्रदेश सभा बैठक स्थगित गरिएको थियो । विशेषगरी एमालेले आफूले सिफारिस गरेका कार्यक्रम तथा योजना बजेटमा अपेक्षाअनुसार नसमेटिएको भन्दै असहमति जनाएको थियो । एमालेले योजना थप गर्न तथा आफूले नेतृत्व गरेको भौतिक पूर्वाधार विकासलगायत मन्त्रालयको बजेट बढाउनुपर्ने दबाब दिएपछि सत्तापक्षमा विवाद उत्पन्न भएको थियो । त्यसपछि राति नौ बजे प्रदेश सभा बस्ने भनिए पनि राति साढे ११ बजेपछि मात्रै बैठक सुरु भएको थियो । करिब पौने १२ बजे राति प्रदेशका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले बजेट पेस गरेका थिए । यद्यपि, बैठक नेकपा र राप्रपाले बहिष्कार गरे ।

मध्यरातमा सुदूरपश्चिम प्रदेशले ३७ अर्ब ७० करोड रुपैयाँको बजेट ल्याएको छ । चालू आवका लागि सुदूरपश्चिमले ३३ अर्ब ४७ करोड ६० लाख रुपैयाँको बजेट ल्याएको थियो । त्योभन्दा १२.६१ प्रतिशत ठुलो बजेट ल्याइएको छ ।

सुदूरपश्चिम प्रदेशले कृषि, उद्योग, निजी क्षेत्र, समानतालाई बजेटमा केन्द्रमा राखेको छ । सुदूरपश्चिमले हलगोरु पाल्ने किसानलाई अनुदान दिन एक करोड ८० लाख विनियोजन गरेको छ ।

धुलो दुग्ध कारखाना स्थापना गर्न भने पाँच करोड बजेट विनियोजन गरिएको छ ।

यसैगरी सहकारी क्षेत्र, मुक्त कमैया हलिया आयआर्जनमा सहयोग गर्न चार करोड विनियोजन गरिएको छ ।

यस्तै, बाल विवाहविरुद्धको अभियानमा एक करोड बजेट विनियोजन गरिएको छ । सवारी लाइसेन्सको डिजिटल अर्काइभ राख्ने गरी काम गर्ने पनि बजेटमा उल्लेख छ ।

कुमारी बैंकले पायो प्लाटिनम अवार्ड

काठमाडौं/ कुमारी बैंकले प्लाटिनम अवार्ड जितेको छ। बैंकले अन्तर्राष्ट्रियस्तर अवार्डको प्रतिष्ठित 'इन्फोसिस फिनाकल इनोभेसन अवार्डस्-२०२६' अन्तर्गत व्यावसायिक मोडेल नवप्रवर्तनतर्फ प्लाटिनम अवार्ड प्राप्त गरेको हो। यो सम्मान बैंकले कार्यान्वयन गरेको ग्राहक पहिचान तथा अनुपालन प्रक्रियासम्बन्धी उल्लेखनीय पहलका लागि प्रदान गरिएको बताइएको छ।

इन्फोसिस फिनाकलद्वारा प्रत्येक वर्ष आयोजना गरिने यो अवार्ड कार्यक्रम विश्वभरका बैंक तथा वित्तीय संस्थाका उत्कृष्ट नवप्रवर्तन र रूपान्तरणका अभ्यासको कदर गर्न सञ्चालन



हुँदै आएको छ। यस वर्ष नौ विधामा पाँच सयभन्दा बढी आवेदन परेका थिए। जसबाट कुमारी बैंकले आफ्नो केवाइसी कार्यप्रवाह अनुपालन प्रणालीमार्फत उत्कृष्ट प्रदर्शन गर्दै प्लाटिनम सम्मान प्राप्त गरेको हो।

उक्त प्रणालीले ग्राहक पहिचान प्रक्रियालाई छरितो, सुरक्षित र प्रभावकारी बनाउनुका साथै नियामकीय मापदण्डहरूको कडाइका साथ पालना गर्न सहयोग पुऱ्याएको बताइएको छ। साथै, डिजिटल प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई थप पारदर्शी र भरोसायोग्य बनाउन योगदान पुगेको बैंकले जनाएको छ। 'यस अन्तर्राष्ट्रिय सम्मानसँगै बैंकले नवप्रवर्तनमार्फत सुरक्षित, भरपर्दो र ग्राहककेन्द्रित बैंकिङ सेवा प्रदान गर्ने आफ्नो प्रतिबद्धता थप सुदृढ बनाएको छ,' बैंकले भनेको छ।

प्रहरी कार्यालयलाई मुक्तिनाथ विकास बैंकको सहयोग सामग्री



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले विभिन्न जिल्लाका प्रहरी कार्यालय, इलाका प्रहरी तथा ट्राफिक प्रहरी कार्यालयलाई आवश्यक पर्ने कार्यालय सामग्री सहयोग गरेको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत समुदायको सुरक्षा तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउन उक्त सहयोग गरेको बताइएको छ।

बैंकले दाङको घोराही, धादिङ, काँकडभिट्टा र झापाका जिल्ला प्रहरी कार्यालय तथा र बाँकेको साईगाउँ प्रहरी चौकीलाई कम्प्युटर, फर्निचर तथा कार्यालय सामग्री हस्तान्तरण गरेको हो। साथै, ट्राफिक जिल्ला प्रहरी कार्यालय बर्दिया, गुलरियालाई रोड डिभाइडर र सचेतनामूलक बोर्ड सहयोग गरेको छ। उक्त सहयोगले प्रहरी कार्यालयको प्रशासनिक कार्यसम्पादन, अभिलेख व्यवस्थापन तथा सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

बैंकका अनुसार स्थानीय आवश्यकता र समुदायको हितलाई केन्द्रमा राखेर सञ्चालन गरिएका यस्ता कार्यक्रममार्फत सामाजिक विकास, सुशासन तथा सार्वजनिक संस्थाको क्षमता अभिवृद्धिमा योगदान पुग्नेछ।

टिसिएलका पार्टी स्पिकर सार्वजनिक

काठमाडौं/ विश्वकप फुटबलको माहोललाई लक्षित गर्दै इलेक्ट्रोनिक्स ब्रान्ड टिसिएलले बजारमा नयाँ पोर्टेबल पार्टी स्पिकर टिपी-२०० के र टिपी-३०० के सार्वजनिक गरेको छ। कम्पनीका अनुसार शक्तिशाली अडियो, आकर्षक लाइट सो र आधुनिक कनेक्टिभिटी सुविधासहितका यी स्पिकर खेलप्रेमी तथा मनोरञ्जनका पारखीलाई लक्षित गरी बजारमा ल्याइएको हो।

टिसिएलले फुटबल समर्थकलाई घरमै स्टेडियमजस्तै ध्वनि अनुभव प्रदान गर्ने उद्देश्यले नयाँ स्पिकर सार्वजनिक गरेको जनाएको छ।



गोलको गर्जन, दर्शकको उत्साह र कमेन्ट्रीको रोमाञ्च यी स्पिकरमार्फत अझ स्पष्ट र शक्तिशाली रूपमा अनुभव गर्न सकिने कम्पनीको भनाइ छ। टिपी-२०० के घरेलु म्याच भ्युइङ, पारिवारिक जमघट तथा साना पार्टीका लागि उपयुक्त रहेको बताइएको छ। यसमा २२० वाट अडियो पावर, १२ घण्टासम्मको ब्याट्री ब्याकअप तथा पाँचवटा डायनामिक लाइट सो मोड उपलब्ध छन्।

त्यसैगरी, टिपी-३०० केमा ३४० वाटसम्मको अडियो आउटपुट, गहिरो बास र १८ घण्टासम्मको प्लेटाइम सुविधा उपलब्ध हुनेछ। कम्पनीका अनुसार यो मोडेल ठुला जमघट तथा आउटडोर सेलिब्रेसनका लागि उपयुक्त हुनेछ। यसमा आठवटा लाइट सो मोड समावेश गरिएको जनाइएको छ।दुवै मोडेलमा ब्लुटुथ ५.४, बास बुस्ट, वायरलेस पार्टी लिंक तथा आईपिएक्स-४ वाटर रेसिस्टेन्स सुविधा समावेश गरिएको छ।

सिजीको नयाँ वर्ष २०८३ उपहार योजनाका विजेता घोषणा



काठमाडौं/ इलेक्ट्रोनिक्स ब्रान्ड सिजीले आफ्ना साना घरायसी उपकरण (एसडिए) श्रेणीअन्तर्गत सञ्चालन गरेको 'एक्सपिरियन्स लाइफ विथ सिजी : भरोसा नेपालीको, उत्सव नयाँ वर्षको' अभियानका विजेता घोषणा गरेको छ। योजनामा झापा, भद्रपुरका रणधीर गुप्ता विजेता बनेका छन्। उनले सेट अफ प्रडक्ट्स प्राप्त गरेका छन्। कम्पनीका अनुसार गुप्ताले वैष्णवी पाथीभरा भाँडा पसलबाट सिजीका घरायसी उपकरण खदिर गरी योजनामा सहभागी बनेका थिए। गुप्तालाई कम्पनीका प्रतिनिधिले उपहार हस्तान्तरण गरेका छन्।

सिटिजन्स सदाबहार योजनाको सबै सेवा अनलाइनमार्फत



काठमाडौं/ सिटिजन्स म्युचुअल फन्डअन्तर्गत सञ्चालित खुलामुखी योजना 'सिटिजन्स सदाबहार योजना'को अनलाइन दर्ता तथा कारोबार प्रणाली सोमबारदेखि सञ्चालनमा आएको छ। सिटिजन्स क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड कोष प्रवर्द्धक रहेको योजनाअन्तर्गत लगानीकर्तालाई थप सहज, छिटो तथा प्रविधिमैत्री सेवा प्रदान गर्ने उद्देश्यले सेवा सञ्लानमा ल्याइएको बताइएको छ। योजनामा आबद्ध हुन इच्छुक लगानीकर्ताले अब डिजिटल माध्यमबाट योजनासँग सम्बन्धित विभिन्न सेवा सहज रूपमा प्राप्त गर्न सक्नेछन्। यस प्रणालीले लगानी प्रक्रियालाई थप सरल, सुरक्षित तथा प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

लगानीकर्ताले योजनाको एकाइ खरिदका लागि आवेदन तथा रकम भुक्तानी, एसआइपीमा दर्ता, एसआइपी किस्ता भुक्तानी, लाभांश पुनः लगानी योजनाजस्ता सुविधा अनलाइनमार्फत नै लिन सक्नेछन्। कार्यालय समय वा भौगोलिक दूरीको सीमाविना जहाँसुकैबाट सहज रूपमा योजनासम्बन्धी सेवा प्राप्त गर्न सकिने बताइएको छ। साथै, लगानी प्रक्रिया थप छिटो, सुरक्षित, पारदर्शी तथा प्रयोगकर्तामैत्री बन्ने अपेक्षा गरिएको छ।

सिटिजन्स क्यापिटल लिमिटेडले डिजिटल वित्तीय सेवाको विस्तार, लगानीकर्ताको पहुँच अभिवृद्धि तथा पुँजी बजारमा सहभागिता बढाउने आफ्नो रणनीतिअनुरूप यो प्रणाली सञ्चालनमा ल्याएको हो। कम्पनीले आगामी दिनहरूमा समेत प्रविधिमार्फत लगानीकर्तालाई थप नवीन, सहज तथा गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ। यो सिटिजन्स बैंक इन्टरनेसनलको सहायक कम्पनी हो।

मोतीविन्दु शल्यक्रिया गर्न आइएमई लाइफले गऱ्यो आर्थिक सहयोग



काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्सले मोतीविन्दुका बिरामीको निःशुल्क शल्यक्रियाका लागि सहयोग गरेको छ। कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत माट्रिका आई सेन्टरसँग सहकार्य गरी आर्थिक अभावका कारण वञ्चित सयजना बिरामीको शल्यक्रिया गर्न ६ लाख रुपैयाँ सहयोग गरेको हो। यो सहयोगबाट धनुषा र महोत्तरीका ग्रामीण क्षेत्रका एक सयजना मोतीविन्दु पीडित प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा राखिएको छ।

कम्पनीका उपकार्यकारी प्रमुख खिलेन्द्र पौडेलले स्वास्थ्य, शिक्षा तथा समुदाय विकासका क्षेत्रमा कम्पनीले निरन्तर योगदान गर्दै आएको उल्लेख गरे। साथै, उनले यो सहकार्यले आर्थिक अभावका कारण दृष्टि गुमाउने जोखिममा रहेका विपन्न नागरिकलाई नयाँ आशा प्रदान गर्ने विश्वास व्यक्त गरे। माट्रिका आई सेन्टरले विगतदेखि नै देशका विभिन्न जिल्लाहरूमा आँखासम्बन्धी स्वास्थ्य सेवा, मोतीविन्दु पहिचान तथा शल्यक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ। सेन्टरको अनुभव र विशेषज्ञतासँग आइएमई लाइफ इन्स्योरेन्सको सामाजिक प्रतिबद्धता जोडिँदा समुदायमा सकारात्मक प्रभाव सिर्जना हुने अपेक्षा गरिएको छ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८३/०३/०२)

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नं/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरिकाले गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्न परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र. सं	ऋणी/प्रोप्राईटर/शेयरधनी/संचालक/साझेदार/जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणीहरु : क) तेजस इन्टरनेशनल प्रा.लि. (अल्पकालीन कर्जा)** ,दर्ता नं. : २१८२०३/७५/०७६, ठेगाना : का.म.न.पा. ३२, काठमाडौं **ख) तेजस एक्जीम प्रा.लि. (विविध कर्जा),** दर्ता नं. : २२२९६३/०७६/०७७, ठेगाना : का.म.न.पा. १८, काठमाडौं **ग) रवि पोद्दार र विनोद पोखरेल (धितो कर्जा),** ठेगाना : जनकपुर २, धनुषा हाल धोविचौर क्षेत्रपाटी काठमाडौं **१. रवि पोद्दार** (ना.प्र.नं.३९६९५६९५, मिति २०५७/०२/०१ मा जि.प्र.का.धनुषाबाट जारी भएको), बाबु : गोपी कृष्ण पोद्दार, बाजे : हरि प्रसाद पोद्दार **२. विनोद पोखरेल** (ना.प्र.नं. १३९९२, मिति २०५४/०३/०८ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको), बाबु : केशव प्रसाद पोखरेल, बाजे : दुर्गा प्रसाद पोखरेल, **ऋण प्रवाह गर्ने शाखा : नयाँ बानेश्वर** **शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :** **१.रवि पोद्दार-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.३९६९५६९५, मिति २०५७/०२/०१ मा जि.प्र.का.धनुषाबाट जारी भएको) बाबु : गोपी कृष्ण पोद्दार, बाजे : हरि प्रसाद पोद्दार **२. विनोद पोखरेल-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १३९९२, मिति २०५४/०३/०८ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) बाबु : केशव प्रसाद पोखरेल, बाजे : दुर्गा प्रसाद पोखरेल **३. सुनिता पोखरेल-जमानीकर्ता** (ना.प्र.नं.४८५४, मिति २०५७/१२/०९ मा जि.प्र.का.काठमाडौंबाट जारी भएको) पति : विनोद पोखरेल, ससुरा : केशव प्रसाद पोखरेल **४. रचिता अधिकारी-जमानीकर्ता** (ना.प्र.नं.१०४५, मिति २०६४/०२/०७ मा जि.प्र.का.सिन्धुलीबाट जारी भएको) पति : रवि पोद्दार, ससुरा : गोपी कृष्ण पोद्दार
२.	**ऋणी : शम्भु कार्की (धितो कर्जा)** (ना.प्र.नं.१२/१८९५/१७८३, मिति २०६९/११/३० (प्रतिलिपि) र २०५२/०२/१० मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको), ठेगाना : कॉपिलाकोट ९, सिन्धुली हाल मरिण ६, सिन्धुली, बाबु : हरि बहादुर कार्की, बाजे : कर्ण बहादुर कार्की, **ऋण प्रवाह गर्ने शाखा : सिन्धुलीमाडी** **व्यक्तिगत जमानीकर्ता :** **डाक कुमारी** (ना.प्र.नं.११२७, मिति २०५७/०३/२८ मा जि.प्र.का.महोत्तरीबाट जारी भएको), पति : शम्भु कार्की, ससुरा : हरि बहादुर कार्की

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL
नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाडौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१-५९७०३३३
SWIFT : NSBINPKA

धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति २०८३/०३/०२

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीहरुले लिएको ऋण/कर्जाको साँवा, ब्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८३/०४/०७ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ। उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण बापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनुहुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं। बोलपत्र फारम यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.०० (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

तपसिल

शाखा कार्यालय : बरगाछी, मोरङ

कर्जा शिर्षक : कोष तथा गैह कोषमा आधारित विविध कर्जाहरु

ऋणी

नाम : वियानी एण्ड ब्रदर्स हार्डवेयर एण्ड मार्वल (साविकको न्यु सौरभ ट्रेडिङ्ग)
दर्ता नं. ३६०-०८०-०८१, दर्ता मिति : २०८०/११/२३
रजिष्टर्ड ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३, **प्रोप्राईटर : सौरभ कुमार वियानी**

जमानतकर्ताहरु

१. नाम : सौरभ कुमार वियानी	२. नाम : निर्जला खड्का
ना.प्र.नं. ०५१०६६/१०९८, जि.प्र.का. मोरङ	ना.प्र.नं. २२-०१-७५-००५७७, जि.प्र.का. दोलखा
जारी मिति : २०६६/१२/३१	जारी मिति : २०७५/०१/२६
बाबुको नाम : शुशिल कुमार वियानी	पतिको नाम : सौरभ कुमार वियानी
बाजेको नाम : रतन लाल वियानी	ससुराको नाम : शुशिल कुमार वियानी
स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १०	स्थायी ठेगाना : दोलखा जिल्ला, शैलुङ गा.पा. वडा नं. ६
हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३	हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी जिल्ला : ईलाम

न.पा./गा.वि.स./गा.पा. सावि	न.पा./गा.वि.स./गा.पा. हाल	वडा नं. सावि	वडा नं. हाल	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (रोपनी)	कैफियत
ईलाम	ईलाम	७	७	निर्जला खड्का	११४	३-१३-०-३	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
					३९९	१५-१२-३-३	
					४०२	१२-४-३-३	
					४०५	१-५-१-२	
					४०७	०-६-२-२	
					६४४	९-२-०-०	

बियानी एण्ड ब्रदर्स हार्डवेयर एण्ड मार्वलको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

शाखा कार्यालय : ईलाम

कर्जा शिर्षक : आवधिक कर्जा (व्यवसायिक कृषि)

ऋणी

नाम : श्रेष्ठ गाई फार्म
दर्ता नं. ०८, दर्ता मिति : २०७७/०४/२३
रजिष्टर्ड ठेगाना : ईलाम जिल्ला, देउमाई न.पा. वडा नं. १, **प्रोप्राईटर : केशव श्रेष्ठ**

जमानतकर्ताहरु

१. नाम : केशव श्रेष्ठ	२. नाम : चन्द्रमाया श्रेष्ठ
ना.प्र.नं. ०३-०१०-३/२६१, जि.प्र.का. ईलाम	ना.प्र.नं. १०२०२५/१८५९, जि.प्र.का. संखुवासभा
जारी मिति : २०६३/१०/१२	जारी मिति : २०६८/०३/१३
बाबुको नाम : भिम बहादुर श्रेष्ठ	पतिको नाम : केशव श्रेष्ठ
बाजेको नाम : रत्न मान श्रेष्ठ	ससुराको नाम : भिम बहादुर श्रेष्ठ
स्थायी ठेगाना : ईलाम जिल्ला, चमैता गा.वि.स. वडा नं. २	स्थायी ठेगाना : संखुवासभा जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ७
हालको ठेगाना : ईलाम जिल्ला, देउमाई न.पा. वडा नं. १	हालको ठेगाना : ईलाम जिल्ला, देउमाई न.पा. वडा नं. १

३. नाम : भिम बहादुर श्रेष्ठ
ना.प्र.नं. ७०८/२०९५, जि.का. ईलाम, जारी मिति : २०४४/१२/०४
बाबुको नाम : रत्न मान श्रेष्ठ, बाजेको नाम : टिका राम श्रेष्ठ
स्थायी ठेगाना : ईलाम जिल्ला, चमैता गा.प. वडा नं. २, हालको ठेगाना : ईलाम जिल्ला, देउमाई न.पा. वडा नं. १

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी जिल्ला : ईलाम

न.पा./गा.वि.स.	वडा नं.	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (रोपनी)	कैफियत
चमैता	४	भिम बहादुर श्रेष्ठ	१६०	५-०-२-३	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
ईलाम	६	केशव श्रेष्ठ	२२३५	०-३-०-२	
			२२५४	०-०-२-१	
			२२५६	०-१-१-१	

श्रेष्ठ गाई फार्मको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

शाखा कार्यालय : नेपालगञ्ज, बाँके

१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा
ऋणीहरु : गोपाल प्रसाद आचार्य र सिता देवी आचार्य

जमानतकर्ताहरु

१. नाम : गोपाल प्रसाद आचार्य	२. नाम : सिता देवी आचार्य
ना.प्र.नं. ९७७०, जि.प्र.का. बाँके	ना.प्र.नं. १५५२७, जि.प्र.का. बाँके
जारी मिति : २०६०/०३/३२ मा जारी भई मिति २०७०/०४/२१ मा प्रथम प्रतिलिपी जारी	जारी मिति : २०४५/१२/०७ मा जारी भई मिति २०७०/०४/२१ मा प्रथम प्रतिलिपी जारी
बाबुको नाम : रामनाथ आचार्य	पतिको नाम : राम नाथ आचार्य
बाजेको नाम : काशीराम आचार्य	ससुराको नाम : काशीराम आचार्य
स्थायी ठेगाना : बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३	स्थायी ठेगाना : बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३
हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११	हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११
३. नाम : सुर्य प्रसाद आचार्य	**४. नाम : राम नाथ आचार्य**
ना.प्र.नं. ६६१०१३/१०९१, जि.प्र.का. बाँके	ना.प्र.नं. १०३८१, जि.का. चितवन
जारी मिति : २०६६/०२/२४	जारी मिति : २०३३/०९/१७
बाबुको नाम : राम नाथ आचार्य	बाबुको नाम : काशीराम आचार्य
बाजेको नाम : काशीराम आचार्य	बाजेको नाम : खाडानन्द आचार्य
स्थायी ठेगाना : बाँके जिल्ला, कोहलपुर गा.वि.स. वडा नं. ३	स्थायी ठेगाना : चितवन जिल्ला, पार्वतिपुर गा.प. वडा नं. ५
हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११	हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११

५. नाम : रमेश चन्द (संचालक/संस्थापक शेयरधनी)
ना.प्र.नं. १९१६०, जि.प्र.का. बाँके, जारी मिति : २०६२/०३/१३
बाबुको नाम : खिम बहादुर चन्द, बाजेको नाम : भक्त बहादुर चन्द
स्थायी ठेगाना : बाँके जिल्ला, नौबस्ता गा.वि.स. वडा नं. २, हालको ठेगाना : बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. २

धितोको विवरण

जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : लुम्बिनी, जिल्ला : बाँके

न.पा./गा.वि.स./गा.पा. सावि	न.पा./गा.वि.स./गा.पा. हाल	वडा नं. सावि	वडा नं. हाल	धितो सुरक्षण धनिको नाम	कित्ता नं.	क्षेत्रफल (बिगाहा)	कैफियत
चटार	कोहलपुर	३	११	सिता देवी आचार्य	३७४	०-०-१५-०	घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत।
					३७६	०-०-५-०	
					१८६	०-०-१४-०	
					१९७	०-०-७.५-०	
					१८५	०-०-६-०	
					३७५	०-२-२-०	
					३७७	०-०-१.५-०	

१. माथि उल्लेखित धितो सम्पत्तिहरु न्यू कालिका कंक्रिट ब्लक एण्ड सिमेन्ट टायल उद्योग (हाल कर्जा चुक्ता भैसकेको) तथा गोपाल प्रसाद आचार्य र सिता देवी आचार्यले लिएको कर्जाको लागि मालपोत कार्यालय बाँकेमा रोक्का/धितोबन्धक कायम भई रिबायल कन्स्ट्रक्सन प्रा.लि. तथा रिबायल मटेरीयल सप्लायर्सले लिएको कर्जाको लागि समेत धितो कायम रहेको।
२. रिबायल कन्स्ट्रक्सन प्रा.लि. को मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति।

सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.
बरगाछी, मोरङ ०२१-४६४८१०, ईलाम ०२७-५२१७२४
नेपालगञ्ज, बाँके, ०८१-४१५१२५



का.जि.द.नं.१२८ / ०६३ ६४, म.के.हु.नि.द.नं. १७ / ०६१ / ०७०
नयाँ पत्रिका
मंगलबार २ असार ०८३
www.nayapatrikadaily.com

नवप्रवेशीसँग बराबरीमा स्पेन

एजेन्सी

फिफा विश्वकप फुटबल प्रतियोगितामा नवप्रवेशी केप भार्डेले पूर्वविजेता स्पेनलाई गोलरहित बराबरीमा रोकेको छ। अमेरिकाको एटलान्टास्थित एटलान्टा रंगशालामा समेबार केप भार्डेले बहादुरीपूर्वक स्पेनलाई बराबरीमा रोक्दै समूह 'एच'बाट महत्त्वपूर्ण १ अंक बटुल्न सफल भयो। २३औँ संस्करणको विश्वकपमा आफ्नो पहिलो खेलमै स्पेनले बराबरी खेलेपछि दोस्रो खेलमा दबाब सामना गर्नेछ।

यस समूहमा साउदी अरेबिया र उरुग्वे छन्। सन् २०१० को विश्वकप विजेता स्पेन फिफा वरीयतामा दोस्रो स्थानमा छ। पछिल्लो संस्करणको युरो विजेतासमेत रहेको स्पेनले कोप भार्डेविरुद्ध बल पोसेसन बलियो बनाए पनि गोल गर्न सकेन। विश्वकपको पहिलो सहभागितामै कोप भार्डेले बलियो डिफेन्स रणनीति अपनाउँदा स्पेन निराश बनेको हो।

उपाधि दाबेदारसमेत रहेको स्पेनविरुद्ध १ अंक दिलाउने क्रममा केप भार्डेका गोलरक्षक भोजिन्हाले उत्कृष्ट प्रदर्शन गरेका थिए। ४० वर्षीय गोलरक्षक भोजिन्हा खेल अवधिभरि उत्कृष्ट बचाउ गर्दै टोलीलाई विश्वकपकै आफ्नो पहिलो खेलमा १ अंक दिलाउन सफल रहे। उनले पहिलो हाफमा स्पेनको चार शतप्रतिशत गोल प्रयासलाई क्लियर गरेका थिए।

भोजिन्हाले दोस्रो हाफमा पनि दर्शनीय प्रदर्शन गरे। उनी नै खेलका म्यान अफ दी म्याच भए। स्पेनले ७४ प्रतिशत खेल आफ्नो नियन्त्रणमा राखेको थियो। स्पेनले केप भार्डेविरुद्ध आठवटा सर्ट अन टार्गेट प्रहार गरेको थियो। फिफाको ६४औँ स्थानमा रहेको केप भार्डेले प्राविधिक खेल प्रस्तुत गरेको थियो। बराबरी नतिजासँगै केप भार्डेका खेलाडीले ऐतिहासिक प्रदर्शन गरेको जनाउँदै खुसी मनाएका थिए।



दोस्रो हाफमा यामल र विलियम्सको प्रवेश

स्पेनिस ला लिगामा बार्सिलोनाका लागि गत सिजनमा उत्कृष्ट प्रदर्शन गरेका स्ट्राइकर लमिन यामल दोस्रो हाफमा मैदान प्रवेश गरेका थिए। स्पेनका मुख्य प्रशिक्षक लुइस लाले उनलाई पहिलो हाफमा बेन्चमा राखेका थिए। यामलको प्रवेशसँगै स्पेनले थप आक्रामक खेल प्रस्तुत गरेको थियो। यामल खेलको ७१औँ मिनेटमा मैदानमा प्रवेश गरेका हुन्। यसैगरी, प्रशिक्षक लुइसले मध्यान्तरपछि अर्का प्रमुख खेलाडी निको विलियम्सलाई मैदानमा छिराएका थिए। उनी खेलको ८६औँ मिनेटमा छिरेका थिए। दुई प्रमुख फिनिसर मैदानमा प्रवेश गरेपछि स्पेनले गोल गर्ने अनुमान थियो। तर, उनीहरूले पनि केप भार्डेको जबरर्जस्त डिफेन्स भत्काउन सकेनन्।

खेलको अन्तिममा यामल र विलियम्सले मौका पाएका थिए। यद्यपि, केप भार्डेका गोलरक्षकले उत्कृष्ट बचाउ गरी अन्तिमसम्म टोलीलाई बचाएका थिए। यामलले ह्यामस्ट्रिङका कारण स्पेनिस ला लिगाको अन्तिमतिरका खेल गुमाएका थिए। यद्यपि, बार्सिलोना ला लिगा च्याम्पियन हुँदा उनी नै प्रमुख खेलाडी बनेका थिए। 'यामल पूर्ण रूपमा फिट छन्। हामीले पहिलो हाफमा जोखिम उठाएनौँ,' प्रशिक्षक लुइसले भने, 'खेलको आवश्यकताअनुसारै उसलाई दोस्रो हाफमा मैदानभित्र प्रवेश गरायौँ।' खेलअगाडि नै प्रशिक्षक लुइसले यामललाई पहिलो सेटमा नखेलाउने बताएका थिए। उनले केप भार्डेविरुद्ध यामल उपलब्ध हुने जनाएका थिए।

नवप्रवेशी केप भार्डेको उत्कृष्ट प्रदर्शन

विश्वकपमा डेब्यु गरेको चार राष्ट्रमध्ये केप भार्डे पनि हो। एटलान्टाको मर्सिडिज बेन्ज रंगशालामा केप भार्डेले सन् २०१० को विश्वकप विजेता स्पेनविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो। विश्वकपकै अनुभवी तथा स्टार खेलाडीले भरिएको स्पेनविरुद्ध केप भार्डेले दुवै हाफमा दरिलो रक्षापंक्ति रणनीति बनाएको थियो। प्राप्त अवसरमा केप भार्डेले काउन्टर रणनीति अपनाएको थियो। पहिलो हाफमा केही राम्रा अवसर निकालेका थिए। यसविपरीत दोस्रो हाफमा केप भार्डे पूरै डिफेन्समा देखिएको थियो।

विश्वकपअघि केप भार्डेले अभ्यास खेलमा जित निकालेको थियो। यही आत्मविश्वासका साथ केप भार्डेले स्पेनविरुद्ध प्रदर्शन गऱ्यो। प्रशिक्षक बुबिस्टाले पहिलो रोजाइमा अनुभवी खेलाडीलाई उतारेका थिए। कप्तान रायन मेन्डेस र डेलोन लिभ्रामेन्टोले खेलमा नियन्त्रणमा राखेका थिए।

यामल विश्वकप खेल्ने युरोपकै कान्छा खेलाडी

स्पेनले केप भार्डेविरुद्ध गोलरहित बराबरी खेल्दा यामलले व्यक्तिगत रेकर्ड बनाएका छन्। उनी समग्र युरोपबाट विश्वकप खेल्ने सबैभन्दा कान्छा खेलाडी बनेका छन्। यसअघि उनले युरो- २०२४ खेल्दा प्रतियोगिताकै युवा खेलाडी बनेका थिए। केप भार्डेविरुद्ध विश्वकप डेब्यु गर्दा उनको उमेर १८ वर्ष ३३७ दिन रहेको छ। विश्वकपमा सन् २०२२ मा डेब्यु गर्दा इंग्ल्यान्डका जुडे वेलिंघमको उमेर १९ वर्ष १४५ दिन थियो। यामलले वेलिंघमको रेकर्ड तोडेका छन्।



खेल तालिका

समूह 'आई' | ३ असार | ००:४५
फ्रान्स vs सेनेगल

समूह 'आई' | ३ असार | ३:४५
इराक vs नर्वे

समूह 'जे' | ३ असार | ६:४५
अर्जेन्टिना vs अल्जेरिया

समूह 'जे' | ३ असार | ९:४५
अस्ट्रिया vs जोर्डन

समूह 'के' | ३ असार | २२:४५
पोर्चुगल vs डिआर कंगो

म्याच प्रिभ्यु

सेनेगलको सामना गर्दै फ्रान्स



साबिक उपविजेता फ्रान्सले अफ्रिकन राष्ट्र सेनेगलको सामना गर्दै छ। समूह 'आई'को पहिलो खेल मंगलबार मध्यरात हुनेछ। अमेरिकाको मेटलाइफ मैदानमा हुने प्रतिस्पर्धामा फ्रान्सको सेनेगललाई कमजोर प्रतिद्वन्द्वीका रूपमा नलिने योजना छ। २४ वर्षअघि एसियन भूमिमा भएको विश्वकपमा फ्रान्सले सेनेगलको प्रदर्शन बिर्सेको छैन। त्यसबेलाका प्रमुख खेलाडी डिडिएर अहिले फ्रान्सका प्रशिक्षक छन्।

सो विश्वकपमा सेनेगलले सनसनीपूर्ण नतिजा निकाली फ्रान्सलाई विश्वकपबाट बाहिर पठाएको थियो। जापान र दक्षिण कोरियाले आयोजना गरेको विश्वकपमा फ्रान्स साबिक विजेताका रूपमा सहभागी भएको थियो। तर, सेनेगललाई कमजोर आँक्दा फ्रान्सले विश्वकपमा खराब रेकर्ड राख्यो। यसकारण फ्रान्सले यसपटक सेनेगलविरुद्ध सजक भएर प्रतिस्पर्धा गर्नेछ।

विश्वकपको तयारी फ्रान्सले उत्कृष्ट बनाएको छ। अभ्यास खेलमा फ्रान्सले आइभोरी कोस्टलाई २-१ र उत्तरी आयरल्यान्डमाथि ३-१ को जित निकालेको थियो। अभ्यास खेलअनुसार फ्रान्सको तयारी राम्रो देखिन्छ। प्रशिक्षक डिडिएरले कप्तान केलिएन एम्बाप्पे र ओस्मान डेम्बेलेलाई मुख्य खेलाडीका रूपमा मैदानमा उतार्नेछन्। यी दुवै खेलाडी उत्कृष्ट लयमा छन्। डेम्बेलेले पिएसजीलाई लगातार दुईपटक युरोपियन च्याम्पियन्स लिग उपाधि दिलाएका छन्।

उत्कृष्ट लयमा फ्रान्स

गत संस्करणको विश्वकपमा एम्बाप्पे निकै छाएका थिए। उनले फ्रान्सबाट ५६ अन्तर्राष्ट्रिय गोल गरिसकेका छन्। एम्बाप्पे र डेम्बेलेसँगै इब्राहिम कोनाटे, विलियम सालिबा, औरेलिय टिचौमेनी, वारेन जाइर एमेरी, मार्कुस थुरामजस्ता अनुभवी खेलाडी फ्रान्समा छन्। सेनेगलले लगातार तेस्रोपटक विश्वकपको अनुभव लिँदै छ। सेनेगल क्वार्टरफाइनलबाट माथि बढेको रेकर्ड छैन। सेनेगल कतारमा भएको विश्वकपमा प्रिक्वार्टरफाइनलबाट बाहिरिएको थियो। सन् २००२ पछि सेनेगल तीन संस्करणमा छनोट हुन सकेन।

सेनेगल अफ्रिकन कप अफ नेसन्स २०२१ को च्याम्पियन हो। सेनेगल अफ्रिकाकै सबैभन्दा बलियो टोलीमध्ये एक हो। उसले विश्वकपको तयारी क्रममा पेरु र गाम्बियालाई हराएको थियो। अन्तिम अभ्यास खेलमा सेनेगेलले साउदी अरेबियासँग गोलरहित बराबरी खेलेको थियो। फिफा वरीयताको १६औँ स्थानमा रहेको सेनेगल तेस्रो वरीयताको फ्रान्सलाई हराउन चाहन्छ। सेनेगलको टिममा साडियो माने, असाने डियाओ, कालिदोउ कोउलीबाली, निकोलस ज्याक्सन, चेरिफ एनडियाये र इद्रिसा गुएयेजस्ता खेलाडी रहेका छन्।

यस्तो पनि

खेलाडी र प्रशिक्षकका रूपमा विश्व च्याम्पियन



ब्राजिलका मारिनो जागलो, पश्चिम जर्मनीका फ्रान्ज बेकेनबाउर र फ्रान्सका डिडियर डेस्च्याम्पले खेलाडी र प्रशिक्षकका रूपमा विश्वकप उपाधि जितेका छन्। जागलोले सन् १९५८ र १९६२ मा खेलाडीका रूपमा ट्रफी जिते। त्यसपछि उनले प्रशिक्षकका रूपमा राष्ट्रलाई सन् १९७० मा उपाधि दिलाए। बेकेनबाउरले सन् १९७४ मा कप्तानका रूपमा विश्वकप जिते भने सन् १९९० मा प्रशिक्षक भएर उनले उपाधि हात पारे। डिडिएर सन् १९९८ मा फ्रान्सले उपाधि जित्दा खेलाडी थिए। उनले सन् २०१८ मा प्रशिक्षकका रूपमा विश्वकप जिते।

जर्मनी धेरैपटक तेस्रो

फिफा विश्वकपमा विजेता र उपविजेताको भन्दा तेस्रो स्थानको चर्चा कमै हुन्छ। ब्राजिल सर्वाधिक पाँचपटक च्याम्पियन हो। त्यस्तै, जर्मनी र इटाली समान चारपटक च्याम्पियन भएका छन्। योसँगै जर्मनीले सर्वाधिक धेरै (चारपटक) तेस्रो भएको कीर्तिमान बनाएको छ। जर्मनी सन् १९३४, १९७०, २००६ र २०१० मा तेस्रो भएको थियो। जर्मनीबाहेक ब्राजिल, फ्रान्स, स्विडेन, क्रोएसिया, पोल्यान्ड समान दुईपटक तेस्रो भएका छन्।


छैटौँपटक विश्वकप खेल्दै

विश्वकपमा कमैले लगातार ६ पटक सहभागिताको रेकर्ड राखेका छन्। २३औँ संस्करणमा तीन खेलाडीले लगातार छैटौँपटक विश्वकप खेल्नेछन्। यसमध्ये मेक्सिकोका राफेल मार्क्विजले यो सफलता हात पारेका छन्। उनले सन् २००२ देखि २०२६ सम्म विश्वकप खेलेर रेकर्ड बनाएका छन्। उनलाई पछ्याउनेमा अर्जेन्टिनी कप्तान लियोनल मेसी र पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डो छन्। विश्वकपमा एन्टोनिओ कार्बाजालले पहिलो खेलाडीका रूपमा लगातार पाँचपटक विश्वकप खेलेका थिए। उनले सन् १९५० देखि १९६६ सम्म खेले। जर्मनीका लाथोर माथ्युसले सन् १९८२ देखि १९९८ सम्म विश्वकप खेले।

च्याम्पियन उरुग्वे सहभागी भएन

सन् १९३० मा विश्वकप पहिलोपटक आयोजना हुँदा आयोजक राष्ट्र उरुग्वेले नै उपाधि जितेको थियो। दोस्रोपटक विश्वकप आयोजनामा उरुग्वेले उपाधि रक्षा गर्ने अपेक्षा थियो। तर, उरुग्वेले आन्तरिक विवाद देखाउँदै सन् १९३४ को विश्वकपमा भाग नै लिएन। साबिक विजेता विश्वकपमा सहभागी नभएको त्यो नै अहिलेसम्मको खराब रेकर्ड हो।

स्विडेनको सानदार जित



विश्वकपमा सोमबार बिहान स्विडेनले ट्युनिसियाविरुद्ध ५-१ को सानदार जित निकाल्यो। अर्को खेलमा जापानले नेदरल्यान्ड्सलाई २-२ को बराबरीमा रोकेको छ। खेलमा दुईपटक पछि परेको जापान उत्कृष्ट पुनरागमन गर्दै नेदरल्यान्ड्सविरुद्ध १ अंक खोस्न सफल भएको हो। यसैगरी चारपटकको विजेता जर्मनीले नवप्रवेशी कुरासाओमाथि ७-१ को सानदार जित निकालेको छ। अफ्रिकी राष्ट्र आइभरी कोस्टले इक्वेडरलाई १-० ले स्तब्ध पारेको छ। तस्बिर : एजेन्सी

प्लेयर्स टु वाच

केलिएन एम्बाप्पे (फ्रान्स)

एम्बाप्पे यसपटक गोल्डेन बुटका दाबेदारमध्ये एक हुन्। गोल्डेन बुट हात पार्न धेरै गोल गर्नुपर्छ। एम्बाप्पेको अगाडि सेनेगल छ। अफ्रिकाकै बलियो टोलीविरुद्ध एम्बाप्पेले कस्तो प्रदर्शन गर्छन् भन्ने प्रश्न छ। २७ वर्षीय एम्बाप्पेले सन् २०१८ मा फ्रान्सलाई पहिलो अवसरमै उपाधि दिलाएका थिए। उनले अहिलेसम्म फ्रान्सबाट ९८ खेलमा ५३ अन्तर्राष्ट्रिय गोल गरिसकेका छन्। पिएसजीपछि रियल म्याड्रिड पुगेसँगै उनीमा फरक खेल कौशल वृद्धि भएको छ। एम्बाप्पेले चार वर्षअघिको कतार विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेका थिए। त्यसबेला उनले अर्जेन्टनी कप्तान लियोनल मेसीलाई चुनौती दिएका थिए।





साडियो माने (सेनेगल)

गत संस्करणमा चोटका कारण मानेले विश्वकप गुमाएका थिए। साउदी प्रो-लिग अल नासरबाट व्यावसायिक फुटबल खेलिरहेका मानेले फ्रान्सको रक्षापंक्तिलाई चुनौती दिन सक्छन्। उनीसँग लिभरपुल र बायर्न म्युनिखजस्ता ठुला क्लबबाट खेलेको अनुभव पनि छ। ३४ वर्षीय स्ट्राइकर मानेको यो विश्वकप अन्तिम हुन सक्छ। फुटबलबाट सन्न्यास लिनुअघि उनी चालू विश्वकपमा सेनेगललाई राम्रो नतिजा दिलाउने प्रयासमा छन्। फ्रान्सको डिफेन्डरलाई दबाबमा राख्न मानेले चलाखीपूर्ण खेल खेल्नुपर्नेछ। उनलाई निकोलस ज्याक्सन, इलिमान एनडिए, इस्माइल सारजस्ता खेलाडीले साथ दिनेछन्।

जापानी खेलाडी र समर्थकले मन जिते


एजेन्सी

२३औँ विश्वकपअन्तर्गत सोमबार बिहान जापानले नेदरल्यान्ड्सको सामना गरेको थियो। युरोपकै शक्तिशाली राष्ट्र नेदरल्यान्ड्सविरुद्ध दुईपटक गोललले पछाडि रहँदा पनि जापानिज खेलाडीले उत्कृष्ट प्रदर्शन गर्दै खेल २-२ को बराबरीमा नतिजामा टुंग्याए। खेलमा नेदरल्यान्ड्सभन्दा जापानको धेरै चर्चा भयो। अन्तर्राष्ट्रिय मिडिया जापानको खेलको प्रशंसा गरेर थाकेनन्। उनीहरूले जापानले नेदरल्यान्ड्सलाई खेल अवधिभर दबाबमा राखेको बताए।

मैदानमा खेलाडीले आफ्नो ध्यान अन्तर्राष्ट्रिय मिडियामा केन्द्रित गरिरहँदा जापानिज समर्थकले पनि फरक किसिमको काम गरी प्रशंसा बटुलेका छन्। रंगशालामा फालिएका फोहोर आफैँ सफा गरेर जापानी समर्थक विश्वको ध्यानाकर्षित गर्न सफल भए। यसो त जापानिज समर्थक आफ्नो राष्ट्रको खेल जहाँ-जहाँ हुल्न्, त्यहाँ पुग्छन्। प्यारापिटमा अनुकरणीय काम गर्दा उनीहरू खुसी हुन्छन्।

नेदरल्यान्ड्सविरुद्धको खेलमा उनीहरूले यस्तै गरेका हुन्। उनीहरू मैदान वा प्यारापिट फोहोर भएको हेर्न सक्दैनन्। अरूले फ्याँकेको फोहोर पनि जापानिज समर्थकले आफ्नै झोलाभित्र राख्छन्। यसकारण जापानिज समर्थकलाई विश्वभरि नै सफा भन्छन्। एक किसिमले उनीहरूले रंगशालामा संस्कार नै बनाएका छन्।

> नेदरल्यान्ड्सलाई २-२ को बराबरीमा रोक्दै प्रशंसा बटुलेका जापानी समर्थक रंगशालामा फालिएका फोहोर सफा गरेर विश्वको ध्यानाकर्षित गर्न सफल भए



नेदरल्यान्ड्स र जापानका समर्थक रंगशालामा भरिएका थिए। युरोपेली राष्ट्र नेदरल्यान्ड्सका समर्थकले आफू बसेको स्थानमा फोहोर गरी फर्केका थिए। जापानसँगको जितेको खेल बराबरी नतिजामा टुंगिँदा नेदरल्यान्ड्सका समर्थक केही हदसम्म रिसाएका थिए। तर, जापानिज समर्थकले खानेकुरा र फालिएका प्लास्टिकका सामान टिपेर रंगशाला सफा गरेका थिए। जुन भिडियो र तस्बिर अहिले अन्तर्राष्ट्रिय मिडियामा भाइरल बनेको छ। विश्वकप इतिहासमा जापानले फ्रान्सले सन् १९९८ मा आयोजना गरेको संस्करणमा डेब्यु गरेको थियो। त्यसयता जापान निरन्तर विश्वकपमा छनोट भएको छ। सन् १९९८ देखि जापानिज समर्थकले रंगशाला सफा गर्दै आइरहेका छन्। यसका साथै उनीहरूले ओलम्पिक र हरेक अन्तर्राष्ट्रिय प्रतियोगितामा यस्तै अनुकरणीय काम गर्दै आइरहेका छन्। यसपटक अमेरिकामा विश्वकप हेर्न जापानले ६ हजार माइल्स यात्रा गरेको छ। टेक्सासको डालास सहरमा नेदरल्यान्ड्सविरुद्धको खेलका क्रममा जापानिज समर्थकले फोहोर राख्ने सर्यौँ प्लास्टिक ब्याग बोकेका थिए। खेल समाप्तिपछि उनीहरू सफा गर्दै रंगशालाबाट बाहिरिएका थिए।

विद्यालयदेखि नै शिक्षा

जापानीहरूले विद्यालयदेखि नै आफू बसेको स्थान सफा गर्नुपर्छ भन्ने शिक्षा पाएका हुन्छन्। यसलाई उनीहरूले जीवनभर नै पालना गर्छन्। ओसाका विश्वविद्यालयका समाजशास्त्रका प्राध्यापक स्कट नर्थले जापानिज समर्थक अरूभन्दा भिन्न रहेको बताउँछन्। 'उनीहरूलाई फोहोर मन पर्दैन। अरूले फोहोर गरे पनि सफा गर्छन्,' नर्थले भने, 'विश्वकपमा सहभागी अन्य राष्ट्रका समर्थकले पनि यस्तै गर्नुपर्छ। विद्यालयमै खेलपछि सरसफाइ गर्नुपर्ने सिकाइन्छ। उनीहरूको यो प्रमुख आधारभूत शिक्षा हो।'

जापानको विद्यालयमा विद्यार्थीले कक्षाकोठा र बरन्डा आफैँ सफा गर्छन्। सानैदेखि सिकेको बानीका कारण जो-कोही जापानिज जहाँ गए पनि सफा नगरी बस्न नसक्ने नर्थले बताए। 'जापानमा आफ्नो स्थान आफैँ सफा गर्नुपर्ने हुन्छ। उनीहरूले यो संस्कारलाई संसारसँग बाँड्ने चाहेका छन्,' नर्थले भने, 'फेरि विश्वकप यस्तो प्लाटफर्म हो, जहाँ संसारको नजर परेको हुन्छ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com